६४

अमर

# ज्योति

साहित्यिक त्रैमासिक



मङ्सिर-२०८१

(नेपाल विद्युत प्राधिकरणको साहित्यिक प्रकाशन)

SAVE OUR PLANET


नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
ESTD. 1985
NEPAL ELECTRICITY AUTHORITY
विद्युतीय भान्छा, विद्युतीय यातायात ।
स्वच्छ वातावरण, खर्चमा किफायत ।।

जि.प्र.का. काठ. द.नं. १७७/०७२/०७३

# अमर ज्योति

साहित्यिक त्रैमासिक

वर्ष : २१, पूर्णाङ्क ६४
(असोज–मङ्सिर, २०८१)


संरक्षक
**कुलमान घिसिङ**

प्रधान सम्पादक
**कृष्णदेव रिमाल 'शब्दसेना'**

कार्यकारी सम्पादक
**विष्णुप्रसाद आचार्य 'अतृप्त'**

सम्पादक समिति
**मुकुन्दप्रसाद प्रसाईं**
**आविष्कार कला**
**मिमन पुलामी**

व्यवस्थापक
**भोला शर्मा**
**रीता चालिसे (खनाल)**
**सङ्गीता अधिकारी (पौडेल)**
**शारदा भट्टराई पोखरेल**
**बलराम पुडासैनी**
**शारदा पराजुली**

आवरण कला
**उपेन्द्र शिवाकोटी**

सल्लाहकार
**मातृका पोखरेल**
**कुलप्रसाद पराजुली**
**वीरेन्द्र पाठक**
**केशवप्रसाद रूपाखेती**
**विष्णुबहादुर सिंह**
**पुण्य घिमिरे**
**रामेश्वर राउत 'मातृदास'**

**स्थानीय प्रतिनिधिहरू**
बद्री न्यौपाने, विराटनगर,
नवराज भट्ट, नेपालगन्ज
राजनप्रसाद प्याकुरेल, नुवाकोट
रामकुमार न्यौपाने, सिन्धुपाल्चोक
सि.बि.गर्तौला, इटहरी
मातृकाप्रसाद सङ्ग्रौला, झापा
लोकविक्रम मल्ल, सुदूरपश्चिम प्रदेश
खगेन्द्र अधिकारी, खोटाङ
सुशीला रायमाझी, हेटौंडा



प्रकाशक
**विद्युतकर्मी साहित्यिक समाज**
नेपाल विद्युत प्राधिकरण

सम्पर्क
रत्नपार्क, काठमाडौं, नेपाल
विद्युतीय ठेगानाः amarjyoti@nea .org .np, फोन नं. : ०१–४१५३०८९

मूल्य रू: १२०.००


*नोटः अमरज्योतिमा प्रकाशित रचनाको सम्पूर्ण जिम्मेवारी स्वयम् लेखकमा नै रहने छ ।*

# पर्या साहित्यको उभारः पर्यावरण सङ्कटको तारणहार

साहित्यले विविध जनरा(विधा/शैली) मा आकारित र अवतरित भएर समाज, राजनीति, मानव व्यवहार लगायतलाई विम्बित गर्दै आएको छ । उत्तर आधुनिकतावादका नवीन मूल्यहरूलाई आत्मसात गर्दै पछिल्लो समय नयाँ विषय-क्षेत्रहरू पनि साहित्यिक कलेवरमा सजिएर आउन थालेका छन् । एउटा यस्तै हरियो साहित्यिक अभियान हो- पर्या अर्थात् पर्यावरणीय साहित्य ।

प्रकृति र मानव बीच एकले अर्काको अस्तित्व सङ्कटमा नपार्ने अव्यक्त करार भएको हुन्छ । यस्तो करारीय दायित्वको परिपालनामा प्रकृति अधिकतर निष्ठावान् पनि देखिन्छ । तर मान्छे यसतर्फ पर्याप्त सजग हुन सकेको देखिँदैन । अतिक्रमणकारी शैलीमा प्रकृतिको दोहन र दहनमा उत्रनुको दण्डस्वरूप बाढी, पहिरो, प्रदूषण, सुनामी, अतिवृष्टि, अनावृष्टि, हिमताल बिस्फोट, कार्बन उत्सर्जन, खाद्यसङ्कट, स्वास्थ्य सङ्कट, ब्रम्हाण्डीय उष्णता आदि प्रकृतिका रौद्र रूप भोग्न मानिस अभिशप्त बन्दै आएको छ ।

पर्या साहित्य (इको लिट्रेचर)ले यिनै वातावरणीय समस्याहरूको कारण, निदान र उपचार खोज्छ । प्रकृति हाम्रो साझा घर हो; अस्तित्वको आधार हो, भर हो । त्यसैले जल, जमिन र अन्तरिक्ष सबैलाई तिनीहरूकै प्राकृतिक स्वभावमा अस्तित्वशील हुन दिए मात्र मानव, जीवजन्तु र वनस्पतिले स्वच्छ, शान्त र स्वस्थ वातावरणको उपभोग गर्ने अवसर पाउँछन् । पर्या साहित्य मूलतः यिनै सार्वजनिक सरोकारहरू वरिपरि परिभ्रमण गर्छ ।

विशेष गरी मानव र प्रकृति बीचको सम्बन्ध,जलवायु परिवर्तन, जैविक विविधता, वन्यजन्तु चोरी शिकारी, पर्यावरणसँग आदिबासीको साइनो, धर्मशास्त्र र पर्यावरणीय चेत, विकासले पुऱ्याउने वातावरणीय क्षय, ग्राम्यता र अप्रदूषित परिवेश, पर्या नारीवाद,पर्या राजनीति, जस्ता अनेकन विषयलाई थिम वा सारवस्तु बनाएर पर्या साहित्य सिर्जना गरिन्छ । जीवविज्ञान, वातावरण विज्ञान, सांस्कृतिकता र काव्यशिल्पको संयोजन पर्या साहित्यमा हुने भएकाले यो अन्तर्विषयात्मक प्रकृतिको हुन्छ ।

आजको युगमा जसरी भए पनि आर्थिक उन्नति र गरिबी निवारण गर्नुपर्छ भन्ने खैरो अर्थतन्त्र (ग्रे इकोनोमी) को अवधारणालाई इन्कार गर्न थालिएको छ । बदलामा,पर्यावरण र अर्थतन्त्र (इकोलोजी र इकोनोमी) को समानान्तर विकास गरिनु पर्छ भन्ने हरित अर्थतन्त्र (ग्रीन इकोनोमी) को नयाँ मान्यताले जरा गाडेको देखिन्छ । तसर्थ प्राकृतिक सम्पदाको फारो तरिकाले उपयोग गर्दै विकासात्मक गतिविधिलाई

बढोत्तरी गर्ने हरित अर्थतन्त्रको लक्ष्यलाई कार्यरूपमा उतार्नका लागि पर्या साहित्यको तीव्र विकास र विश्वव्यापी फैलावट आवश्यक देखिएको छ ।

पर्या साहित्य सर्जकको विश्वप्रतिको जिम्मेवारी बोधको उपज हो । यो प्रकृति चित्रण त हुँदै हो तर त्यति मात्र चाहिँ होइन । यो प्रकृतिको मानवीकरण र मानवको प्रकृतीकरण पनि हो; तर त्यति मात्र पनि होइन । यो प्रकृति र मानव मनोविज्ञान बीचको सम्बन्धको अध्ययन पनि हो तर त्यति मात्र पनि होइन । पर्या साहित्य वृहत् र वैविध्यपूर्ण त्यस्तो साहित्यिक फ्रेम हो, जहाँ वातावरण संरक्षण र सम्वर्द्धन प्रतिको चासोलाई कलामय भाषा र प्राञ्जल शैलीमा अभिव्यञ्जित गरिएको हुन्छ ।

त्यसो त वातारणविदहरूको अनुसन्धानमूलक लेख रचना, श्रव्य-दृश्य सामग्री आदिमा पर्यावरणीय चेतना जागृत गराउने पर्याप्त खुराक नपाइने होइन । तर यी माध्यमहरूबाट गरिने चेतनाको संचार निर्देशनात्मक र उपदेशात्मक प्रकृतिको हुने भएकाले यसले मस्तिष्कमा विचार लाद्नतिर मात्रै बल गर्छ । त्यही सामग्रीलाई मानसविम्बमा घोल्दै कलामय एवम् कल्पनामय बनाएर चित्ताकर्षक ढव-ढाँचाले युक्त साहित्यिक शैलीमा प्रस्तुत गरियो भने त्यसले मनलाई छुन्छ; पोषण प्रदान गर्छ र परिष्कार समेत गर्छ ।

हृदयलाई झङ्कृत गराई दिगो ज्ञान निर्माण गर्न एवम् प्राप्त ज्ञानलाई देखिने र महसुस हुने गरी आचरणमा समेत प्रकट गर्न कला जतिको बलशाली उत्प्रेरक अरू तत्त्व हुनै सक्तैन । सुकेको खरलाई आगोले स्वाट्टै छोएझैँ कलाले मान्छेको भित्री मनलाई एक क्षणमै छुने सामर्थ्य राख्छ । त्यसैले पर्यावरणप्रति न्याय गरिनु पर्छ भन्ने चेतना अभिवृद्धिका लागि साहित्येतर आलेख र प्राविधिक शब्दावलीमा गुजुल्टिएका विशिष्ट ग्रन्थहरूभन्दा साहित्य, सङ्गीत, चित्रकलालगायत कलाका ललित माध्यमहरू अब्बल ठहरिन सक्छन् ।

नेपाल विद्युत प्राधिकरण पर्यावरण संरक्षणको प्रमुख अभियन्ता हो । खास गरी सफा ऊर्जा उत्पादन मार्फत यसले वातावरण क्षयको सङ्कटबाट मुलुकलाई बचाउँदै आएको छ । यस संस्थाले केही वर्ष अघिदेखि प्रत्येक वर्षको साउन १५ गतेलाई वृक्षरोपण दिवसको रूपमा मनाएर हरियाली प्रवर्द्धनमा समेत योगदान गर्दै आएको छ । विद्युतकर्मी साहित्यिक समाज पनि नेपाल विद्युत प्राधिकरणकै मूल उद्देश्य परिपूर्ति गर्न स्थापित साहित्यिक संस्था भएकाले माउ संस्थाको लक्ष्यमा एकाकार भई पर्यावरणमैत्री चेत अभिवृद्धि गर्नु यसको पनि जिम्मेवारी र दायित्व हुन आउँछ ।

यिनै तथ्यहरूलाई मनन गरी यस अङ्कको सम्पादकीय, मूल लेख र आवरण पृष्ठमा पर्यावरण संरक्षण बारेका सरोकारहरू अभिव्यक्त भएका छन् । यद्यपि यस अङ्कमा पर्यावरणीय विषयको चञ्चु प्रवेश मात्र गरिएको छ । आगामी दिनमा कुनै एउटा अङ्कलाई 'पर्या साहित्य विशेषाङ्क'का रूपमा प्रकाशन गर्न हामी सतत क्रियाशील रहने नै छौँ ।

र, अन्त्यमा यस अङ्कका लागि लेख रचना उपलब्ध गराउनु हुने सर्जक/समीक्षकप्रति कृतज्ञता जाहेर गर्दछौँ । यस अङ्कमा सुधार गर्नुपर्ने पक्षहरू अनेक हुन सक्छन् । यस सम्बन्धमा विज्ञ पाठकहरूबाट उचित सल्लाह र मार्गदर्शन प्राप्त हुने अपेक्षा एवम् विश्वास लिएका छौँ ।

**– अतृप्त**

# ◆ विषय-क्रम


● **मूल लेख**

**पर्या साहित्यको महत्त्व र सिद्धान्त** — **विजय हितान**/५

● **कविता/गीत/गजल/मुक्तक**

गजल — सुशील गौतम/१५
जीवनबोध — गणेश विषम/२५
तिमी विदेशिँदा — शारदा पोख्रेल भट्टराई/३७
मलाई आज्ञा देऊ — आकाश अधिकारी/५३
जिन्दगी — दीपक गौतम/६४
पाँच मुक्तक — अतृप्ताचार्य/६५
वृद्धावस्थाको अनुभूति — अनिल पौडेल/६९
मेरो डम्फु — कविराज तामाङ/७३
उपहार जिन्दगीको — समर्पण कल्पना/७५
छोरी — मिमन पुलामी/८२

● **निबन्ध/नियात्रा/संस्मरण**

राइट दाजुभाइको कीर्तिमानी कर्म र किटिहक मैदान — प्रा.डा. गोपिन्द्र पौडेल/१६
लुक्लामा यताउता — युवराज नयाँघरे/२७
जरिवानाको लेठो — मोदनाथ मरहट्टा/६६

● **कृति विचरण**

एउटै रस, स्वाद र ढपमा संयोजित : संयात्राको संयोग — साम्ब ढकाल/३८
गन्तव्यतिर मन डुलाउँदा — अरूणबहादुर खत्री 'नदी'/८३

● **कथा/लघुकथा**

भाउजूको मनोविज्ञान — शब्दसेना/४५
निषेधित फैसला — आविष्कार कला/५५
एकादेशको कथा-१२ — रत्न प्रजापति/७४
यन्त्राधीन जिन्दगी — देवराज सिंखडा/७६

● **नाटक**

फूलबारीमा कुमारी — नेत्रबहादुर कुँवर/४७

● **संस्कृति**

माघेसङ्क्रान्तिको महत्त्व — त्रिचन्द्र प्रतीक्षा/७०

● **साहित्यिक गतिविधि**

'स्रष्टासँग परिसंवाद' कार्यक्रम सम्पन्न/८६
नेपाल विद्युत प्राधिकरणमा कविता प्रतियोगिता सम्पन्न/८८

# पर्या साहित्यको महत्त्व र सिद्धान्त



विजय हितान

## १. पृष्ठभूमि

साहित्यका थुप्रै पाटाहरू छन्, त्यसमध्ये पर्यावरण साहित्य पनि एक हो । यसलाई पर्यावरण/परिवेश/इको/पर्या साहित्यको नामले पनि जानिन्छ । नेपाली साहित्यमा प्रायजसो सामाजिक तथा राजनीतिकजस्ता मानवकेन्द्रित परिवेशका विषयवस्तुको मात्रै चर्चा हुने गरेको पाइन्छ । तर पर्यावरणीय कथावस्तुलाई खासै महत्त्व दिइएको देखिँदैन । यद्यपि पर्या साहित्यले सिङ्गो पृथ्वीमा रहेका सजीव तथा निर्जीवजस्ता हरेक वस्तुहरू र तिनीहरूको अन्तर्सम्बन्धको व्याख्या गर्ने गर्छ ।

नेपाली साहित्यमा प्राकृतिक सुन्दरताको वर्णन खुबै गरिएको पाइन्छ । यो पर्या साहित्यको एक सानो अंश मात्रै हो । जसरी हाम्रो परम्परागत साहित्यले मानवसभ्यता विकासमा ठूलो योगदान पुऱ्याइआएको छ, त्यसरी नै पर्या साहित्यले वातावरणीय क्षयबाट मानव अस्तित्त्व जोगाइराख्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । त्यसैले अब पर्यावरण साहित्यको बिरूवा रोपेर मलजल गर्दै झाङ्गिलो वृक्ष बनाउनुपर्ने आजका साहित्यकारहरूको दायित्व भएको छ । तर साहित्यको यस नवीनतम फाँटमा शैर गर्नुअघि पर्यावरण के हो भन्ने बुझ्नु आवश्यक छ ।

## २. पर्यावरण र यसको वर्तमान अवस्था

पर्यावरणका प्रमुख तत्त्वहरू वायुमण्डल, जमिन र पानी हुन् । यिनैमा मानव, वन्यजन्तु र बोटबिरूवाको जीवन निर्भर गर्छ । वन्यजन्तु र वनस्पति मानिसका लागि प्राकृतिक स्रोतसाधन हुन्, जोसँग मानिसले अन्तर्सम्बन्ध राख्दै र सर्वश्रेष्ठ जीवन बाँच्दै आएको छ । प्राकृतिक स्रोतलाई मानिसले अतिक्रमण र जथाभावी उपभोग गर्दै गरेको छ । मानवको सेवामा सधैं उपलब्ध यी स्रोतहरूको नवीकरण आफैं हुने गर्छ । उदाहरणका लागि पिउने पानी पँधेरामा आफैं उम्रन्छ, माटोलाई उर्वरा राखिराख्ने गड्यौलाहरू जमिनमुनि आफैं सलबलाउँछन् । तर मान्छेले तिनीहरू असीमित छैनन् भनी कदापि भुल्नुभएन । यस्ता प्राकृतिक स्रोतहरू कुनै दिन रित्तिन सक्छन् ।

मानवीय अस्तित्व जोगाइराख्न स्वस्थ पृथ्वीको खाँचो परिरहन्छ । आजको अति विकसित भौतिक युगमा यस तथ्यलाई बिर्सिन खोजिएको हो कि जस्तो भान हुन्छ । मानिसको स्वार्थनिहित क्रियाकलापले प्रकृतिको सन्तुलन गुम्न लागेको छ । जमिनमुनिबाट जलभण्डारको मूल फुट्न छोडेको छ भने हिमालमा हिउँको तह पातलिँदै जाँदा नदीहरू सुक्न थालेका छन् । रासायनिक मल र विषादीको अत्यधिक प्रयोगले पहाडका पाटा र मधेशका गराको उर्वरा शक्ति घटेको छ । ताल, खोला र समुद्रका माछाको सङ्ख्या घट्दै गएका छन् । बाघ, भालु, गैँडा, चिम्पान्जी, हात्तीजस्ता वन्यजन्तु लोपोन्मुख बनेका छन् । पानी, हावा र जमिन प्रदूषित बन्दै गएका छन् । वायुमण्डल तात्दै गैरहेको छ । फलस्वरूप सुक्खा र अनावृष्टिका कारण यो वर्ष (सन् २०२२ जुलाइ) स्पेन, पोर्तुगल, फ्रान्स र बेलायत डढेलाको चपेटामा परे । बेलायतमा त तापमान ४०.३ डिग्री सेन्टिग्रेट पुगेर रेकर्ड नै ब्रेक भयो । भूमध्य रेखीय वनजङ्गल (रेन फोरेस्ट) को विनाश द्रुत गतिमा भैरहेको छ । प्रकृतिमा स्वतः उपलब्ध यार्सागुम्बाजस्ता जडीबुटीहरू विस्तारै विलीन हुँदै गएका छन् । मुगा–चट्टान अर्थात् कोराल रिफ, जसलाई सागरको रेनफोरेस्ट उपनामले चिनिन्छ, तापक्रम वृद्धि र मानवजन्य प्रदूषणका कारणले दिनानुदिन सखाप हुँदै छ । अन्ततः जैविक विविधितामा ह्रास आइरहेको छ । यी सबै समस्या मानिसले प्रकृतिमाथि गरेको अतिक्रमणको परिणाम भएको वैज्ञानिकहरू बताउँछन् । अन्ततः वातावरणविद् र सबै सचेत व्यक्तिहरूलाई यो एउटा ठूलो चिन्ताको विषय बनेको छ ।

## ३. पर्यावरण संरक्षणका गतिविधि

खस्कँदो वातावरणीय परिस्थितिलाई सम्बोधन गर्न विश्वभर विभिन्न कार्यक्रमहरू आयोजना गरिन्छन् । अर्थ आवर, जसलाई विश्व वन्यजन्तु संरक्षणकोषले आयोजना गर्छ, प्रत्येक वर्ष मार्चको अन्तिम शनिबार विश्वभरि बेलुका ८.३० देखि ९.३० सम्म बिजुली बत्ती निभाएर मनाउने गरिन्छ । संयुक्त राष्ट्रसंघले जुन ५ का दिन विश्व पर्यावरण दिवस मनाउँदै आइरहेको छ । यस दिन वृक्षरोपण तथा चेतनामूलक सम्मेलनहरू गरेर मानिसको बानीव्यहोरा र उत्पादनका प्रक्रिया पर्यावरण मैत्री बनाउन जरूरी छ भन्ने सूचना प्रवाह गर्ने गरिन्छ । त्यसै गरी विश्वका सबै मुलुकलाई आबद्ध गर्दै जलवायु परिवर्तन सम्मेलनको आयोजना गरेर हरित गृह ग्यास न्यूनीकरण गर्ने उपायका बारेमा छलफल गरिन्छ । अनि जलवायु परिवर्तन नियन्त्रणका नियमकानुन तर्जुमा गरेर लागू गराइन्छ । गरिब राष्ट्रहरूलाई जलवायु परिवर्तनसँग लड्न एउटा ठूलो कोषको स्थापना गरिनु यी सम्मेलनहरूको आजसम्मकै एक उल्लेखनीय उपलब्धि मान्न सकिन्छ । चाइनाको पान्डा संरक्षण, विश्वको बाघको सङ्ख्यालाई सन् २०२२ सम्म दोब्बर पार्नेजस्ता अभियान पनि पर्यावरण सुरक्षाका अन्य उदाहरण हुन् ।

नेपालको सन्दर्भमा विश्व वन्यजन्तु संरक्षण कोषले पर्यावरणलाई संरक्षण गर्नमा विशेष भूमिका खेलेको छ । पाटेबाघ र गैँडा चोरीशिकारी रोक्ने प्रयास यसका ज्वलन्त उदाहरण हुन् । राष्ट्रिय निकुञ्जहरू खोल्न र तिनको व्यवस्थापनमा यो संस्थाको ठूलो योगदान छ । तराईमा लोपोन्मुख गिद्ध र इलाम ताप्लेजुङतिर रेड पान्डा (हाब्रे) बचाउमा यसले अतुलनीय सहयोग प्रदान गरेको छ । दर्जनौँ सरकारी तथा गैरसरकारी संस्थाहरू यसमा सहकार्य गर्दै जुटेका छन् । प्रत्येक सप्ताह गरिने बागमती सरसफाइ एउटा उदाहरणीय कार्यक्रम हो ।

यसमा व्यक्तिगत मानिसहरू पनि लागिपरेका छन् । अमेरिकी पूर्व उपराष्ट्रपति अल गोरले विश्वका सातै महादेश, भूमध्य सागरीय जङ्गल, उत्तरी तथा दक्षिणी दुवै ध्रुव भ्रमण गरेपश्चात् 'इनकन्भेनियन्ट ट्रथ' भन्ने पुस्तक लेखे । केन्याकी पूर्व पर्यावरण मन्त्री वाँगारी माथायले अफ्रिकी महिलालाई परिचालित गर्दै ग्रिन बेल्ट मुभमेन्टको नेतृत्व गरिन् । फलस्वरूप दुवैलाई नोवेल शान्ति पुरस्कार प्रदान गरियो । जेन गुडअलले तान्जानियाको जङ्गलमा वर्षौँ चिम्पान्जीसँग बिताएर तिनको व्यवहारका बारेमा अध्ययन गरिन् । चिम्पान्जी बचाउसम्बन्धी दर्जनौँ पुस्तक प्रकाशन गरेकी उनले 'जेन गुड अल' संस्था स्थापना गरेकी छन् । भारतमा शुरू गरिएको 'चिप्को अभियान'ले रूखबिरुवाको संरक्षणमा सहयोग पुर्‍याउँदै आएको छ । स्विडिस किशोरी ग्रेथा थुनवर्ग जलवायु परिवर्तनको एक सशक्त अभियन्ता हुन् । नेपालको सन्दर्भमा हिमाल, पहाड, चुरे पर्वत, नदी, वनजङ्गल, सिमसार, तालदेखि बाघ, हात्ती, गैँडा, हिमचितुवा, घरियाल, हाब्रे, लाटोकोसेरो, चमेरा, सालक, चराचुरुङ्गी, ससाना स्तनधारी प्राणी इत्यादिको संरक्षण गर्ने भनेर दर्जनौँ व्यक्तिहरू र संघसंस्था लागेका छन् । यद्यपि विश्व पर्यावरणको अवस्था दिनानुदिन नाजुक हुँदै गैरहेको छ । यसमा विद्यार्थी, राजनेता, कृषक, व्यावसायी सबैको सहकार्य जरूरी छ । त्यसै गरी साहित्यकारले पनि केही गर्नुपर्ने आवश्यकता देखिन्छ ।

## ४. पर्यावरण साहित्यको महत्त्व

वैज्ञानिकले विज्ञानका सत्यतथ्यहरू पत्ता लगाएका छन् । पर्यावरणविद्ले तिनलाई कार्यान्वयन गर्न प्रयास गरेका छन् । साहित्यकारले पनि यस विषयमा कलम चलाएर समाजमा जनचेतना फैलाउने कार्य गर्न सक्छन् । कलम शक्तिशाली हुन्छ । समाजमा ठूलाठूला परिवर्तन गराउनमा यसको ठूलो हात हुन्छ । साहित्यको सहायताले निरङ्कुश शासन पल्टेको, छुवाछुत, रङ्गभेदजस्ता सामाजिक कुरीति र भेदभावलाई निमिट्यान्न पारिएको त सबैलाई विदितै छ । अब इको साहित्यको माध्यमबाट पनि पर्यावरणीय समस्या सर्वसाधारणमाझ लग्ने, मानिसको

क्रियाकलाप पर्यावरणमैत्री बनाउने र यस हराभरा पृथ्वीलाई हाम्रा सन्ततिमाझ जस्ताको तस्तै हस्तान्तरण गराउन सकिन्छ ।

## ५. पर्यावरण साहित्यको विषय

जसरी एक रेन फोरेस्टको पारिस्थितिका (इको सिस्टम) विविध हुन्छ, त्यसरी नै पर्यावरण साहित्य आफैँमा धनी छ । पर्यावरण साहित्यमा कलम चलाउन खोज्ने साहित्यकार निम्नलिखित विषयवस्तुमा केन्द्रित रहन सक्छन्ः

१. **इकोफेमिनिज्मः** प्रकृति नारीजस्तै नाजुक तर सुन्दर हुन्छ । नारी प्रकृतिसँग पुरुषभन्दा नजिक हुन्छे । भनिन्छ, महिलाले हाँगा काट्छिन्, पुरूषले रूखै ढाल्छन् । यसर्थ पर्या नारीवादी लेखनले महिला र प्रकृति दुवैको मुक्ति मिल्न सक्छ ।

२. **परिवृत्तीयः** प्रकाश, हावा, तापमान, जमिन र पानी पर्यावरणका तत्त्वहरू हुन् । एकमा आउने परिवर्तनले अर्काको विशेषतामा प्रभाव पार्छ । यिनैलाई प्रमुख विषय बनाएर साहित्य कोरिन्छ भने सायद राजनैतिक उथलपुथलमा आधारित साहित्यसरह मनोरञ्जनात्मक हुन सक्छ ।

३. **प्रकृति सौन्दर्यताः** सेताम्मे हिउँ, हरियो वन, निलो समुद्र, निलै आकाश, खैरो माटो यी सबैले आआफ्ना रङहरू प्रदर्शन गरेका हुन्छन् । त्यही प्रकृतिमा रमेका वन्यजन्तु, चराचुरूङ्गी, किराफट्याङ्ग्रा, जलचर, भाइरस र ब्याक्टेरियाले पनि आफ्नै रङहरू पोखेका हुन्छन् । तर तिनका रङहरू खुइलिँदै गएका छन् र तिनको सम्भार कसरी गर्ने भन्ने विचारयुक्त साहित्य कोर्न सकिन्छ ।

४. **ग्राम्यता र अप्रदूषित परिवेशः** गाउँ र शहरबीच ठूलो द्वन्द्व छ । एउटा निर्जन, शान्त, चोखो, शीतल र सफा हुन्छ । अर्को भीड, कोलाहल, तातो, प्रदूषित र तनावपूर्ण । यी पनि लेखनको चाखलाग्दा विषय हुन् ।

५. **जलवायु परिवर्तनः** असन्तुलित पर्यावरण जलवायु परिवर्तनको कारक हो । यसले तापक्रम बढाएर, बाढी पहिरो ल्याएर, वर्षात गराएर, खेडेरी पारेर मानिस तथा वन्यजन्तुको बसाइलाई असजिलो पार्छ । तर मानिस आफ्नो परिवेश वातानुकूल बनाएर जिउन सक्छ भने वन्यजन्तुहरू यसो गर्न सक्दैनन् । साहित्यमार्फत यसको रोकथामका लागि जनचेतना फैलाउन सकिन्छ ।

६. **जैविक विविधताः** मानिसको रङ कालो, गोरो, खैरो नभएर एकमात्रै भएको भए यो संसार कस्तो हुन्थ्यो ! पृथ्वीको भूभाग समथर, खोँच, मधेश, मरूभूमि,

हिउँ, नभएर पहाडैपहाड मात्र भैदिएको भए कस्तो हुन्थ्यो ! जङ्गलमा अरू वन्यजन्तु नभई बाघले मात्रै भरिएको भए कस्तो हुन्थ्यो होला ! धरापमा परेको जैविक विविधतालाई मुख्य विषय बनाएर सिर्जना गरिने साहित्य पनि अति जरुरी र आकर्षक देखिन्छ ।

७. **वन्यजन्तु चोरीशिकारीः** वन्यजन्तु चोरीशिकारी र यसको अवैध व्यापार जैविक विविधतामा आएको ह्रासको एक मुख्य कारण हो । विश्वभरि यसको बिलियन डलर बराबरको व्यापार हुन्छ । बाघ, भालु, गैँडा, हात्ती, चिम्पान्जीजस्ता स्तनधारी जीव सङ्कटग्रस्त अवस्थामा हुनुको पछाडि यसैको कारण छ । चेलीबेटी बेचबिखनमा आधारित रहेर कथा लेखेजस्तै हात्तीको दाह्रा, गैँडाको खाग र बाघको छालाका लागि तिनलाई मारेर तिनका अङ्गप्रत्यङ्गको तस्कर गरेको झनै रमाइलो कथा कोर्न सकिन्छ ।

८. **पर्यावरणसँग आदिवासीको साइनोः** जल, जमिन र जङ्गलको साइनो आदिवासीसँग हुन्छ । तिनीहरू पर्यावरण संरक्षणका खम्बा र प्रकृतिका सच्चा पूजक हुन् । अनुभवको आधारमा तिनीहरूमा पारिस्थितिक ज्ञानको भण्डार हुन्छ, न कि वैज्ञानिक आधारमा । वैज्ञानिकले पनि आदिवासीबाट पर्यावरणलाई कसरी जोगाइ राख्नुपर्छ भन्ने कुरा सिकेका हुन्छन् । तर विडम्बना, आधुनिक विकासको नाममा पर्यावरणलाई विनाश गर्दै आदिवासीको पहिचान मात्रै होइन, सिङ्गो पर्यावरणलाई नै नष्ट हुने कार्य भैरहेको छ । यस्तै आदिवासी जनजीवन र वातावरणीय मुद्दामा केन्द्रित रहेर साहित्य लेखनलाई अगाडि बढाउन सकिन्छ ।

९. **धर्मशास्त्र र पर्यावरणीय चेतः** आदिमकालदेखि नै मानव प्रकृतिको महत्त्व बुझेर नै धर्ममार्फत यसको संरक्षणमा लागेको हो । आध्यात्मिक ज्ञानसँगै मानिसमा संरक्षणप्रतिको चेतना पनि वृद्धि हुन्छ । यस्तो लेखनलाई पर्याध्यात्मिक (पर्यावरण र अध्यात्म) लेखन पनि भन्न सकिन्छ । विश्वका त्यतिबेलाका सबै धर्म अहिलेका संविधानसरह कानूनी प्रणाली हुन् । अहिलेको नेपालको संविधानमा स्वच्छ वातावरणमा जिउन पाउनु जनताका मौलिक हक हुन् भनेर व्यवस्था गरिएको छ । हाम्रा हिन्दू तथा अन्य पूर्वीय धर्मग्रन्थमा पर्यावरण संरक्षणका विषयवस्तुलाई समेटिएका छन् । यसरी हाम्रा शास्त्रमा अन्तर्निहित पर्यावरण संरक्षण र यसको महत्त्वका कुरालाई साहित्यमार्फत उजागर गर्न सकिन्छ ।

१०. **विकासले गर्ने वातावरणीय क्षयः** अहिले विकास निर्माणका कार्य प्रकृति विनाशको मूल कारण भएका छन् । उदाहरणका लागि नेपालको पहाडी

भूभागलाई जथाभावी डोजरले खनेर सडक बनाइँदै छ । उर्वरा भूमि मासेर भवन निर्माण गरिँदै छ । साल र सिसौका वनजङ्गल मासेर निजगढमा विमानस्थल निर्माण गर्ने योजना अघि सारिएको थियो । जसलाई सर्वोच्च अदालतले पर्यावरणीय क्षति नहुने विकल्प खोजेर मात्रै निर्माणकार्य अघि सार्नू भनी आदेश जारी गरेको छ । यस्ता समस्यालाई साहित्य लेखनमार्फत उजागर गर्न सकिन्छ । कालिगण्डकीको प्राकृतिक धारलाई सुरूङ खनेर बदल्दै बिजुली निकाल्ने र त्यहाँका गिट्टीबालुवा दोहनको विरूद्धमा आर. के. गिरीले चलाएको 'कालीगण्डकी बचाऔँ कविता अभियान'लाई एउटा नमुनाको रूपमा लिन सकिन्छ ।

११. **पर्या राजनीतिः** यसलाई इको पोलिटिक्स अर्थात पर्याज्नीति (पर्यावरण र राजनीति) पनि भन्न सकिन्छ । नेपालको राजनीति भ्रष्टाचारपूर्ण छ । नातावाद, कृपावाद जतातत्तै हाबी छ । यस्ता विषयमा व्यङ्ग्यात्मक साहित्यिक लेख लेखेको प्रशस्तै पाइन्छ । हाम्रा पार्टीमा ग्रिन एजेन्डा हुन्नन् । सरकारमा पुगेपछि नेताले बनाउने वातावरणीय नीतिले महत्त्वपूर्ण भूमिका खेल्छ । तर तिनले गलत हरित नीति बनाए भने सास्ती खेप्ने त जनता नै हुन् । यसर्थ साहित्यकारले पर्या राजनीतिक व्यङ्ग्यका सिर्जना लेख्न सक्छन् । यो पनि एक दर्बिलो साहित्यिक विषय हुन जान्छ ।

## ६. पर्यावरण साहित्य लेखनको अवस्था

नेपालको सन्दर्भमा लेखनाथ पौड्याल, माधव घिमिरे, धर्मराज थापाका सिर्जनामा प्राकृतिक सुन्दरताको सुगन्ध पाइन्छ । शाकुन्तल, प्रकृति पोखरा र तरूणतपसीजस्ता कृतिमा प्रकृतिको रोमान्टिकता र निर्मलताबारे वर्णन गरिएका छन् । सरूभक्तको संरक्षण कविता यात्रा एक पर्यावरण साहित्य आन्दोलन थियो । त्यसै यात्राताका कोरिएका कविताहरूको सङ्ग्रह 'संरक्षण कविता यात्रा' वि.स. २०५३ मा प्रकाशित भएको छ । डा. रूपक श्रेष्ठको 'पोख्तक' प्रकृतिप्रधान मुक्तकसङ्ग्रह हो । यसमा पोखराको प्राकृतिक महत्त्व, यसलाई जोगाउनुपर्ने कारण, यसको क्षयीकरण, मानिसले ल्याएको प्रदूषण आदिका बारेमा पचासभन्दा बढी मुक्तक समावेश छन् । अम्बर नेम्बाङको 'सम्झनाका तरेलीहरू', गोपाल बस्नेतको 'आफ्नै सेरोफेरोभित्र', 'ध्रुवचन्द्रको 'जिलिएको', कर्ण शाक्यको 'सोच', राजेन्द्र पराजुलीको 'अनायिका', मोहन कोइरालाको 'सिमसारको राजदूत', अविनाश श्रेष्ठको 'करोडौँ सूर्यहरूको अन्धकार' पर्यावरण केन्द्रित अलि पुराना कृतिहरू हुन् ।

अहिले आएर सञ्जीव उप्रेतीको 'हंस', अनिता पन्थीको 'अनायोजित', सपना आचार्यको 'मलिलो माटो', पूजा आचार्यको अनुवादमा 'यहाँ एउटा जङ्गल थियो'

पर्यावरणीय विषय समेटिएका उपन्यास हुन् । त्यसै गरी विजय हितानद्वारा सम्पादित 'स्वच्छन्द सुसेलीहरू', डा. देवेन सापकोटाको 'परिश्रान्त पृथ्वी', राजा पुनियानीको 'तङसिङ', कृष्ण बाउसेको 'पर्या प्रेमको गुञ्जन', मनप्रसाद सुब्बाको 'पञ्चतत्त्वको पालाम' पर्या–कविता कृति हुन् । पर्या कविताजस्तै पर्या कथासङ्ग्रहका पुस्तक त्यति धेरै प्रकाशन भएको जानकारी छैन । विजय हितानको पर्या कथाहरूको सङ्गालो 'ब्लु प्लानेट' वि. सं. २०७८ मा, र डा. देवेन सापकोटाको 'पृथ्वीका सुस्केराहरू' प्रकाशित भएका छन् ।

पर्यावरण साहित्य समालोचनाका पुस्तकका हिसाबले प्रा. डा. गोविन्दराज भट्टराईको 'उत्तर आधुनिक विमर्श'मा 'इको साहित्य/परिवृत्तीय सिर्जना र मूल्याङ्कन' शीर्षकमा एक अध्याय नै लेखिएको छ । त्यसै गरी डा. रमेश भट्टराईका ' पर्यावरणीय समालोचना', 'स्वच्छन्दतावाद र देवकोटा', अनि 'समय सौन्दर्य पर्यावरण र कविता', डा. गीता त्रिपाठीको 'पर्यावरण र नारीकेन्द्रित समालोचना', डा. देवचन्द्र सुब्बाको 'नेपाली कवितामा परिवेश', डा. गोविन्दराज भट्टराई र विजय हितानको सम्पादनमा 'पर्या साहित्य सिद्धान्त र सिर्जना' नाम गरेका पुस्तकहरू बजारमा आइसकेका छन् ।

पर्यावरण साहित्यमा केही विद्यार्थीले विद्यावारिधि पनि गरेका छन् । तिनीहरू हुन्– डा. कृष्णप्रसाद भण्डारी, डा. गीता त्रिपाठी, डा. देवचन्द्र सुब्बा, डा. माधवप्रसाद दाहाल र डा. हरिप्रसाद काफ्ले ।

विदेशमा रचेल कार्सनको 'साइलेन्ट स्प्रिङ'क पर्यावरण संरक्षणको चेतना दिने पहिलो उपन्यास हो । लेज्ली मार्मोन सिल्कोको 'सेरेमोनी', लिन्डा होगानको 'सोलर स्टोर्मज' अरू यस्तै पुस्तकहरू हुन् । अन्तर्राष्ट्रिय स्तरमा केरोल आडम, स्टाफनी काजा, जोन ब्रूनर, जोन क्रिच्टनजस्ता अरू केही नाम चलेका इको साहित्यकार छन् ।

## ७. पर्यावरण साहित्यलाई कसरी अघि बढाउने

नेपाली साहित्य लेखन धेरैजसो मानवीय जीवन वरिपरि मात्रै केन्द्रित छन् । कतैकतै प्रकृतिको सुन्दरता झल्काउने हरियो वन, छङछङ छहरा, कोइलीको गीत, डाँफेको नाच इत्यादिमा कविता तथा कथा कोरिएको, गीत लेखेर गाइएको पाइन्छ । हिमरेखा किन झन् माथि चढ्दै छ ? बाघ, भालु, गैँडा किन लोप हुँदै छन् ? पोखरी र खोला किन दूषित हुँदै छन् ? तिनलाई सम्वर्द्धन र संरक्षण किन र कसरी गर्नुपर्छ भन्ने विषयमा कलम चलेका बिरलै पाइन्छन् ।

निरङ्कुश शासनको विरूद्धमा कलम उठाइयो, अब जलवायु परिवर्तनको विरूद्धमा कलम उठाउन जरूरी छ । छङछङ गर्ने झरना र चाँदीझैँ टल्कने क्या राम्रो हिमाल भनेर गीत लेखियो । अब सुक्दै गरेको झरना, पग्लिँदै गरेको हिमाल, लोपोन्मुख हिउँचितुवा, बासस्थान गुमाउँदै गरेको उत्तरी ध्रुवको भालु, अन्टार्कटिकाको पेङ्गुइनको पनि गीत लेख्न जरुरी छ । मानिसहरू दुर्घटनामा परेका कथाहरू लेख्ने कथाकारले अब आणविक दुर्घटना, सामुद्रिक प्रदूषण र बाढीपहिरोजस्ता प्राकृतिक प्रकोप र त्यसमा प्राण गुमाएका वन्यजन्तुको पनि कथा लेख्न आवश्यक देखिन्छ । कसैले घर आगोले डढाएर घरविहीन भएका मानिसको गाथा लेख्छ भने कसैले वन डढेलो लागेर बासविहीन बनेका पशुपक्षीको पनि गाथा लेखौँ न । शक्ति हत्याउन र स्वार्थ पूर्तिका लागि छेडिएको युद्धले विस्थापित बनेका शरणार्थीको कहानी जति कारूणिक हुन्छ त्योभन्दा बढी मन छुने जथाभावी बस्ती बसाउन र खेती गर्न मासिएका रेन फोरेस्टले गर्दा बासस्थानको नष्ट भएपछि विस्थापित वन्यजन्तुका कहानी हुन सक्छन् । हावाइजहाज चढ्दै आधुनिक शहर घुमेर पाँचतारे होटेलमा बसेको र रेष्टुरेन्टमा खाएपिएको विषयमा संस्मरण कोर्न जति आनन्द आउँछ त्योभन्दा बढी आनन्द हात्तीमा सवार गरेर राष्ट्रिय निकुञ्जका वन्यजन्तुको दर्शन र तम्बुमा सुतेर अर्गानिक तरिकाले उत्पादित खाना खाएका नियात्राहरू लेख्नमा आउँछ । अनि मात्रै संरक्षण गर्न सकिन्छ हाम्रो पर्यावरण । अन्यथा ६० मिलियन वर्षअगाडि डाइनोसर लोप भएर गएजस्तै मानवसभ्यता पनि लोप भएर जान सक्छ ।

भानुजयन्ती सँगसँगै भालु जयन्ती पनि मनाऔँ । किनकि उत्तरी ध्रुवका हिउँभालु लोपोन्मुख अवस्थामा छन् । मोती जयन्ती मात्रै होइन, माटो जयन्तीको महत्त्व पनि त्यत्तिकै छ । किनकि भूक्षय र रासायनिक मलको प्रयोगले माटोले उर्वराशक्ति गुमाएको छ । पृथ्वीनारायण जयन्ती मात्रै कति, पृथ्वी ग्रहको पनि जयन्ती मनाऔँ न अब हामी । 'हे भगवान् हामीलाई बचाऊ' र 'हे मानिस पशुपक्षीको संरक्षणमा लाग' भन्ने भजनहरू सँगै लेखौँ, सँगै गाऔँ । भुखको मात्रै कति अब, रूखको पनि कथा लेखौँ । घोडा चढेर गाउँ डुल्ने मालिकको साहित्य लेखेर थाकिएन र ? अब साइकल चढेर कवाडी सङ्लन गर्नेको पनि साहित्य लेखौँ । नदीनाला, सामुद्रिक तट, गल्ली र पार्क सरसफाइ, वृक्षरोपण, वातावरणीय समस्याहरू र तिनलाई कसरी सुल्झाउन सकिन्छ, इत्यादि विषयमा कथा लेख्ने, कविता पढ्ने, गीत गाउने, नाटक खेल्ने, चित्रकला तथा फिल्म प्रदर्शन गर्ने गरेर मनाऔँ अब साहित्य गोष्ठी ।

यसरी पर्यावरण साहित्यलाई अस्वीकृत विचार साहित्य, भयवाद, सिर्जनशील अराजकताजस्तै कुनै वादको रूप दिएर एक आन्दोलन बनाई अगाडि बढाउँदा अझ प्रभावकारी हुनसक्ने सम्भावना देखिन्छ ।

## ८. चुनौती तथा अवसर

पर्यावरण साहित्य त्यति नौलो विषय भने होइन । लामो समयदेखि कुनै न कुनै रूपमा लेखिँदै आएको विषय हो यो । ऋग्वेदजस्तो हाम्रो पौराणिक धर्मग्रन्थमा जल, वायु, तेज, आकाश, पृथ्वी यी पञ्च महाभूतको महत्त्व बुझेर प्रकृतिलाई पुज्न सिकाइएको छ । मध्यकालीन नेपाली साहित्यमा प्रकृतिको गुणगान गाएर लेखिएको साहित्य पाइन्छ । अहिले आएर आधुनिक कालमा मुख्य चुनौती भनेको सर्जकले पर्यावरण क्षयका कारक र परिणामको सिद्धान्त, यसको व्यावहारिक पक्ष र महत्त्व, सुधारका उपाय बुझ्न जरुरी छ । यो एक विज्ञानसम्मत भएकाले लेखकमा वैज्ञानिक ज्ञान भैदिएमा उत्तम हुन्छ । विज्ञानको सम्मिश्रणले गर्दा पर्यावरण साहित्य नेपाली मूलधारको साहित्यमा भने जति अँगाल्न नसकिएको हुनसक्छ । तथापि वातावरण विज्ञानसँग निकट सम्बन्ध राख्ने चिन्तन भएकाले साठीको दशकयता यस विषयमा स्रष्टा र समालोचक दुवैको ध्यान आकर्षित भइरहेको देखिन्छ । वातावरणीय समस्यालाई कवितामा अभिव्यक्त गर्न निकै महत्त्वपूर्ण भए पनि यसका लागि अभ्यासको आवश्यकता पर्छ नै । त्यसैले पर्यावरणीय प्रस्तुति समकालीन नेपाली साहित्यको मूल स्वर अझै भइसकेको अवस्था भने भेटिँदैन ।

पर्यावरण एक फराकिलो धरातल भएकाले यसमा लेखनका प्रशस्तै अवसर पाइन्छन् । यसले विश्वदेखि वायुमण्डल, जमिनमुनिको पानीदेखि आकाशमाथि बादल, कमिलादेखि हात्तीजस्ता प्राणी, घिस्रने जन्तुदेखि उड्ने पक्षी, निर्जीव ढुङ्गामाटोदेखि सजीव सर्पजस्ता विषयलाई समेट्छ । त्यसरी नै शहरजस्ता भौतिक संरचनादेखि आणविक भट्टीको रासायनिक प्रतिक्रिया, शीतल जूनदेखि चर्को घाम, शान्त तलाउदेखि उर्लँदो समुद्र, मन्द हावादेखि बहकिने आँधीबेहरी लेखनका विषय बन्न सक्छन् । मानिसका गुडाउने, उत्पादन गर्ने, भत्काउने, उडाउने क्रियाकलाप, घाँसे मैदान, रेन फोरेस्ट, हिमालय, ध्रुवीय हिउँ, सुक्खा मरुभूमि, ओसिलो सिमसारजस्ता कुरामा कलम दौडाएर मनका भावना पोख्न सकिन्छ । त्यसैले यस्तो साहित्यमा इन्द्रेणीका सबै रङ पोत्न र पोख्न सकिन्छ भन्दा अत्युक्ति नहोला ।

## ९. उपसंहार

जैविक विविधतामा ह्रास, प्रदूषित, जमिन, हावा र पानी, मरुभूमिकरण, जङ्गल

फडानी, ओजोन अवक्षय, जलवायु परिवर्तन इत्यादि अहिलेका जल्दाबल्दा वातावरणीय समस्या हुन् । यस्ता समस्याको उजागर गर्नु र तिनदेखि कसरी पार पाउन सकिन्छ भन्ने कुराहरू मात्रै लेख्नु होइन कि तिनको महत्त्व र अस्तित्त्वलाई बुझेर पाठकलाई बुझाउन प्रयत्न गर्न पनि पर्यावरण साहित्य हो ।

मानौँ पृथ्वी एक सुन्दर बगैँचा हो भने मानिस यसका माली हुन् । तर बगैँचामा फूलहरू फुल्न र भमराहरू झुल्न छाडिसकेका छन् । तिनको संरक्षणका लागि एउटा बलियो साहित्यिक कलम उठाउनुपर्ने बेला आएको छ । बगैँचालाई सधैँ हराभरा र जैविक विविधताले सजाइराखेर त्यसबाट आनन्द लिन र दिन पनि पर्यावरण साहित्यमा लाग्नुको अर्को औचित्य हुन आउँछ ।

**सन्दर्भसामग्रीः**


Bhattarai, Govinda Raj, (2007) Postmodern Discourse . Kathmandu: Modern Books

Carson Rachel, (2000) Silent Spring . Modern Classics

Gore Al, (2006) An Inconvenient Truth . Rodale

Hitan Bijay, (2018) Swochchhanda Suselihru . Bulbul Publication

Hitan Bijay, (2021) Swochchhanda Suselihru 2 . Global Federation of Nepali Literature South UK

Hitan Bijay, (2021) Blue Planet . Kathmandu: Phoenix Books

Shrestha, Tirtha Kumar, (2003) Wildlife of Nepal . Curriculum Development Centre Tribhuvan University .

Subba Devchandra, (2021) Nepali Kabitama Parivesh . Kalebung: Upama Publication .

Tripathi Geeta, (2018) Paryavaran ra Narikendri Samalochhana . Kathmandu: Dil Paudel

# गजल



सुशील गौतम

उघारेर घुम्टो, उदायौ मजाले
नशा प्यून आँखा जुधायौ मजाले ।

इसारा गऱ्यौ, भागिहाल्यौ कता खै ?
सुतेको मलाई कुदायौ मजाले ।

म हेर्दै गएँ पाइला दौडिएका,
वृथा चित्त मेरो दुखायौ मजाले ।

बनाएर चङ्गा समातेर धागो
स्वयं दूर बस्दै उडायौ मजाले ।

खसैँ झाँक चल्दा चुँडालेर डोरी
बडो चुक्चुकाई उठायौ मजाले ।

बसैँ साथमा मात लागी अँगाल्यौ
प्रिये ! बल्ल माया फुकायौ मजाले ।



# राइट दाजुभाइको कीर्तिमानी कर्म र किटिहक मैदान

प्रा.डा. गोपिन्द्र पौडेल

## मनको धोको

अमेरिकाको नर्थक्यारोलिना राज्यमा पर्ने किटिहक मैदान कुल्चने धोको सन् २०१४ अक्टोबर १० मा पूरा भएको थियो ।

आकलझुकल मनले सोचेको कुरा पुग्ने रहेछ, पुग्यो । तारानाथ शर्माले सम्पादन गरेका कक्षा ९-१० का पुस्तकमा 'पहिलो विमान उडाउने राइट दाजुभाइ' शीर्षकको जीवनी पढेपछि किटिहक मैदान हेर्ने धोको मनको एक कुनामा सुरक्षित थियो । कहिलेकाहीँ त कुनाको कुरा पनि पूरा हुनेरहेछ भनेर म निकै दङ्दास पनि भएँ ।

तर्कहरूको गुजुल्टो फुकाएर भन्दा म अमेरिका छिर्ने र नर्थक्यारोलिनाको किटिहक मैदान टेक्ने जपना सम्भव नै नभए पनि सहज भने थिएन । काकताली पऱ्यो भने कठिन कर्म पनि सहज हुँदोरहेछ ।

जतिबेला मैले किटिहक मैदानमा पाइला टेक्ने कल्पना गर्दै थिएँ त्यतिबेला त्यो कार्य 'आकाशको फल आँखा तरी मर' जस्तै थियो । अझ 'गाँठी न गुठी जरजरी उठी' भन्दा पनि हुन्छ । तर काकतालीले गर्दा माथि उल्लेख्य दुवै उखान फेल भए, म पास भएँ ।

दश अक्टोबर सन् २०१४ मा पहिलो पटक अमेरिका आउँदा मेरा छोराबुहारीको सतत् प्रयासमा उक्त मैदान कुल्चने अवसर मिल्यो । यसको तात्पर्य हो उड्डयन इतिहासको बीज विन्दुसम्म पुग्ने अवसर प्राप्त भो । म कृतार्थ भएँ ।

२६ सेप्टेम्बर २०१४ मा अमेरिका पुगेर छोराबुहारीसँग भेट भएपछि मेरो पहिलो जिज्ञासा थियो- नर्थक्यारोलिना कति टाढा पर्छ ? किटिहक मैदानसम्म पुग्न कति समय लाग्छ ? मेरो यस जिज्ञासाको उत्तर त्यति जटिल रहेनछ । भर्जिनियाबाट ३:३० घण्टाको समयावधिमा सजिलै पुगिने रहेछ । म व्यग्र प्रतीक्षामा थिएँ तापनि बोस्टन हुँदै नायगराफल्स पुगेर नफर्कँदासम्म त्यो सम्भव थिएन ।

नायगराफल्सबाट फर्कनेबित्तिकै १० अक्टोबर २०१४ मा हामी नर्थक्यारोलिनाको किटिहक मैदानमा पदार्पण गऱ्यौँ । मध्याह्न १२:३० मा पुगेका हामीले झन्डै तीन घण्टा त्यहाँ बितायौँ । यथासम्भव घुमियो, जानकारी टिपोट पनि गरियो तर त्यो यात्रा पूर्णतः फलदायी बन्न सकेन । टिपोट पनि गायब, तस्बिरहरू पनि गायब, प्राप्त जानकारी पनि गायब अर्थात् सबै तथ्यहरू गायब भएपछि जिज्ञासाले अटेसमटेस मेरो मन शान्त भएन । मन शान्त होस् पनि कसरी ? जिज्ञासाले डोऱ्याएपछि जिज्ञासा समन नहुँदासम्म शान्त हुने कुरै भएन । यसनिम्ति मैले झन्डै नौ वर्ष पर्खनु पऱ्यो ।

## किटिहक मैदानमा दोस्रो पटक

मैले पटक पटक किटिहक मैदानको नाम जपिरहँदा मेरा प्रिय पाठकलाई त्यस मैदानप्रति किन यति मोह भन्ने पनि लाग्न सक्छ । त्यहाँ पुग्ने जोसुकैलाई यस मैदानले मुग्ध पार्छ, लठ्याउँछ र हामीलाई अत्यन्त संवेद्य तुल्याउँछ । त्यसमा अनौठो जादू छ । भनूँ, मानवविकास तथा विज्ञान प्रविधिमा भएको उच्चतम विकासको जादूगरी यात्राको आरम्भ यहीँबाट भएको थियो ।

अप्रिल एक २०२३ मा म दोस्रो पटक त्यस मैदानमा पदार्पण गरेँ । नौ वर्षपछि दोस्रो पटक त्यहाँ पुग्दा पनि म उत्तिकै व्यग्र थिएँ किटिहक मैदानको समग्र अवलोकनका लागि ।

किटिहक त्यस्तो मैदान हो जसको वक्षस्थलबाट मानवजातिले आकाश मार्ग पहिल्याएको थियो । स्थलमार्ग र जलमार्गपछिको तेस्रो थियो हवाईमार्ग । हवाईमार्गको ऐतिहासिक आरम्भ यही किटिहक मैदानबाट भएको थियो । त्यसैले किटिहक मैदानको प्रसिद्धि सामान्यभन्दा अलि फरक र विशिष्ट प्रकारको छ ।

हवाईमार्ग विज्ञान र प्रविधिका क्षेत्रमा भएको उच्चतम प्राप्ति थियो । विज्ञान र प्रविधिका क्षेत्रमा भएको नयाँ फड्को एवम् कोसेढुङ्गा थियो । यही उड्डयन यन्त्र अर्थात् हवाईमार्गको आविष्कारले विश्वमानचित्रलाई सङ्कुचित बनाइदियो । भूगोलको क्षेत्रफल उही र उस्तै भए पनि पहुँचका दृष्टिले विश्व निकै साँघुरियो, खुम्चियो । मानवजातिको सर्वसुलभ पहुँचका दृष्टिले उड्डयनको आविष्कार एउटा अतुलनीय परिघटना थियो जसले म जस्तो बाहानेको कोप्चेरोमा (यो हेय भाव होइन) हुर्किखेलेको गवाँर पनि अमेरिका पुग्न सफल भएँ । यो भनेको किटिहक मैदानको विशिष्ट देन हो ।

विश्वकै दोस्रो ठूलो आन्ध्रमहासागरको किनारमा अवस्थित किटिहक मैदान विशाल क्षेत्रफलमा फैलिएको छ । आन्ध्र महासागरतिरबाट भित्र पस्नेबित्तिकै जमिनबाट

तीन फिटको उचाइमा राखिएको एउटा नामाङ्कित पाटी देख्न सकिन्छ । जसमा दायाँपट्टि 'नेसनल पार्क सर्भिस' नामक लोगो र बायाँपट्टि 'Wright Brother's Visitor Center' लेखिएको छ । साइनबोर्डको पछाडितिर एउटा एकतले भवन अवस्थित छ । बाहिरबाट हेर्दा अपेक्षाअनुरूपको चमकझमक केही पनि छैन । अत्यन्त सामान्य संरचना, सामान्य सजधज । रूपसौन्दर्यका तुलनामा वस्तुसौन्दर्यको थिचाइ अधिक तर विरूप भने होइन ।

सङ्ग्रहालयको पश्चिमपट्टिको ठूलो हलमा राइट दाजुभाइले बनाएको जहाजको हुबहु नक्कल गरेर राखिएको छ । मूल जहाजमा जस्तै इन्जिनबाहेक अरू सामग्रीमा काठको प्रयोग भएको छ । त्यो नक्कली जहाज हो तर कलात्मक र सुन्दर छ । बाँकी पश्चिमपट्टिका कोठामा उड्डयन कार्य, उड्डयन इतिहास तथा राइट दाजुभाइले गरेका सङ्घर्षका विभिन्न आयामको सङ्कलन गरिएको छ । सचित्र प्रस्तुत भएको लेख्य विवरणबाट उड्डयनका क्षेत्रमा भएगरेका कार्यको विवरण प्राप्त गर्न सकिन्छ । के कस्तो अथक परिश्रमबाट उड्डयनका क्षेत्रमा नयाँ कीर्तिमान कायम भयो भन्ने रोचक दृष्टान्तका साथै त्यसमा राइट दाजुभाइले दिएका योगदानसमेतको विवरण प्रस्तुत छ । सङ्ग्रहालयमा राखिएका सबै सूचना/विवरण मूलतः उड्डयन प्रक्रिया र कार्यसँग सम्बन्धित छन् ।

भिजिटर सेन्टर अर्थात् सङ्ग्रहालयबाट झन्डै दुई सय मिटर पश्चिमतिर लाग्दा दुईवटा एकतले घर छन् जुन घरमा बसेर राइट दाजुभाइ निरन्तर काममा खटिइरहे । निरन्तर अभ्यास गरिरहे । तिनै दुईवटा टहरा घरको ठिक पश्चिमपट्टि राइटदाजुभाइले उड्डयन अभ्यास र प्रथम परीक्षण गरेको धावनमार्ग छ । त्यही धावन मार्गमा चारवटा निसाना स्तम्भ छन् । ती भनेका राइट दाजुभाइले जहाज अवतरण गराएका निसाना सङ्केत हुन् ।

त्यस धावनमार्गबाट करिब पाँच सय मिटर दक्षिणतिरको उचाइमा राइट दाजुभाइको सम्मान र सम्झनामा बनाइएको सुन्दर स्तम्भ देख्न सकिन्छ । त्यही मेमोरियलबाट करिब तीन सय मिटर दक्षिणमा उड्डयन अभ्यासको मूर्ति देख्न सकिन्छ । फलामैफलामबाट बनाइएको उक्त संरचनामा एउटा राइट दाजुभाइले प्रयोग गरेको जहाजको नमुना छ । त्यसको सामुन्ने अलि पर दङदास मुद्रामा उभिएका पाँचजना दर्शक छन् र छेउमा एकजना फोटोग्राफर पनि देखिन्छ । विशाल बालुवाको मैदानमा पूर्वतिर समुद्र (आन्ध्र महासागर), पश्चिमतिर जङ्गलको विस्तार, उत्तरतिर पनि जङ्गल र बस्ती अनि दक्षिणपट्टि मानव बसोबास देख्न सकिन्छ ।

अलिक उचाइमा रहेको राइट ब्रदर्स मेमोरियलबाट चारैतर्फ दृष्टि फिँजाइयो भने त्यहाँबाट कहीँकतै जान मन त लाग्दैन तर नगई हुँदैन नै । त्यो सम्पूर्ण मैदानले हामीलाई नतानिरहन सक्दैन । सङ्ग्रहालयको अवलोकन/अध्ययन, उड्डयन प्रयोगशाला अर्थात् धावनमार्गको अवलोकन/अध्ययनको बेग्लै मजा छ भने राइटब्रदर्स मेमोरियलबाट किटिहक मैदानको सौन्दर्य लुट्नुमा पनि फरक अनि अद्भूत आनन्द प्राप्त गर्न सकिन्छ ।

नर्थक्यारोलिनाको विशाल किटिहक मैदान महिमाशाली छ । त्यही मैदानमा टेकेर राइट दाजुभाइले आकाश मार्गको आविष्कार गरे, उड्डयन इतिहासको आरम्भ गरे । राइट दाजुभाइ हवाइजहाजका आविष्कारक हुन् जसको योगदानको तुलना गर्नु व्यर्थ छ । आकाशमार्ग पहिल्याउने राइट दाजुभाइलाई आश्रय दिने आधारभूमिका रूपमा किटिहक मैदान पनि सदा नै अविस्मरणीय रहने छ ।

विशाल किटिहक मैदान, त्यसमा विद्यमान संरचना र व्यवस्था तथा सङ्ग्रहालयमा सङ्गृहीत तथ्यलाई आधार मानेर राइट दाजुभाइको क्रियाशीलता, उत्प्रेरणा, जीवनप्रभावी घटना तथा आयाम, उड्डयन क्षेत्रका गतिविधि र प्राप्तिका सम्बन्धमा थोरै घोत्लिन मन लाग्यो । यो प्राविधिक पाटो हुनाले म जस्तो कोरा मान्छेले परी पुर्‍याउन निकै कठिन छ । तर कठिन छ भनेर प्रयासै नगर्न पनि त भएन । सातसमुद्र पारिबाट आइएको छ, घण्टौँ लगाएर सङ्ग्रहालयका विवरण पढेर टिपोट गरिएको छ । मलाई सकसक भयो, थोरै खोलुवा दिनु उपयुक्त ठानेँ ।

## त्यो क्षण, त्यो घटना

सामान्यतः कुनै पनि घटना आकस्मिक मानिए पनि वा भनिए पनि त्यो आकस्मिक वा अप्रत्याशित भने हुँदैन । तर अद्भूत र अविस्मरणीय भने हुन सक्छ । सन् १९१७ डिसेम्बर तीनमा मानव इतिहासमै अविस्मरणीय घटना घटित भयो । त्यो प्राकृतिक नभई मानवनिर्मित घटना थियो, मानवीय घटना थियो । त्यो भनेको मानवजातिले धर्ती छोडेर आकाशमा विचरण गरेको पहिलो घटना । मान्छेको चाहना, सतत् प्रयास र लगावस्वरूप घटित घटना । अकल्पनीय त भन्न सकिन्न अद्भूत घटना मान्न सकिएला ।

वैज्ञानिक न्युटनको मान्यता थियो– कुनै पनि वस्तु पृथ्वीभन्दा पर वा माथि फ्याँकियो भने पृथ्वीको गुरूत्व शक्तिका कारण पृथ्वीमै फर्कन्छ/खस्छ । तर कुनै शक्ति वा बलका आधारमा भने कुनै पनि वस्तु पृथ्वी छोडेर आकाशमा उड्न सक्छ भन्ने दृष्टान्त प्रस्तुत भएको त्यस दिनको त्यो घटनाले विश्वलाई नै चकित बनाइदियो ।

वैविध्यपूर्ण विशाल भूगोलको विकट एवम् अनकन्टार सीमारेखालाई भत्काएर केही घण्टामै पृथ्वीका दुई ध्रुवलाई जोड्ने । विपरीत ध्रुवको मानवसमुदायका बीच जानपहिचान गराउने । मान्छेको यायावर वृत्तिलाई समुचित सम्बोधन गर्दै अनुभवजन्य ज्ञानको बिस्तारमा सघाउ पुऱ्याउने गरी घटित अद्भूत घटना । यस्तो अद्भूत घटनाको आमन्त्रण गर्ने महान् व्यक्ति थिए राइट दाजुभाइ अर्थात् दाजु विल्भर राइट र भाइ ओर्भिल राइट । यिनै महान् वैज्ञानिकका प्रयासले आजको विश्व साँघुरिँदो छ, मानवजातिको सहज पहुँचमा रूपान्तरण हुँदो छ ।

## जीवनवृत्तमा राइट दाजुभाइ

राइट दाजुभाइ अमेरिकी नागरिक । वैज्ञानिक । दुवै भाइ एउटी आमाका सन्तान । दाजु विल्भर राइटको जन्म सन् १८६७ अप्रिल १६ का दिन भएको पाइन्छ भने भाइ ओर्भिल राइटको जन्म सन् १८७१ अगस्त १९ का दिन भएको रहेछ । दुवै भाइको जन्म भने फरक फरक राज्यमा भएको बुझिन्छ । जसअनुसार विल्भर राइटको जन्म इन्डियाना राज्यमा भएको र भाइ ओर्भिलको जन्म ओहायो राज्यमा भएको पाइन्छ । बुवा मिल्टन राइट तथा आमा सुज्यान क्याथरिन कोसर राइटका सातजना सन्ततिमध्येका दुई भाइ । आफ्नो खोजअनुसन्धानलाई मुख्य प्रतिष्ठा बनाएका यी दुवै भाइ आजीवन अविवाहित रहेको बुझिन्छ ।

## बाल्यकालीन क्रिया/उत्प्रेरणा

भोलिका दिनमा मानिस कस्तो बन्छ वा बन्न सक्छ भन्ने कुराको सङ्केत उसको बाल्यकालमै पाउन सकिन्छ । राइट दाजुभाइमा पनि त्यससम्बन्धी क्रियाको सङ्केत पाइन्छ । बाबु मिल्टन राइटले एक पटक बाँस, चोया, रबर र कागजबाट बनेको खेलौना अर्थात् हेलिकोप्टर किनिदिएछन् । त्यो हेलिकोप्टर करिब एक फिट लामो रहेछ । त्यस हेलिकोप्टरका डिजाइनर फ्रान्सका एरोनोटिकल वैज्ञानिक अल्फनेस पिनड रहेछन् । अर्थात् पिनडले गरेको डिजाइनका आधारमा त्यो खेलौना बनेको रहेछ । आफ्ना बाबु मिल्टन राइटले किनिदिएको उक्त खेलौना हेलिकोप्टर दुवै भाइले खुब रूचाए र रूचिपूर्वक खेले । त्यस खेलमा उनीहरू निकै अभ्यस्त पनि भए । त्यही खेलौनाका कारण उनीहरूमा उत्सुकता, जिज्ञासा एवम् कुतूहलता जागृत भयो । त्यही हेलिकोप्टर र त्यससँगको क्रियाबाट प्रेरित भएर उड्डयन यन्त्र (वायुयान) निर्माण गर्ने सङ्कल्पसमेत राइट दाजुभाइले गरेको बुझिन्छ ।

## शिक्षादीक्षा, पृष्ठभूमि र प्रेरणा

दुवै भाइले १२ कक्षासम्म पढेका थिए । खेलकुदलगायत बाह्य गतिविधिमा दुवै भाइको राम्रो रूचि थियो । हकी खेल्ने क्रममा दाजु विल्भरको अगाडिको एउटा

दाँत भाँचिएको थियो । उनीहरूकी आमा सुज्यान दीर्घ रोगी हुनाले दाजु विल्भर पढाइ छोडेर आमाको हेरचाह गरी बस्न थाले । त्यसको लगत्तैपछि भाइ ओर्भिलले पनि नियमित पढाइ छोडिदिए ।

केही समयपछि दुवै भाइ प्रिन्टिङ बिजनेस (प्रकाशन व्यवसाय) मा संलग्न भए । यही व्यवसायकै क्रममा उनीहरूले 'वेस्टसाइड न्यूज' नामक पत्रिका प्रकाशन गर्न थाले । यो समय भनेको सन् १८८९ को हाराहारी थियो ।

राइट दाजुभाइ अवसरको उपयोग गर्न सिपालु थिए । आफूहरूले अवलम्बन गरेको उद्देश्यसम्म पुग्नका लागि उनीहरूले व्यवसायसमेत परिवर्तन गरिरहन्थे । सन् १९९२ तिर संसारभरि र खासगरी अमेरिका तथा फ्रान्समा साइकल आतङ्क थियो । संसारभरकै मान्छेमा साइकल मोह अधिक देखियो । हरेक मान्छेमा देखिएको यही साइकल मोहलाई उपयोग गर्दै राइट दाजुभाइले एउटा साइकल कारखाना खोल्ने निधो गरे र खोले पनि । राइट दाजुभाइले जेजस्ता गतिविधि गरे पनि वा आयआर्जनमुखी व्यवसाय गरे पनि ती सबैको केन्द्रमा उडानसम्बन्धी कार्य वा गतिविधि हुन्थे । सानैदेखि उड्ड्यन कार्यप्रतिको रूचिका कारण त्यसलाई सहयोग पुग्नेगरी उनीहरूले आफ्नो व्यवसाय सन्चालन गर्थे । जुनसुकै व्यवसायबाट प्राप्त पैसाचाहिँ उड्डयनकै कार्यमा लगाउने अठोट उनीहरूले लिएका थिए । यसको दृष्टान्तस्वरूप भन्नुपर्दा उनीहरूले प्रकाशन गर्ने पत्रिकामा जर्मन ग्लाइडर्स अर्थात् आटो विलियन्थलनामक मानव ग्लाइडर बारेका समाचार छाप्न थाले । जर्मन ग्लाइडर्सबारेका समाचारले पत्रिकाको बिक्रीमा बढोत्तरी भयो । पत्रिका बिक्रीबाट प्राप्त पैसा अनि साइकल बिक्रीबाट प्राप्त पैसालाई उनीहरूले उड्डयनकै कार्यमा लगाउँदै गए ।

वटो विलियन्थल मानव ग्लाइडर थिए । उनले ग्लाइडर निर्माण गरेर उड्डयनको चेष्टा गरेका थिए । ग्लाइडर अर्थात् चराको जस्तै पखेटा भएको वस्तु मानव शरीरमा जडान गरेर उड्न सकिन्छ भन्ने ध्याउन्नमा लागेका वटो विलियन्थलको ग्लाइडर चलाउने क्रममा सन् १९९६ अगस्टमा निधन भयो । पखेटाकै भरमा चराचुरूङ्गीहरू आकाशमा उड्छन् भने त्यस्तै पखेटाको भरमा मानिस पनि उड्न सक्छ भन्ने विश्वास उनमा थियो । तर त्यो वस्तुवादी सोच थिएन । उनी मानव शरीरमा पखेटा बनाएर उड्न चाहन्थे तर उर्जाशक्तिविना त्यो सम्भव थिएन । त्यो मात्र एउटा दुःसाहस थियो । परिणामतः उनी दुर्घटनामा परे, मृत्युवरण गरे । उनी राइट दाजुभाइका लागि अनन्त उत्सुकता, आकाङ्क्षा, जिज्ञासा, उत्कण्ठाका स्रोत बने, प्रेरणाका स्रोत बने । राइट दाजुभाइमा उद्दीप्त भएको यही उत्कण्ठा र जिज्ञासाले सन् १९०३ डिसेम्बर १७ मा साकार रूप लियो ।

राइट दाजुभाइले विलियन्थललाई राम्रोसँग चिन्दथे । उनीहरू विलियन्थलको अभ्यन्तर चाहना, अनवरत प्रकृतिको लगाव, पवित्र भावना तथा उद्देश्यका बारेमा पूर्ण रूपमा परिचित थिए र प्रभावित पनि । त्यस समयको वटो विलियन्थललाई र उनका समग्र क्रियाकलापलाई बुझ्ने व्यक्ति भनेकै राइट दाजुभाइ थिए । त्यसैले विलियन्थलको उन्नत प्रकृतिको चिन्तन, साहस र सङ्घर्षका गाथालाई आफ्नो पत्रिकामा समाचार बनाएर छाप्थे । राइट दाजुभाइ विलियन्थलका प्रशंसक थिए । विलियन्थलको मृत्युपछि पनि उड्डयन क्षेत्रमा राइट दाजुभाइ थप जिज्ञासा र उत्कण्ठासहित अघि बढ्दै गए ।

## उड्डयन अनुसन्धानमा राइट दाजुभाइ

वटो विलियन्थलको मृत्युपछि राइट दाजुभाइमा उड्डयनका बारेमा थप प्रश्न, जिज्ञासा, उत्सुकता जागृत भयो । त्यसपछि उनीहरू त्यसबाट प्राप्त प्रेरणाको अनुसरण गर्दै र परिणामलाई पछ्याउँदै उड्ने यानको अनुसन्धानतिर लागे ।

राइट दाजुभाइले साइकल कारखानाबाट जम्मा भएको पैसा तथा पत्रिका बिक्रीबाट आएको पैसा जम्मा गर्दै गए । यिनै माध्यमबाट उड्डयनका क्षेत्रमा थप अध्ययन अनुसन्धान हुन थाल्यो । उड्डयन अनुसन्धानका क्रममा सुरूवाती चरणमा विल्भर राइटको विशेष चासो र योगदान रहन गएको छ ।

राइट दाजुभाइको अनुसन्धानमा तीन प्रकृतिका समस्या विद्यमान थिए । ती हुन्- control, engine र wings (नियन्त्रण, इन्जिन र पखेटा) । यी तीनमध्ये पनि कन्ट्रोल मुख्य समस्या थियो । त्यसको समाधान राइट दाजुभाइले दिए । त्यही कारण उड्डयनका क्षेत्रमा चमत्कारिक विकास हुनसक्यो । आज जुन प्रविधिको विकास भएको छ त्यसको केन्द्रमा कन्ट्रोल रहेको छ । कन्ट्रोलको समाधानले नै यस क्षेत्रमा महत्त्वपूर्ण उपलब्धि हासिल भएका हुन् । यदि नियन्त्रण नै नभइदिएको भए आजका उपलब्धि सम्भव नै थिएनन् ।

राइट दाजुभाइका अतिरिक्त अन्य वैज्ञानिकले पनि उड्डयनका क्षेत्रमा चासो देखाएका हुन् । अन्य वैज्ञानिकको जोड पखेटा र इन्जिनमा थियो । अर्थात् उडानका लागि पखेटा र शक्तिका लागि इन्जिन भए पुग्छ भन्ने धारणा थियो । खासगरी इन्जिन र पखेटामा विशेष फोकस गर्नेहरूमा -एडर, भ्याक्सिम र ल्याङलि थिए । यिनीहरूले कन्ट्रोलमा फोकस गरेनन् ।

विल्भरले चराहरूको उडान प्रक्रियाको निरीक्षण गरे । त्यसक्रममा चराहरूले दायाँबायाँ मोड्दा पखेटा बङ्ग्याउने गरेको कुरा उनले पत्ता लगाए । यसमार्फत कन्ट्रोलसम्बन्धी अनुसन्धान गर्न उनीहरूलाई सहज भयो ।

अन्य वैज्ञानिक अनुसन्धाताका विचारमा हावाको वेगमा पाइलटले कन्ट्रोल गर्न सक्दैन भन्ने थियो । तर राइट दाजुभाइको विचार/धारणा भने पाइलटले नै कन्ट्रोल गर्नुपर्छ भन्ने हो । त्यसको परीक्षण पनि उनीहरूले जुलाई २७, १८९९ मा गरे ।

लामो समयको अध्ययन-अनुसन्धानपश्चात् उनीहरू परीक्षणमा जुटे । परीक्षणका लागि उपयुक्त स्थान चाहिन्थ्यो । उनीहरूले नर्थक्यारोलिनाको किटिहक मैदानलाई रोजे । त्यहाँ जान सुझाउने व्यक्ति अक्टेभ स्यानुट थिए । स्यानुटले त्यो मैदान नै सुझाउनुको कारण थियो– विशाल खुला मैदान, हावा प्रशस्त लाग्ने, बालुवाको मैदान हुनाले ल्याण्डिङसम्बन्धी सहजता । यही कारण परीक्षणका लागि उनीहरूले किटिहक मैदान रोजेका थिए ।

## उड्डयन अभ्यास/प्रक्रिया

स्यानुटले सुझाएअनुरूप सन् १९०० मा दुवै दाजुभाइ नर्थक्यारोलिनाको किटिहक मैदानमा गए । किटिहक मैदानमा डेरा जमाएर बसेका उनीहरू तीन वर्षजति प्राविधिक समस्या समाधानमा लागिरहे ।

कन्ट्रोलको समाधानका लागि तीनवटा विधिप्रतिको संवेदनशीलतालाई उनीहरूले जोड दिए । ती हुन् : (i) side to side (दायाँ र बायाँ) (ii) up and down (तल र माथि) (iii) Lateral Movement (पखेटाको ताल/तल-माथि गति) ।

राइट दाजुभाइको मुख्य समस्या कन्ट्रोल (नियन्त्रण) थियो । त्यो समाधान भएपछि उनीहरू शक्ति सञ्चयतर्फ केन्द्रित हुन थाले । जति सक्दो प्लेनको तौल घटाउनु उपयुक्त हुने ठानेर उनीहरूले आफ्नो साथी चार्ली टेलरलाई इन्जिन बनाउन अनुरोध गरे । राइट दाजुभाइले भनेबमोजिम चार्ली टेलरले छ हप्ता लगाएर उक्त इन्जिन बनाएका थिए ।

डिसेम्बर १४, १९०३ विल्भरले तीन सेकेन्ड मात्र जहाज उडाउन सफल भए । तर त्यो सफल परीक्षण थिएन । अभ्यास मात्र थियो । अर्थात् त्यसमा कन्ट्रोल हुन सकेन । कन्ट्रोलविनाको उडानलाई उनीहरूले सफल परीक्षण मानेनन् ।

डिसेम्बर १७ का दिन बिहान १० बजेर ३५ मिनेट जाँदा भाइ ओर्भिलले १२ सेकेन्डमा १०:०९ कि.मी. परआवरको गतिमा जहाज जमिनमाथि उडाउन सफल भए । त्यसै दिनका अरू दुई उडानमध्ये विल्भरले जमिनभन्दा १० फिटमाथि १७५ फिटको दुरीसम्म उडाए भने ओर्भिलले २०० फिटसम्म उडाए । त्यस दिनको १७ डिसेम्बर १९०३) अन्तिम उडान १२ बजेतिर दाजु विल्भरले ५९ सेकेन्डमा ८५२ फिटको दुरीसम्म जहाज उडाउन सफल भए ।

सन् १९०३ डिसेम्बर १७ को यस ऐतिहासिक घटनाको प्रत्यक्ष अवलोकनका लागि राइट दाजुभाइले सक्दो खबर गरेका थिए । धेरैलाई खासै विश्वास नलागेर होला त्यस दिनको त्यो ऐतिहासिक घटनाका प्रत्यक्षदर्शी जम्मा पाँचजना मात्र भए । ती भाग्यमानी पाँचजना थिए– याकम मथरिज, जोन टी ड्यानियल्स, विल डो, डब्लु.सी. विङ्क्ली र जोनी मोर । त्यस दिन र पछि पनि राइट दाजुभाइले कुनै पनि उडान गरेनन् ।

## पुछारमा

नर्थक्यारोलिनाको किटिहक मैदानमा भएका भौतिक संरचना अनि ती संरचनाबाट प्राप्त तथ्यसँग अन्तरघुलित हुँदै गर्दा जेजे देखियो, सङ्ग्रहालयका भित्तामा टाँसिएका समाचार, सूचना, टिप्पणी जेजे पढियो तिनको छिपछिपे बुझाइ हो यो लेखन । त्यो पनि पुस्तकालयमा बसेर गरेको अध्ययन अनुसन्धान नभई यात्राका क्रममा सग्ला आँखाको दृष्टि र दृष्टिपश्चात् मनले ठम्याएको सत्यलाई शब्द विम्बमा ढालिएको मात्र हो ।

राइट दाजुभाइले उडाएको पहिलो प्लेनको सक्कलै प्रति वासिङ्टन डी.सी. स्थित NASA (National Aeronautics and space Administration) को सङ्ग्रहालयमा राखिएको छ भने वटो विलियन्थलले प्रयोग गरेको ग्लाइडर पनि त्यही सङ्ग्रहालयमा राखिएको छ । सन् २०२४ फेब्रुअरी २२ का दिन त्यसको पनि त्यहीँ अवलोकन गर्ने अवसर मिल्यो । त्यस प्लेनका दुईवटा नमुना (एउटा काठको र अर्को फलामको) भने नर्थक्यारोलिनामै रहेका छन् ।

राइट दाजुभाइहरूका गतिविधिको चर्चा फ्रान्समा भइरहेको थियो । तर त्यस्तो अविस्मरणीय घटना भइरहँदा अमेरिकामा यसबारे कुनै चर्चा थिएन/भएन । अमेरिकाको छापाले यसलाई खासै महत्त्व दिएन । राइट दाजुभाइले प्लेन उडाइरहँदा हेर्ने दर्शक पाँच जनामात्र हुनुले पनि त्यसको पुष्टि मिल्छ । अन्यथा त्यस घडी किटिहक मैदानमा मानवसागर उर्लनु पर्थ्यो । त्यहाँ त कागजको प्लेन उडाएजस्तो भयो सायद । तर पेरिसमा भने यस घटनाको प्रशस्त चर्चा भयो र थप अध्ययन अनुसन्धान पनि भइरह्यो ।

त्यसपछिका दिनमा राइट दाजुभाइले उड्डयनको क्षेत्रलाई सुधार गर्न निरन्तर प्रयत्न जारी राखे ।

# जीवनबोध



**गणेश विषम**

छाया पर्खेसरि बगरका शुष्क पाषाणले झैँ
माया पर्खेसरि विरहमा लाहुरे जीवनीझैँ
तिर्खाएकी चकित हरिणी प्यासमा तड्पिएझैँ
हाम्रो चोला विकट पहरामाथिको बीजजस्तै

हामी कैले मधुर मुरली धून सुन्दा फुरुक्क
हामी कैले विभव थपिने लोभमा नै हुरुक्क
हामी कैले अरूहरू गिरून् मै बनूँमा गमक्क
हामी कैले अरूसँग मिली पाउँ क्यै झैँ समस्त

यो दोधारे अलमल अहो ! के छ हाम्रो समीप
कस्ले पायो रसमय मिठो स्वाद औ रङ्गरूप
हिँड्दाहिँड्दै सडकसडकै पाइताला खिइन्छन्
खोज्दाखोज्दै मधुमय सुधा कोषिका झोलिइन्छन्

हामी सोच्छौँ अझअझ नयाँ फूलजस्तै बनूँ म
हामी सोच्छौँ वरपर सदा स्वप्नझैँ फैलिऊँ म
मेरो बास्ना सबतिर खुलोस् मै बनूँ सर्वव्यापी
भन्दै जाँदा अनि त किन हो मै स्वयं सर्वनाशी

यो चोलाले दिनदिन नयाँ रूप खोज्दै रहन्छ
यै चोला हो जति छ यसमा क्यै त हारीरहन्छ
यो चोलाले अब सब जिते पूर्ण भो भन्छ फेरि
यै चोला हो सब गुमिसक्यो भन्छ यै हात हेरी

हेर्दै जाँदा सबतिर अहो ! जिन्दगी मात्र रित्तो
राख्दै जाँदा मनभरि कुरा भित्रको स्थान रित्तो
यो रित्तोको पछिपछि हुने आशको बोझ रित्तो
रित्तो रित्तो अहह ! दुनियाँ देखिने मात्र रित्तो

हामी पायौँ भनिकन उठौँ केश सेता हुनेछन्
हामी बाँच्यौँ भनिकन उठौँ लाश थुप्रा हुनेछन्
हाम्रो पैलो रहर जति हो चुल्बुले जोश मात्र
हाम्रो पैलो प्रखर प्रतिभा प्राप्तिको होश मात्र

हाम्रो प्राप्तिस्थल झिलिमिली स्वर्ग झन् दूर बन्छ
हाम्रो बालापन र रसिलो खेलले मर्म छुन्छ
पाएकै हो यदि सब भने खै त त्यो आज के छ ?
प्यूँदै जाँदा रसमय सुधा प्राप्ति नै हार रै'छ

ए भोलिका मधुमय मुना ! जिन्दगी राख्न जाने
ए आशाका किरणहरू हो ! फैलिई खुल्न जाने
ए मायाका लहरहरू हो ! सम्झना पोख्न जाने
ए बाँच्नाका तमकहरू हो ! छैन क्यै भन्न जाने

छैनन् केही पनि र त यहाँ खोजिने गर्छ केही
मर्छौँ हामी अनि र यहाँ बाँच्न खोजिन्छ फेरि
यो कस्तो हो रचित किन यो ? जिन्दगी बुझ्न पाए
हामी बन्थ्यौँ सुललित कला स्वत्वमै खुल्न पाए ।

# लुक्लामा यताउता



युवराज नयाँघरे

'यता रे यता !'

हामी एयपोर्टतिर दगुऱ्यौँ ।

लगत्तै खबर आयो– 'हेली आउन सकेन रे । तल मुसे गाउँको स्कुलतिर जानुपर्ने भयो रे ।'

हामी फेरि विमानस्थलबाट दगुरेर ओरालो झर्न थाल्यौँ । चिप्लो बाटो, ढुंगेनी उबडखाबड, खुट्टा चिप्लिने डर । हुत्तिई–हुत्तिई एउटा घुम्ती ओर्ली नसक्दै फेरि खबर आयो ।

'कुइरो लागेर चौंरीखर्क गयो रे हेली । उतै पुग्नु रे ।'

हामी हतारिई–हतारिई भीरको बाटो ओर्लिइरहेका छौँ ।

यस्तै पाँच मिनेट ओरालो हस्याङ्फस्याङ् ओर्लिंदै गर्दा लुक्ला एयरपोर्टबाट फोन आएछ– 'फर्कनु रे फर्कनु ।'

'हेली माथि खाङ्री होटलको हेलिप्याडमै आउँदै छ रे ।'

अहिले यो खबर सुनाउनेले हातको मोबाइल र वाकीटकी सरोबरी चलाएको म देखिरहेथेँ ।

उनको उर्दी सुनेर हामी फेरि फनक्क फर्क्यौं– लुक्लातिरै ।

०००

अघि हतार र हडबडसँगै ओर्लिएका पैतालालाई उकालोमा गाह्रो भयो । फेरि गरूँगा झोला पनि सँगसँगै छन् साथमा । स्वाँ–स्वाँ राम्रैसँग बढ्यो ।

'तलतिरै पो बस्लाजस्तो छ ।'

आङ कामीले भने ।

म र उनी सँगसँगै छौँ । दिन छ अँधेरो । बादल बटारिएर झर्रूँला-झर्रूँला भएको छ । नाक चिसिएको छ ।

हामी माथि आइपुग्यौँ- खाङरी होटलमा ।

पासाङ ल्हामु शेर्पाको सालिक जोडिएको ठाउँ पुगेर आकाश हेर्दा हेलिकप्टर फेरि तलतिरै हुइँकियो । बादलले घ्वाप्प छोप्यो । खाङरीकै छेउमा उभिरह्यौँ हामी ।

पानी बिर्बिराउन थाल्यो ।

हावाको फुइँकीमा लेकाली कुइरोले फेरि लुक्ला छोप्यो घ्वाप्पै । सेतो फुसफुसे कुइरो घरी बाक्लो, घरी पातलो भएर हाम्रै वरपर कुदिरहेथ्यो ।

०००

२० भदौ २०७८ ।

बिहानै खबर आयो- 'आज जहाज नआउने भए ।'

'त्यसो भए लुक्लामा आराम गरूँला नि त ।'

ल्हाक्पा बूढाले भनेपछि मैले तातोपानीमा चोबलेर ज्यान सन्चो पार्न खोजेँ । गलेका पासुँला र घुँडाका पाङ्ग्रा सेकताप गर्ने मन गरेँ ।

बिहानभरि पानी बिर्बिराइरहेथ्यो । लुक्लालाई राम्रै हेर्ने मन भए पनि मौका मिलिरहेको थिएन । बीरू मगर कता-कताबाट टुप्लुकिए खाङरीमै ।

'आज नजाने भन्ने सुने के रे मैले त !'

'जहाज ओर्लन नसक्ने मौसम छ रे । जहाज नभएपछि जाने कुरो नि भएन ।'

मैले बीरूलाई उत्तर फर्काएँ ।

'त्यसो भए बजार डुलौँ ।'

उनले यसो भनेपछि मैले लुगा फेरेर बाहिर निस्किने मन गरेँ । होटलमा बुझ्दा जहाज नआउने नै भएको पक्कापक्की भयो । अनि बिर्बिराएको पानी थामिएपछि

हामी मगरको घरतिर लाग्यौँ ।

'लुक्लाको अर्थ के रै'छ ?'

मैले शेर्पा टोलतिर लाग्दा सोधेँ ।

'उहिल्यै भेडीखर्क हो यो ठाउँ । खुम्बुबाट पनि भेडा चराउन ल्याउँथे । तल ओखलढुंगातिरबाट भेडा चराउँदै यो पाखोसम्म ल्याएर महिनौँ राख्थे ।'

बीरूले अरू थपे– 'शेर्पाहरू भेडालाई 'लुक' र खर्कलाई 'रा' भन्छन् । लुकरा बिग्रेर लुक्ला हुन पुगेको लाग्छ ।'

हामी हिँडिरहेका छौँ । थाक्छु बेस्सरी । घाम चर्केको छ । वरपरका चुली र बस्ती मज्जाले खुलेका छन् ।

हामी तामाङ टोल नाघेर पाइला बढाइरहेका छौँ । २–४ जना गोरागोरी देखिए । गलाभरि धेरै खादा र माला थिए तिनका ।

'बीरू खुबै सत्कार पाएछन् त कुइरेका जोडीले ।' आँखा त्यतातिर सन्काएर मैले सोधेँ ।

उनी फिस्स हाँसे । अनि बोले– 'गए बर्खदेखि कुइरे नै देखिएनन् । कुइरे नआएपछि हाम्रो कमाइधमाइ सबै चौपट भइगो । अनि त होटलै पिच्छेकाले स्वागत–सम्मान गरेका होलान् ।'

'होलान्– होलान् ।'

मैले सही थापेँ ।

म भुइँ र आकाश दुवैतिर हेर्दै लम्किरा'छु । घरका छत–छतमा बाँधिएर हल्लिएका लुङ्ताको झल्झलाकारले मनको कुनाकुनी उज्यालो हुन्छ । राता, नीला, हरिया, सेता, पहेँला लुङ्ताको फिरफिरले सिङ्गै लुक्ला सजिएको छ ।

एयरपोर्टको छेउ भएर हामी दक्षिणतिर गइरहेका छौँ । बाटैभरि खच्चड, घोडा र जोप्क्योका ताँती छन् ।

एयरपोर्टको छेउ निकै हिँड्दा अहिले गर्मी पो भयो । बिहानको १० बजेको तातो खुबै रन्केको छ । पसिना मज्जैले आएछ– ढाड र कुनाकानीतिर । बाक्ला लुगाले पुरिएको थिएँ । त्यो पुराइले पसिनाका दह र रह उमारिरहेछ ।

हामी गुम्बा टोल पुगेछौँ । ३-४ आइमाई कपाल भुत्लाभुत्ली गरिरहेथे- गुम्बा टोलको पुछारमा ।

बीरूले हप्काए- 'ए तेरो फूर्ति तल कोशीपारि देखा । यता पाउन्नस् ।'

मैले सोधेँ- 'के भो बीरू दाइ ?'

'यो लोग्ने छोड्ने । फेरि ३-४ मैनापछि अर्को लिएर आउने गर्छे । यसका दर्जन लोग्ने मैले गनिसकेँ । मूल लोग्ने मरिसक्यो । सोझा देवरहरूसँग अंश चाहियो भनेर हैरान गर्छे ।'

उनले बेलिबिस्तार लाए ।

'पाँच वटा लोग्नेका पालासम्म त तीन याक र दुई जोप्क्यो दिएका पनि थिए अंशको रूपमा । सबै बेचेर खाई । फेरि माग्न आइराख्छे । गति छाडा, सरम छाडा ।'

हिमाल होस् कि तराई- अंशको रोगले नछोएको ठाउँ रहेनछ । फेरि एक पटक गर्मी भयो- यो कलह देख्दा ।

फुटबल ग्राउन्डमा जोप्क्योका बथान थिए । कोही उग्राइरहेका, कोही चरिरहेका । काला, सेता, राता र झालेमाले जोप्क्योका बगाल छिचोलेर बाक्लो बस्तीतिर पस्यौँ ।

मुसे गाउँ जाने गोरेटो भएर डिलसम्म पुग्यौँ । यहीँबाट चौरीखर्क र त्यस वरपरका गाउँ हेरेर मन भुल्याइयो ।

लुक्ला बजार अब यतातिर सर्दै गएको हो कि झैँ लाग्यो । माथितिर ठाउँ नभएर यो तलतिर फैलेर गएझैँ देखिन्थ्यो ।

मुसे गाउँबाट केही पर रहेको सुर्के गाउँ पनि थोरथोरै देखियो । हरियो जङ्गल र मास्तिरको मेरा पिकले रेखदेख गरेको लाग्छ- लुक्लालाई ।

हामी राई गाउँ आयौँ- घुमेर ।

'चिया खाउँ कि खाना ?'

बीरूले सोधे ।

'भात त उतै पाकेको छ । चियाभन्दा पनि तातोपानी ठीक होला ।' मैले भनैं । किनभने उनीसँग धेरै गफ्फिएर लुक्ला चिन्ने मन मात्रै एकोहोरिएको छ मेरो त ।

कुइरो फेरि आएछ ।

हामी घरको बरन्डामा गएर बस्यौं । बादल र घामको लखेटालखेट भएछ । त्यसको घान भएछौं हामी । घरी ओठै थर्थराउने, घरी कन्चटै पोल्ने ।

मैले यी दुवै खपी-खपी पारि रहेको अस्पताल हेरैं । पासाङ ल्हामु-निकोल निक्की हस्पिटल जाने बाटो भएर उडिरहेको भुइँ कुइरोमा मन दगुराइरहैं ।

दक्षिणतिर भुरूप्प बस्ती देखिन्थ्यो- नाकचुङ ।

'नाकचुङ र लुक्लाको कथा छ नि । नाकचुङले लुक्लालाई उहिले-उहिले खिसी गरेर भन्थ्यो रे- 'के खान्छ लुक्लाले । सधैं कुइराले ढाक्छ । अन्नपात फल्दैन । घामको मुख देख्न पाउँदैन । तर समयकाल बदलियो । अहिले लुक्लामा बजार बस्यो, विमानस्थल बन्यो ।'

'आजभोलि लुक्लाले नाकचुङलाई हियाएर भन्छ रे- 'त्यो कोप्चे गाउँ नाकचुङले के खान्छ ? कमाइधमाई थोरै छ- कसरी बाँच्छन् नाकचुङका मान्छे ?'

राति खाङ्रीमा आगो तापिरहेका एक जना बूढा शेर्पाले यो कथा सुनाएथे । बिहान तिनलाई भेट्न जाँदा उनी गइसकेथे ।

अहिले नाकचुङ गाउँ देख्दा बेलुकीको गफगाफ सम्झैं मैले ।

ooo

अनि बीरूले आफ्ना कथा सुनाए । तातो चिया र आरामसँगै उनका कुरा सुन्दै छु ।

'कुइरे लिएर बेस क्याम्पसम्म कति गइयो कति ।'

'भारी बोक्ता-बोक्ता काँधको मासु नै मरिसक्यो सर ।'

'गाउँमा गोरो हुइन्थ्यो के रे । हिमाल पुग्दासम्म नाकेडाँडी डढेर कालै हुन्थ्यो । त्यस्तो काले-गोरे सयौं खेप भएँ म ।'

बीरूले लुक्लातिरको उज्यालो बजार देखाएर भने- 'यी हरेक घरमा काँधको मासु मरेका कथा मात्रै छन् ।'

'अझ धेरै त पर्खिनेहरूका कुराले निकै घर ठडिएका छन् । लोग्ने हिमाल गएर अहिलेसम्म नफर्किएका कुरा यी घरका २-३ पुस्ते कथा बनिसकेका छन् ।'

बीरू बोलेको सुनिरहेको छु । घामको रापमा हरिया, नीला, राता, पहेँला, टिनपाते छानामा रङ्गीबिरङ्गी लुक्लाका घर हेर्दैछु । मन पनि त्यस्तै बनाइरहेको छु म ।

दुःखको भुइँकुइरो त यता पो रहेछ !

'अब जानुपर्ने भयो हामीले खाङरीतिर । खबर आएको रै'छ भर्खरै । हेलि आउने भयो रे । जाऔँ-जाऔँ । फेरि छुट्यो भने हप्तौँ थुनिनु पर्छ ।'

बीरूले मलाई फर्किने कुरो सुनाएर हतारो पनि गरिछाडे ।

त्यसपछि हामी फर्क्यौँ ।

राई टोलको भीडभाड । फुटबल मैदानको लिदी गन्ध । गुम्बा टोलको चेप । विमानस्थलको चकमन्नतापछि तामाङ टोलको कल्याङमल्याङ । अनि शेर्पा टोलपछि मगर टोल भएर हामी खाङरी होटल पुग्यौँ ।

बाटोभरि पसिना छुटाउने गर्मी भयो साथी । अहिले फेरि बादल ओर्लिएर लुक्ला अँधेरियो ।

'कत्ति छिटो फेरिने होला मौसम पनि ।'

मैले भातका गाँस निल्दै गर्दा कुरा खेलाएँ ।

मेरा कुरा सुनेजस्तो होटलका कर्मचारी भाइ बोले- 'लुक्लाको वेदर चिन्नै मुस्किल । कतिखेर के हुन्छ-हुन्छ ।'

म मुस्काएँ ।

हतारिएर कोठा पसेर लुगा लगाएँ । तल आउँदासम्म ल्हाक्पा बूढा, आङ कामी र अरूहरूका पनि भारीतारी भरिसकेका रै'छन् आँगनमा ।

मैले बीरूलाई भनैँ- 'चौरीको घ्यू चाहिएथ्यो । पोलेको घाउमा लाउनसम्म पाए पनि हुन्थ्यो ।'

उनले ठाडा कान लाएर आँखा यताउता घुमाए ।

'यो पटक ओखतीलाई, अर्को पटक खानलाई ।'

म मुस्काएर बोलेँ ।

बीरूले भने– 'म काठमाडौँ नै पठाउँला । आज खोज्न भ्याइएन । हेलि आउन लागेको छ रे ।'

'म आउन नसके पनि कसैका हात पठाउँछु लुक्लाको घ्यू ।'

त्यसपछि हामी झोला बोकेर हेली चढ्न एयरपोर्टतिर गयौँ ।

०००

हावा बेस्सरी लाग्यो ।

बादलको मुस्लो तल दुधकोशीबाट लुक्लातिरै पस्यो । चौरीखर्कको बादलले पनि यतै घचेट्यो कुइराको गुजुल्टोलाई ।

हामी एयरपोर्टमा उभिएर पर महा पर हेली कराएको सुन्दैछौँ । बादलको अन्धमुष्टिले लुक्ला घ्वाप्पै छोपेको छ । पानी बिर्बिराएर नाक, हात, ओठमा डस्न थालेको छ । जाडो फेरि फर्केर आएको ठान्यौँ ।

'तपाईंहरू तल जानुपर्ने भयो । हेली यता आउनै सकेन ।'

एयरपोर्टका कर्मचारीले भनेपछि हामी मुसे गाउँतिर झर्‍यौँ ।

त्यहीबेला यता र उता भनिरहे । हामी पनि घरी मुसे गाउँ, घरी चौंरीखर्कतिर दगुर्न लागिरह्यौँ । फेरि लगत्तै खबर आयो– 'यता रे यता ।'

'कता हो ?'

आङ कामी कराए ।

'चौंरीखर्कबाट हेलि फर्क्यो रे । खाङ्रीको हेलिप्याडतिर फर्किनु रे ।' हामी फोनमा कुरा सुनेर फेरि फर्क्यौं ।

बर्खाको चिप्लो बाटो । अप्ठेरो, उबडखाबड र जोप्क्योले बिगारेको हिलाम्मे बाटो नाघेर हेलितिर कुदिरहेथ्यौँ । मनमा कताकति कुरा खेल्दै थिए– 'एडमण्ड हिलारी र तेन्जिङ नोर्गेले पनि यही बाटो त गएथे होलान् नि सगरमाथा उक्लिन ।'

एउटा भिन्नै खुशीको बास्ना मनभरि छरेर हेलिप्याडतिर गइरहेको छु । अघि–पछि ल्हाक्पा बूढा, आङ कामीहरू पनि लम्किरहेकै छन् ।

हामी हेलिप्याड पुग्दासम्म हेलिकप्टर चारै दिशा उडाउँला झैँ गरी आइपुग्यो । पङ्खा बेतोडले घुमिरहेकै थिए । हावाको हुइँक्याइ थियो चर्को न चर्को ।

'टाउको निहुराउनु है टाउको ।'

आङ कामी कराए ।

पङ्खाले छिनाल्ला भनेर हो कि । मैले धेरै कुरा सम्झिराख्नै भ्याइनँ । फनफनी घुमेको पङ्खामुनि सकेसम्म निहुरेर हेलिभित्र छिरेँ । म पछि आङ कामी छिरे । अगाडिपट्टि पाइलटसँगै बसिसकेथे- ल्हाक्पा बूढा ।

पछाडिपट्टि अरू दुई जना पसिसकेथे । म गएर बसे लगत्तै आङ कामी शेर्पा पसे ।

हेलिको इन्जिन चलिरहेकै थियो । झोलाझ्याम्टा कता पुगे थाहा भएन । हामीले सिट बेल्ट बाँधेलगत्तै हेली जुरूक्क उचालिएर हुनहुनाएर दुधकोशीतिर पस्यो ।

बादलको गुजुल्टो सुरूमा घ्वाप्प भेटिए पनि सङ्लो नदी देखिने उज्यालो दिन टुप्लुकियो । मन थोरै भए पनि हाँस्यो ।

अनौठा-अनौठा काला पहाड र चुचुरा देखापर्न थाले । दुधकोशीको कञ्चन पानी सेताम्मे फिँज पोखेर बगिरहेथ्यो-बगिरहेथ्यो । कतै-कतै हिउँका रास चेप, खोँच र कुनाकाप्चामा अरिमट्टिएर बसिरहेका देखिन्थे ।

हामी एकनासले उडिरहेका थियौँ ।

बेला-बेलामा खोला छोडेर हेलीले डाँडाका टुप्पा नाघेर बेग मार्छ । ल्हाक्पा बूढाले निकै खेप औँला तेर्साएर खोलो मोडिएका ठाउँमा पाइलटलाई बाटो देखाएको देखिरहेथेँ म ।

'देब्रे च्याप्नु देब्रे ।'

उनी खोलाको वल्लोभन्दा परतिर भित्तो हेर्न सावधानी गराइरहेथे । मन बेला-बेला चिसिएर झसङ्ग-झसङ्ग हुन्थ्यो ।

लुक्लाबाट उडे लगत्तै हरिया पहाड र बस्तीहरू बाक्लै टुप्लुकिए । खोलो एउटै थियो । छेउका आङ कामीलाई फुसफुसाउँथेँ- 'कहाँ पुगियो होला ?'

उनी घडी हेरेर अनुमान लाउथे- 'हलेसी पुगेको छैन ।'

पहाडको पनि तह-तह हुँदोरहेछ । हावा, हिउँ र घामले पहाडको उचाइलाई मिलाएर राख्दा रहेछन् कि भन्ने भइरह्यो । सल्लेरीबाट धेरै तल आएपछि हेलिकप्टर ओखलढुङ्गाको रूम्जाटार हुँदै गएको सङ्केत मैले पाएँ ।

किनभने यही ठाउँमा केही वर्ष अघि आउँदा यसको नापनक्सा मेरा मनमा थपक्क बसेथ्यो ।

बाटामा बादलका गुजुल्टा काला, सेता र घुर्मैला भएर खुबै भेटिए । बर्खा बेला भएकाले बादलका रास पनि कपाल नरम जस्ता नभएर औधी कठोर चट्टान भएर थेच्चिएका हुन् कि जस्तो आँखाले ठान्थे ।

त्यो बेला हेलीले बाटो मोडेर दायाँ-बायाँ गर्थ्यो ।

रामेछाप टेकेको हुनुपर्छ हामीले । त्यै बेला एक ठाउँमा बादलको एक सरो पर्दा छिचोल्दा गुजमुज्जे पहाड टुप्लुकिएको थियो । हेलीले आफ्नो ज्यान जुरूक्क उचालेर हुइँक्याएको थियो आकाशमा ।

ओहो, त्यो बेला मुटु कति चिसियो कति ! सिङ्गो जिउ नै डराएर डल्लो परेको थियो ।

०००

४० मिनेट भने पनि छिनछिनमा घडी हेर्थें । जति हेरे पनि एक मिनेटमा एक मिनेट मात्र गएको हुन्थ्यो । बल्लतल्ल घडीको सुई घुमेको देख्थेँ म ।

ओहो, आकासमा थाहा हुँदो रहेछ समयको मूल्य । भुइँमा त हप्तौँसम्म घडी नहेरेर पनि बितेका दिनहरू छन् । तर यो बेला म कति धेरै पटक हेरिरहेको छु घडी ।

यो घडी चाँडो घुमोस्, छिटो उडोस् र चाँडो पुगोस् भुइँमा हेली । यति नै अर्थ होला- यो घडीको हेराइमा ।

०००

मैले जाँदा ख्याल गरिनछु । अहिले पो देखिरहेछु हरिया पहाड, डाँडा, चुचुरा र भीरतिर जतासुकै कोतरकातर गरिएको छ । आकाशबाट भुइँमा देख्दा जतासुकै पहिरिएका डाँडा, चिथोरिएका पहाड र रातै माटो बगेका घाइते चुचुराको लस्कर आँखामा ठुङ मार्न आइरहन्छन्... आइरहन्छन्... ।

डोजरले भीर कोपरेका, माटो–ढुंगा उक्काएर बिरूप पारिएका र धमिला खोला कुदिरहेका देख्ता मन पटक–पटक बिरसिलो हुन्थ्यो । जतासुकै बाटाहरू दगुरे पनि पहिरिएका डाँडाहरू झन् टुप्लुकिन्थे ।

छिया–छिया परेका पहाडका तरेली नाघ्दै हामी उडिरहेका थियौँ । हेलीका पाइलटले काने मोबाइलबाट विमानस्थलमा कुरा गरेको, लुक्लाको हावाको गति र अरू मौसमबारे बताएको मज्जाले सुनिरहेथेँ म ।

हेलिभित्रको रेडियो यन्त्रमा बंगलादेश, भारत, श्रीलंका र चीनका जहाजहरूले यता आउँदा मागेको बाटो सूचना पनि गजबले सुनिन्थ्यो ।

'मौसम बिग्रेको छ रे । लामिडाँडामा रोकिने हो कि ?'

पाइलटले बोलेको पनि सुनेँ ।

फेरि बस्तीहरू बाक्लै नाघेर हामी उडिरह्यौँ । पर–पर काला बादलले पानी पारेको देखिए पनि हाम्रो उडान रोकिएन । पानी परिरहेको जस्तो देखिए पनि हेलिले आफ्नो पङ्खा घुमाउन छोडेन ।

बनेपा बजार माथि हेली पुग्दा म हुनसम्म रमाएँ । किनभने अब काठमाडौं पर छँदै थिएन । लामो सास फेर्दासम्म पुगिने समय थियो बनेपा र काठमाडौँको दूरी ।

साँगापछि भक्तपुरको गन्जागोल आँखाले पढ्न भ्याइहाल्यो । न्यातपोलका गजुर हेर्दाहेर्दै हेलिले मनहरा खोला नाघिहाल्यो । काठमाडौँमा हावा र कालो बादल घोलिएको देखिन्थ्यो ।

दिउँसोको तीन बजेतिर हामी उत्रियौँ । आकाशबाट भुइँमा थन्केथ्यो अल्टिच्युड एयरको हेलिकप्टर । तर म हावामा उडिरहेथेँ– भुइँमा ओर्लिएको खुशीले ।

०००

# तिमी विदेशिँदा



**शारदा पोखेल भट्टराई**

नौलो ठाउँ नियाल्दै छौ, हौसिएर खुशी भर
धौले घर रूँदै भन्छ, छिटो आऊ तिमी घर
कस्तो होला सुखी ठाउँ, के होला त्यसको कथा
गोठका वस्तु रूँदैछन्, तिमी विदेश हाँनिदा ।

पल्लाघरे दिदी सोध्छिन्, आफ्ना ठूलो बुवासित
कहिले आउँछिन् बैनी, सम्झँदै उनको प्रित
गोडाले छम्छमाएर, मारूनी गीत गाउँदा
गीतको लय नै बिर्सें, तिमी विदेश हानिँदा ।

दाजु भाइ लडेको रे, कति यस्तो सधैँ सुनुँ
दिदी बैनी बलत्कार, कति कुना पसी रूनुँ
कस्ले देख्छ कुरा यस्ता, स्वार्थमा मात्र बाधिँदा
चोरको भाग्य चम्क्यो है, तिमी विदेश हाँनिदा ।

फलेनन् धानका बाला, पुगेन गोडमेल पनि
आँखा खोज्छन् तिमीलाई, कतै छौ कि यता भनि
बाटाघाटा बनेकै छन्, हिंड्ने गोडा भए लुला
होला त देशको समृद्धि, तिमी विदेश हाँनिदा ।

**नेपाल विद्युत प्राधिकरण**



# एउटै रस, स्वाद र ढपमा संयोजित : संयात्राको संयोग

साम्ब ढकाल

कुनै घुमन्ते व्यसनीले लेखेका कुरा सम्झन्छु – 'सायद मान्छेहरू एक ठाउँबाट हिँडेर अर्को ठाउँमा जाने र आउने क्रम नभएका भए यो संसारको रूप यस्तो हुँदैनथ्यो कि त । त्यसैले कतै ननिस्की कहीँ पुगिँदैन !' यही कतै जाने र आउने क्रमलाई लेखोटमा उतारेर छाप्ने प्रविधि आएपछि छाप्न थाले । त्यो भन्दा अगाडि सुनाउँदै र गाउँदै हिँड्न थालेका हुन् । हो, यही सुनाउँदै र गाउँदै हिँड्ने, छाप्दै हिँड्ने अनुभूतिको शृङ्खला नियात्रा, संस्मरण, यात्रा वृतान्तादि नामले पुकारिन थालेको हो रहेछ ।

यही घुमन्ते सोख पूरा गर्न रमेशमोहन अधिकारी एकोतार यात्रामा छन् । कहिले पूर्वमा छन् र कहिले पश्चिममा छन् । छन त यात्रारतै छन् । नघुम्दा कुवाको भ्यागुता हुने सोदारहण पेश गर्छन् । एक टङ्कारले नियात्रा लेख्ने र छाप्ने काम पनि सँगै भ्याइरहेछन् । सावकाश जीवन साँच्चै सोचेजस्तै बनाउन पाउनु एउटा यदृच्छित जीवन बिताउनु हो कि त ! सबैले यसरी घुम्न अवसर वा मौका पाएका भए अथवा यस्तै संयोग मिलेको भए नेपाली वाङ्मयमा नियात्रा साहित्य झुसी या निम्ठो के हुन्थ्यो के हुन्थेन त्यसको जिम्मा नलिऊँ होला । तर यहाँ सप्रसङ्ग भनिनुका कारण रमेशमोहन सद्य (विक्रमाब्द २०८१ भाद्र) प्रकाशनमा आएको २८ वटा नियात्राहरूको पाँच खण्डमा विभाजित हिमाल हेर्दै हिमालतिर देखि छिरलिएका सम्झनासम्मका नामिक खण्डहरूमा विरचित नियात्राको सङ्गालो **'संयात्राको संयोग'** बजारमा पठाएर निमग्न छन् । उनी लेख्नैका लागि यात्रामा निस्कन कुनै पनि आकस्मिक संयोगको संयोजन गर्छन् । गरिरहन्छन् । नेपाली वाङ्मय भण्डारमा संस्मरण या नियात्रा खन्याइरहन्छन् । चुल्याइरहन्छन् । यिनलाई नेपाली नियात्रा लेखनीमा अपरिहार्य सुनाम निर्मोही व्यासले संस्मरण लेख्नुस्, यात्रा निबन्ध लेख्नुस् भनेर ढिब्रीको सलेदोझैँ नउकासेका भए आज यसरी यी नियात्रा/संस्मरणका किताब **संयात्राको संयोग** पाठकका हात पर्ने थिएनन् । संस्मरण र निबन्धका व्यसनी रमेशमोहनले लेखनीलाई यसरी लत बनाएका छन् कि दिनहुँ केही न केही लेख्नै पर्छ । नलेखी हुँदैन । मानौँ दिनको

सुरूवातै लेखनीबाटै हुन्छ । अब भन्नुस् लेखीचाहिँ सकेपछि छाप्नै पऱ्यो कि परेन भन्ने सवाल जवाफको गुन्जाइस यहाँ छैन । छापेपछि फुटकरले मात्र भएन किताबै छाप्नु पऱ्यो । कितावलाई पुग्ने सिर्जनाको जोहो गर्नु पनि चानचुने थिएन । त्यो पनि रमेशमोहनजीले फत्ते गरेरै छोड्नुहुन्छ भन्ने प्रमाण एकाध वर्षमै निस्केका कृति त्यसका ठोस प्रमाण हुन् भन्न किन लाज मान्नु ?


रमेशमोहनजीले घुम्नु भनेको र अरूले घुम्नु फरक कुरा हो कि ! सबै जना एक त घुमेका कुरा लेख्ने ल्याकत राख्दैनन् त्यसमाथि झन् नियात्राकार हुने कुरा टाढै राखौँ तथापि रमेशमोहनजी संस्मरण कि त नियात्राका लागि घुम्न निस्कन्छन् कि घुम्न निस्कँदा नियात्राको जन्म हुन्छ, कुखुरा पहिला कि कुखुराको फुल पहिला भन्ने अन्त्यहीन बहसजस्तो हुने भयो । अर्को एउटा संयोग जुरेको छ – यो पङ्क्तिको खेस्रा उतार्दा उतार्दै समाचारमा आयो (उनी आबद्ध संस्था नेपाल निवृत्त शिक्षक समाजले त संस्मरण तथा नियात्रा लेख्न सहजीकरण गरेर लेख्न खोज्नेहरूलाई लेखन कार्यशाला चलायो) जता गयो रचना जन्मन्छ वा जन्माउनै पर्छ यो उहाँको अनिवार्य शर्त हो । भूगोल, माटो, गाउँ, सहर, समाज र मान्छेका कुरा नटुटाईकनै आउँछन् रमेशमोहनजीको लेखनीमा । हिँड्दाको कुरा भएन, गाडीमा गुड्दाधरी देखेका खोलानाला, पुलपुलेसा, तोरी फुलेको, अन्नपूर्ण फाँटहरूमा बाला झुलेको, जङ्गलैजङ्गलले ढाकेको बस्तीमा जाँदा आफ्नै चन्द्रपुर, जन्मथलो विश्रामपुरकै झझल्को आउने कुरा भन्न भ्याउनु हुन्छ । अझ पिता पुर्खाको थातथलो रामेछापको कठजोर पनि पुग्न भ्याउनु हुन्छ । त्यत्तिले नपुगेर त्यहीँकै ढुङ्गा माटै उठाएर ल्याउन तीव्र भावुकताले सघाएको छ रमेशमोहनजीलाई । सायद निर्मोही व्यासको बानी सरेकोले हो कि त ! कुशाग्र नियात्रा लेखक निर्मोही व्यासले पनि मेची पुगे मेचीकै पानी, महाकाली पुगे महाकालीकै पानी उबाएर निमग्न राष्ट्रियताले सर्वाङ्ग नुहाउनु हुन्छ र त्यो पानीलाई घरमा ल्याएर सजाएर राख्नुहुन्छ । त्यत्तिले नपुगेर आगन्तुकलाई देखाएरै यो मेचीको यो कालीको भन्न भ्याउनु हुन्छ । रमेशमोहनजी आफ्नै कठजोरका गरा, कान्लामा उक्लेर बाजे, बा, आमाले बगाएका पसिनाको गन्ध सुँघ्न हतारिनु हुन्छ । सकेसम्मको नोस्टाल्जिक बन्नुहुन्छ । रमाइलो लाग्ने प्रसङ्ग - सबैका पहाड घर कहाँ भन्दा फलानो ठाउँमा भन्न उहाँले पाउनु भएन रे ! जन्मेको माटो रौतहटको विश्रामपुरबाट चन्द्रपुर (चन्द्रनिगाहपुर) आएर स्थायी बसोबास बनाएका उनको कठजोर त बाबाकोमात्र जन्मस्थल उनको त विश्रामपुर ! कठजोरको माटोमा टेक्दा आफू मकवानपुरे भूभागका गाउँबस्तीको परिभ्रमण गरेको कुराको पूर्वस्मृति गर्न भ्याउनु हुन्छ । यी पङ्क्तिका प्रणयनकर्ता रमेशमोहनजीसँग सबैभन्दा धेरै सोध्ने प्रसङ्ग भनेको के छ फलाना गाउँको खबर । ढिस्काना

गाउँको खबर । अनि उहाँ स्रोत व्यक्तिको जिम्मेवारीमा रहनु भएको बेला हामीलाई गाउँ डुलाइरहनुहुन्थ्यो । लेख्नेहरूलाई एकतमासको बसाइभन्दा यसरी गाउँ, नयाँ ठाउँमा पुऱ्याएर त्यहाँका लेख्नेहरूबीच भेटघाटको चाँजोपाँजो मिलाउनुजस्तो आनन्दातिरेक लाग्ने काममा लागि परेर रमेशमोहनजीले साहित्यिक सेतु बनेर कमाएको अतुलनीय सन्तुष्टिलाई केहीसँग पनि अहँ दाँज्न मिल्दै मिल्दैन । यस्ता सुकर्मका शृङ्खलै छन् रमेशमोहनजीसँग । यस्ता प्रकरण र प्रासङ्गिक क्षणहरू जोडिदिएर मेरो नाममा पनि मसी खर्चनु भएछ । मचाहिँ आफैँले अनुभूति गरेका आदर्शका हरफहरूले गाउँलाई कवितामा खिप्थेँ । उहाँचाहिँ तपाईँका कविताभित्रका गाउँका मान्छे र वास्तविक गाउँका मान्छे, गाउँले परिवेश फरक भइसक्यो साम्ब सर भनिरहनुहुन्थ्यो । साधुवाद न्यौछावर छ रमेश सर यहाँको ममाथि खर्चनु भएको मेहनतप्रति !

कठजोरबाट सिद्धिचरणको सिद्धिचरणकै प्यारो ओखलढुङ्गाको नामकरणलाई थप बल पुऱ्याउन ढुङ्गाको ओखलको मनग्गे दर्शन गर्न भ्याउनुहुन्छ । त्यहाँका लता, लतिका लहरएिको पनि पक्कै हेर्नुभयो नै होला । यसरी घुम्न जुरेको मौकामा घुम्दैफिर्दै रूम्जाटार पुगेरै छोड्नुमात्रै हुन्न कि निर्गुण भक्तिधाराका सन्त ज्ञानदिल दासको तपस्थलीमा पुगेर सन्तका पनाति सपत्नीलाई भेटेर जोसमनी सम्प्रदायमा ध्यानस्थ हुन खोज्नुहुन्छ । नियात्रा लेखनीका पर्याय निर्मोही व्याससँगसँगै डुलेर उनैसँग नदेखेका भलीभाँती ठाउँको वृत्तान्त सोध्न भ्याए होलान् कि ! हतारको घुमाइले होला कि सोलुखुम्बुमा गएर मात्र फाप्लुसम्म पुगेर साकुरा फुलेको हेरेर फर्कन्छन् । पैयुँ र साकुराको धेरै हदसम्म सामञ्जस्य मिलेको जापानमा गएर साकुरा बगैँचामा रमाउनेहरू सुनाउँछन् । कहाँको नाम्चे, कहाँको गोरक्षेप, कहाँको आधार शिविरहरूमा पुग्नु र खै ! जे भए पनि टाढैबाट सगरमाथा परिसर पुग्नु भयो त्यो धन्य भयो ।

देशाटनमा हिँडेका रमेशमोहनजी मिहिन मिहिन कुराको पनि ख्याल गर्नुहुन्छ ! प्रायशः जिल्ला र प्रदेशको सीमा छुटेको कुरा त सामान्य भइहाल्यो तर पश्चिम, सुदूरपश्चिमतिर घुम्दा त गाउँपालिकाको वडाको सीमा छुट्याएको नामपाटी भएको कुरा समेत खिप्नुभएको छ । दार्चुलामा पुगेर उनमा आएको देशप्रेमले छताछुल्ल भावनामा प्रेमसिंह धामीको काठमाडौँले महाकाली कसरी भुल्न सक्छ ? ले खुबै रसायन मिलाएको रहेछ भन्ने प्रामाणिकता राजनीतिज्ञ प्रेमसिंह धामीको उद्गार बेपत्ताले मननीय लाग्छ । दुईमत नहोला, सिङ्गो नेपालीलाई महाकाली नदीले धेरै बिझाएको छ । दार्चुलाको तुलनामा धार्चुलाको विकासको चौकाचौँधले च्वास्स च्वास्स दुखाउँछ । अझै दोधारा चाँदनी अनि टनकपुरको दृश्य हेरेर

फर्कँदाको मनस्थितिको एक्सरे गरेर हेर्न मिल्ने भए देशभक्ति र राष्ट्रियताको कस्तो प्रिन्ट निस्केला भन्ने रमेशमोहनजीको मस्तिष्क कोष्ठमा कुतूहल जागिरहेको छ । रमेशमोहनजीलाई लागेको साह्रै दिग्दार र छिमेकीप्रति उठेको कुभावना स्थायी हुन पायो भने के होला ? प्रश्न गम्भीर छ । साठी पुगेको उमेरसम्म सुनी आएको र देखी जानेको महाकाली पारि भारत भन्ने सुनेको अनि देख्नमा आएको दोधारा, चाँदनी अनि भीमदत्त पालिकाले कुन भूभाग जनाउँछ ? यहाँनेर रमेशमोहनजीलाई आजसम्म पढेको भूगोलको




ज्ञानले दिग्भ्रमित बनाउँदा असामञ्जस्यको भूमरीमा पर्छन् । भारतीय भूमि कतिखेर/कसरी नेपालतिर घुस्दा मुटुमै केही घुसेजस्तो, राष्ट्रियताको ढुकढुकी झन् धेरै बढेजस्तोले कस्तो कस्तो बनाउँदा देशप्रेमको ज्वालामुखी कतिखेर फुट्लाझैँ हुन्छ । कहाली लाग्दो गरी भूमि मिचिँदा सरोकारवालाको मौनता देखेर दिक्क लागेको भावाभिव्यक्तिको फोहरा चलायमान भइरहन्छ रमेशमोहनजीलाई । टनकपुर प्रकरणले त नेपाली संसद्मा सम्झौता कि समझदारीमै महिनौँ बिताएको, यही प्रकरणको मुद्दामामिलाले देशै तातेको, माग र जुलुसले जनता जागेको हामी पनि सम्झन्छौँ । यहाँको टनकपुर मामिलाले मनै खिन्न बनाएको पाठकले पनि अनभूति गर्छन् । मनभरि मुटुभरि देशप्रेमलाई ढुकढुकीमा राखेर देशाटन गर्छन् रमेशमोहनजी । यो माटो भन्ने पनि कस्तो रहेछ बरै । यो लेखी टोपल्नेलाई माटो भन्ने कुराले सबैभन्दा धेरै घोच्दो रहेछ क्यार ! देशलाई हेपेको, पेलेको, थिचेको, मिचेको पटक्कै मन पर्दैन । फेरि देश घुम्दै जाँदा वारि कि पारि भइहाल्छ । वारि र पारि भइरहँदा शक्तिशाली देशले निम्छरो देशलाई नपेले हुन्थ्यो । नठेले हुन्थ्यो । झाङ्गलझुङ्गल नपारे हुन्थ्यो भन्ने लागिरहने नि सुधीजन ! अपार लाग्ने माटोको कथा कहिल्यै नसकिने फेरि ‼ माटोकै सुगन्ध नै

सबैभन्दा मन जित्ने सुगन्ध रहेछ । माटैले जित्दो रहेछ, जित्दो रहेछ सबै कुरा । देश डुल्न हिँडेका रमेशमोहनजीलाई भौतिक माटोमाथि बल मिच्याईँ गर्नेहरूले विरक्त्याएका क्षणहरूले दुख्नसम्म दुखाउँछ । त्यसको पीडालाई अक्षर अक्षरमा खिपेर दुखेको घाउमा मलमपट्टी गर्नु हुँदो रहेछ । उहाँको शब्दमा पोखिएको भावोच्छलनभित्रैदेखि दुखेको पीडालाई झन् बढी उजागर गराउनुहुन्छ । आफ्नै भूभाग कालीको मुहान, लिम्पियाधुरा, लिपुलेक पुग्न आजका मितिसम्मै भारतीय भूमिबाटै जानुपर्ने बाध्यताको अन्त्य कहिले हुने युगीन प्रश्नको जवाफ हाम्रो जीवनभरि पाइन्छ कि पाइन्न होला हँ ?

रमेशमोहनजीको घुमन्ते रूचिमध्ये अझ रमाइलो लाग्ने कुरा पाल्पा घुम्नेक्रममा मणिमुकुन्द सेनले बनाएकै ठाउँमा कुनै राणाले बनाएको दरबार डुल्नुभन्दा त्यतै कतै भगवतीको मन्दिर घुम्न आतुर देखिनु खै के को आकर्षण हो बुझ्नलाई रमेशमोहनजीसँगै सोध्नुपर्ने हुन्छ । मन्दिरप्रति उहाँको विशेष झुकाव भएको भन्ने भान हुन्छ । यो नियात्रा सङ्गालोमा जताततै मन्दिर छ जस्तो भान रमेशमोहनजीको आग्रहले बुझिन्छ कि फलाना मन्दिरको दर्शन गरियो, चिलाना मन्दिरमा गइयो । यो यो मन्दिर हो र त्यो मन्दिर त्यो हो । आध्यात्मिक संसर्गी रमेशमोहनजी हुन् कि होइनन् थाहा भएन तरै पनि मन्दिर हेर्न जान्छन् कि दर्शन गर्न जान्छन् पत्तै लगाउनु पर्लाजस्तो छ । बझाङमा पुग्दाको संस्मरण स्मरणीय छ – बझाङ्गी राजा जय पृथ्वीबहादुर सिंहजस्ता भाषासेवीको सालिक कुनै चल्तीको चोक वा सार्वजनिक स्थानमा नभएर स्कुल परिसरमा हुनु विडम्बना नै हो कि ! विश्वले चिनेको प्रतिभाको यस्तो अपमानप्रति रमेशमोहनजीलाई मात्रै होइन सबैलाई खेद प्रकट गर्न मन लाग्छ होला ।

जुन ठाउँ जान भनेर गयो, बीचमा नाम चलेको वा जानै परेको वा पर्ने अझ जान मन लागेको ठाउँ छ भने गएरै छाड्ने स्वभाव पनि रमेशमोहन सरको ठीक बानी हो भन्ने लाग्छ मलाईचाहिँ । किनभने त्यहाँसम्म गई नै सकेपछि फेरि त्यहाँ आइन्छ आइँदैन आएको मौका चानस किन गुमाउनु भन्ने मान्यता राम्रै हो । साथै जानेहरूले बीचबीचमा घुम्ने ठाउँ थपिनुलाई त्यत्ति सहमति नजनाएको रमेशमोहनजीलाई त्यत्ति ठीक जँच्दैन । यसो बेलाबेलामा सँगै घुम्न गएकाहरूसँग ठोस्सिनु र ठस्कनु परेको मुसुमुसु गन्ध पनि पढ्न पाइन्छ । लामो शिक्षण अभ्यासले हो कि अन्यान्य स्वभावजन्य कुराले हो ज्यादै सरल भएर पनि नपुगेर विवरणात्मक टिपोटजस्तो भई भई उपदेशात्मक पनि अनि लागेको र मनमा आएको फ्याट्टै लेखिदिएका छन् । घुमाइफिराइको गुन्जाइस छैन रमेशमोहनजीको सिर्जनकर्ममा । जस्तो छ, जे छ, किताबमै छ ।

लागेको, भोगेको, सुनेको र देखेका कुरालाई जस्ताको तस्तै फोटो खिचेर राखेझैँ लेखनीमा रमाएका रमेशजीलाई अब निखारेको, कलात्मक, जतिसक्दो माझेर वा सक्दो तरासेर झनै पढूँ पढूँ लाग्ने बनाउनुहोस् न भनेर नभनूँ कि भन्ने लागेर आयो अब त ! झन् उहाँको यो पछिल्लो नियात्रा **संयात्राको संयोग** पढिसक्दा त ए रमेशमोहन सर … … अलि भिन्न शैलीको, लेखी आएको भन्दा फरक, केही न केही चखिलो स्वादमा, फेरि नियात्रै भनी सकेपछि चूडान्त निजी अनुभूति, पृथक निजात्मक मौलिकताले आच्छादित, शुष्क एवम् सपाटभन्दा केही फरकधारमा बगेको, पढ्दै जाँदा गाढा अनुभवजन्य अनुभूतिको स्वतःस्फुरण अनि एकै ढप र एकरसताबाट बाहिर निस्कन सकेको भए कति राम्रो हुन्थ्यो होला भनेर उहाँको पक्षमै कराएको करायै छु लेखेको लेख्यै छु अनि कलम धसेको धस्यै छु । डायरी कि दैनिकीको ढपमा रचित प्रायः सबै नियात्राको श्रेणीमा चढाउन हतार नगर्दा हुन्थ्यो कि कताकता मनमा लागिरहने । उहाँचाहिँ आफूलाई लागेकै लेखेको लेख्यै हुनुहुन्छ । अनुभूति र अनुभवभन्दा पनि स्थान नाम कोषझैँ वा विवरणिकाजस्ता लाग्ने यी लेखोटलाई कलाका बसिला, शैलीका छिनो र थोर बहुत मेहनतका हम्मरहरूले तरास्न पाए कस्तो हुँदो हो भन्ने लागिरह्यो लागिरह्यो । तथापि हरेक पछिल्लो कृति अब्बल हुँदै जानै पर्ने सर्वव्यापी मान्यतामा उहाँको लेखनी पनि अछुतो नहोस् भनेर पछुतो मानेको मान्यै छु । हरेक नियात्रा/संस्मरणादीले भित्रैसम्म छोओस् भनेको भनेकै छु अब के भनौँ र के भन्ने होलाको द्विविधामा पो हेलिएँ भन्या … … … !

रमेशमोहनजीले यो घुमन्ते सिर्जना संयात्राको संयोगलाई पाँच खण्डमा यसरी छुट्याएका रहेछन्ः–

१. हिमाल हेर्दै हिमालतिर

२. एक फन्को पूर्वतिर

३. सर्सर्ती सुदूर

४. पश्चिमतिर पाइला

५. छिरलिएका सम्झना

यसो बुझिल्याउँदा देशको प्रायशः भागमा पुगेरमात्र यो कृति जन्मेको छ भन्ने लाग्छ । मिलेसम्म जुनै ठाउँको विशेष विशेष ठाउँ, नभए त्यहाँको सीमैसम्म वा छेउछाउ पुगेर फर्कनु भएका रमेशमोहनजी भित्रैसम्म घुसेर घुम्न भ्याउने यायावरी

हुनुहुन्छ । पुराना चिनारू सहपाठी, शिक्षण पेशाका पेशाकर्मी, साहित्यिकारहरू खोजीवरी, सकेसम्म तत्स्थानमै भेटेरै उहाँहरूसँगै तत् परिसरमा घुम्ने, त्यहाँको वातावरणमा घुलमेल हुने र मन लागेका कुरा सकेसम्म सोधी खोजी गर्न धरी भ्याउनुहुन्छ । यो उहाँको अनुकरणीय शिष्टाचारको नमुना भनिदिँदा के नै फरक पर्ला र !

रमेशमोहनजीको भगीरथ लेखाइको म अति प्रभावित प्रशंसक हुँ । चाहे पहुँचका पत्रिकामा सम्पादकलाई चिठ्ठी होस्, वा कुनै साहित्य संगोष्ठीमा चिर्कटोको टिप्पणीको टिपोटै किन नहोस्, कि कसैको कृतिमाथिका समीक्षा/समालोचनै किन नहोस् । अहर्निस लेखेको लेख्यै गर्नु पनि कम्ति सिर्जनात्मकताको काम होइन कि ! अवकाशमा हिँडेका रमेशमोहनजी खाली समय स्कुल पनि भ्याउनुहुन्छ । भेटघाट त यसै यसै चलि नै रहेको छ । त्यत्तिले नपुगेर देशाटनतिर पनि लम्कनुहुन्छ । लम्किनु मात्रै भएको छैन । घुमाइलाई सिर्जनात्मक अभिव्यक्तिमा ढालिदिनुहुन्छ । यस्ता पर्याप्त सिर्जन कार्यका लागि रमेशमोहनजीको लेखनीमाथि स्तुति गाउँदा त्यत्ति फरक पर्दैन । कहिलेकाहीँ त लाग्ने गर्छ – रमेशमोहनजी साहित्यिक संगठकमात्र नभएर यायावरी, घुमन्तेका लागि जीवन अर्पन तैयार छन् । लेख्दा लेख्दै जीवन बितेको पत्तै नहोस्को रटानमा हुनुहुन्छ कि भन्ने लागिरहन्छ । पछिल्लो समय बुढ्यौली संस्थाको अभियन्ता बन्न पनि रौसिनु भएको छ । यो पनि उहाँको एउटा डुली हिँड्ने बहाना भएको छ ।

यो कृति विचरणको मैजारो गर्न गर्न मन लाग्नु अगाडि रमेशमोहनजीकै शिक्षण जीवनयात्राका क्रममा मकवानपुरको बकैयाको छतिवनमा फेला परेका साहित्यिक जिज्ञासु शिष्य एवम् पत्रकारिता, कविता र निबन्धका कुशल शिल्पी अनमोलमणि जो हाल आप्रवासन जीवन रोजेर क्यानडामा बसोबास गर्छन् उनले बडो विचारेर भनिदिएका कुरालाई नै रमेशमोहनजीको नियात्रा लेखनीको सारांश होजस्तो लागेर यसै कृतिको कभरको पछिल्लो पृष्ठमा अलमोलले लेखेका कुरा यो लेखनीमा उद्धृत गर्दै म मेरो कृति विचरण क्रमलाई क्रमभङ्ग गर्नेतिर लाग्छु –'म ठान्छु, नियात्रा कोरा टिपोट र विवरणमात्रै होइन, भाषाको चातुर्य र कलात्मक प्रस्तुति पनि हो । नियात्राकार यस्तो कलाकार हो, जो शब्दको रङ पोतेर यात्राको क्यानभास बनाउन खप्पिस हुन्छ । दूरदेशमा पाण्डुलिपि पाठक भइरहँदा मलाई लाग्यो – रेखीय ढाँचाको विवरणात्मक यात्रा अझ कलात्मक लेखाइमा आउन सकेको भए यसको मिठास थप प्रभावकारी हुने थियो ।

**'गन्तव्य 'हेटौंडा – ४ हुप्रचौर**
**चिल्ड्रेनपार्क सडक, हेटौंडा ।**

# भाउजूको मनोविज्ञान



**शब्दसेना**

कपिल जति प्रशंसा गर्छन् उहाँ त्यति खुशी हुनुहुन्छ । मान्छेलाई भोजनादिभन्दा पनि प्रशंसा नै स्वादिलो लाग्दैछ अचेल ।

"अहो दाइ ! हजुरले कति धेरै पुस्तक लेखिसक्नुभो है ! हजुरको मिहिनेतलाई त मान्नै पर्छ ।" कपिलले डा. शर्मालाई भनेका थिए । कपिलका अमृतमय वचनले डाक्टर शर्माको मुख प्रफुल्ल देखियो । गर्वले छाती फुलाए । यताउति हेरे । श्रीमतीलाई इङ्गित गर्दै हकारे- "हैन तिमरू काँ गा भन्या ? याँ कपिल भाइ आएको कतिबेर भैसक्यो । यसो पानीसानी ल्याओ न भन्या ।" आफ्नो प्रशंसा गर्ने प्रिय भाइको प्यास सम्झना आयो उनलाई ।

"हजुरका पुस्तकमा वाक्य गठन प्रक्रिया र शब्द चयन शैली असाध्यै सुललित छन् ।" कपिलले फेरि भने ।

डा. शर्माको मुहारमा थप चमक देखियो । त्यत्तिखेरै भाउजूले पानी ल्याउनुभो । गिलासको पानी एक घुट्को मात्र पिए । अझ घुट्को भन्दा नि अझै कम लिए । भन्ने नै हो भने रक्सीको चुस्की जस्तो सुरूप्प चार थोपा पानी सुर्क्याए । आङ जिरिङ्ग पारे । कपिलको पारा देखेर शर्माजी चकित परे । उनले कपिलले जुठो हालेको पानीको गिलास पन्छाउने निहुँले समाते । पुषको यस्तो जाडोमा यति राम्रो कपिल भाइलाई त्यति चिसो पानी दिएकोमा पत्नीसित रिस उठ्यो ।

"हैन तिमरू के भा को ? अलि मनतातो पानी ल्याओ न यस्तो जाडाँ चिसो पानी पो ल्याइद्या छ त !" कपिलको मायामा परेर शर्माजीले फेरि पत्नीलाई दुःख दिए । एकैछिन्पछि मनतातो पानीको गिलाँस हाजिर भयो ।

पूरै गिलास रित्याए कपिलले ।

कपिलले फेरि किताबका कुरा अघि बढाए । "दाजु ! हजुरको त्यो 'धौलागिरी' भन्ने कविताको भावभूमि अलिकति प्रस्ट पार्दिनु न । मलाई त त्यसले भित्रैसम्म

छोयो ।" डा. शर्मा आँखा चिम्म गरेर एकैछिन अन्तरदृष्टि जागृत गर्दै धौलागिरीको हिउँमा विचरण गर्न थाले । उनलाई जाडो लाग्यो । आँखा खोले । कपिलको जिउमा पनि जाडो जागृत देखियो । डा. शर्माको डाँको सुनियो ।

"हैन चिया ल्याउन पर्दैन भन्या कपिल भाइलाई ?" यति सुनेपछि भाउजूले एक पटक लामो सास फेरेर निकैबेर लाएर पकाएको चिया ल्याउनुभयो ।

धौलागिरी कविताको सप्रसङ्ग व्याख्यासँगै चियाको गिलाँस रित्तिएको पत्तै भएन । शर्माजीको मुखमा व्याख्यान आभा चम्किदै गयो । उनले तन्मय श्रोता भाइ कपिलको मुख हेरे । ओठमा कलेटी देखे । शायद भोकले होला ।

भाउजू भित्री कोठामा के गर्दै हुनुहुन्थ्यो कुन्नि ! डा. शर्माको डाँको सुन्नुभो – खोइ खाजा बनाएको ?

केहिबेरमा खाजा बन्यो । खाजा समयमा अनेक कविताका रचनागर्भ खोतलिए । सुन्नु सुनाउनु धेरै थियो, समयले नेटो काट्दै थियो । घाम पहेँलो हुँदै थियो । कपिल घर जाने अभिप्रायले अस्पटाउँदै घाम हेर्न थाले ।

तर शर्माजीले आदेश दिए – आज यतै बस् कपिल !

अब कपिल लेचाए । त्यो बेला भाउजूको मनोविज्ञान कपिलले त बुझेनन् बुझेनन्, स्वयम् डा. शर्माले पनि बुझेनन् ।

**नेपाल विद्युत प्राधिकरण**

# फूलबारीमा कुमारी



नेत्रबहादुर कुँवर

**सूत्रधार**

**विशाल नेपालको नक्सा त हामी सबैले देखेकै छौँ । पृथ्वीनारायण शाहले नेपाल एकीकरण थालनी गर्नुताका नेपालमा ६० भन्दा बढी टुक्रे राज्यहरू थिए । भारतमा इस्टइन्डिया कम्पनीका नाममा आएको अङ्ग्रेज फौजले भारतलाई बिस्तारै आफ्नो कब्जामा पारिसकेको थियो । यो बुझेर दूरदर्शी राजा पृथ्वीनारायण शाहले नेपाललाई एक सूत्रमा बाँध्नुपर्ने विचार राखे । यही विचारलाई मूर्त रूप दिन उनले नुवाकोट, कीर्तिपुर आक्रमण गरी विजय प्राप्त गरे । हार्दै, युद्धमा आफन्त र सहयोगी गुमाउँदै जित्दै नेपाल एकीकरणको सपनालाई साकार पार्न उपत्यकाका तीनवटा मल्ल राज्यहरू कान्तिपुर, पाटन र भक्तपुर विजय प्राप्त गर्नु अनिवार्य थियो । यी तीन राज्यको विजय सैन्य सफलता मात्र थिएन आर्थिक सुदृढीकरणको उपयुक्त अवसर पनि थियो । जसले गर्दा पृथ्वीनारायण शाहले कीर्तिपुर विजयपछि दहचोकमा बसेर कान्तिपुर हान्ने योजना बनाउन थाले ।**

## अङ्क १

(दहचोकको परिवेश छ । वरपर धनवन्त शाह, केहरसिंह बस्न्यात, वंशराज पाण्डे, रामकृष्ण कुँवर, अमरसिंह थापा, कालिदास खड्कालगायत भाइभारदार दुई हारमा ७/७ जना बसेका छन् । बीचमा राजसिंहासनमा पृथ्वीनारायण शाह बसेका छन् । यस सभाकक्षमा रहेका सबैमा कान्तिपुर विजयको उच्च महत्त्वाकाङ्क्षा पलाएको देखिन्छ । नेपथ्यमा जय जय गोरख, जय जय कालीको स्वर गुन्जिएको सुनिन्छ ।)

**पृथ्वीनारायण शाहः** (उत्साहपूर्वक) कीर्तिपुर हाम्रा लागि निकै सकस बन्न पुग्यो । हामीले रगतको बलि दिएर आर्जन गरेको यो पराक्रमबाट अब फेरि गोरखाको राज्य विस्तारलाई निरन्तरता दिनुपर्ने देखिन्छ । यसबारेमा तिम्रो राय के छ धनवन्त ?

**धनवन्त शाहः** सरकार ! नेपाल खाल्डाको पहिलो पडाव भनेकै कान्तिपुर हो । कान्तिपुरलाई अब हाम्रा सैनिकहरू सर्लक्कै निल्न सक्ने हैसियत बोक्तछन् ।

**पृथ्वीः** तिमीले भनेको कुरा मलाई मनासिब लाग्यो । हाम्रो वीरताअगाडि कप्तान किनलकले घुँडा टेकेको छ । देशभित्रकालाई हामीले साथमा लिन सक्यौँ भने हाम्रा अगाडि फिरङ्गीहरू केही पनि होइनन् । यसका निम्ति अब कान्तिपुर हाम्रो अत्यन्त आवश्यक राज्य हो । यसलाई तुरून्तै आक्रमणको तयारी गर्नु बेस होला ।

**केहरसिंह बस्न्यातः** सरकारबाट मनासिब मर्जी भयो । हामीले सरकारको निर्देशनअनुसार हाम्रो सैन्य शक्तिलाई तिखारीराखेका छौँ । अब सरकारको निर्देशनको मात्रै हामीलाई कमी छ । मैले र रामकृष्णजीले आज बिहानै पनि यसै विषयमा कुरा गरेका थियौँ (रामकृष्ण कुँवर टाउको हल्लाएर सहमति जनाउँछन्) । हाम्रा पल्टनलाई कुनै एक दिशाबाट नभई भिन्न भिन्न दिशाबाट आक्रमणका निम्ति तयार पार्दा उपयुक्त हुने देखिन्छ सरकार ।

**पृथ्वीः** (वंशराज पाण्डेतिर हेरेर) हामी यस पटक कान्तिपुरलाई तीनतिरबाट आक्रमण गर्छौं । यता भीमसेनस्थानतिरको सैन्य टुकडीको म आफैँ नेतृत्व गर्ने छु । हाम्रो दोस्रो टुकडीले महाँकाल मन्दिरतिरबाट आक्रमण गर्ने छ । एउटा सैन्य टुकडी नरदेवीतिर तयार पारिराख्नू । दक्षिणतिरको मार्ग भने हामीले खाली पारिराख्नुपर्छ । त्यसलगत्तै जयप्रकाश मल्ल भागेर पाटन शरणमा पुगुन् भन्ने मेरो चाह हो । कान्तिपुरको हारले एक पटक पाटनको मथिङ्गल हल्लियोस् भन्ने पनि हो ।

**अमरसिंह थापाः** सरकार ! कान्तिपुर आक्रमणको यो योजनामा विजयको उद्घोष गर्नका निम्ति तयार भइसक्यौँ । अब हामीले कुन दिन आक्रमण गर्ने योजना बनाएका छौँ सरकारबाट सो समय जानकारी मर्जी गरिबक्सियोस् । हामी सोहीबमोजिम युद्धको तयारीमा जुट्छौँ ।

**पृथ्वीः** कान्तिपुर दरबारमा रहेको हाम्रो विश्वास पात्रका अनुसार यही इन्द्रजात्राका दिन कान्तिपुर आक्रमण गर्नु मनासिब

हुन्छन् । यतिबेला कान्तिपुर दरबारमा जयप्रकाश मल्ल र तिनका भारदारका बीचमा सत्तालाई लिएर ठूलो मतभेद छ भन्ने सुनेको छु । यसलाई हामीले अवसरका रूपमा लिनुपर्छ । उक्त दिन कान्तिपुर दरबार इन्द्रजात्रामा मग्न हुन्छ । हामी कान्तिपुरले चालै नपाउने गरी एकै पटक तीनतिरबाट कान्तिपुरमाथि खनिने छौँ । जाओ सबै अब युद्धको अन्तिम तयारीमा लाग ।

**सबै एकै पटकः** जदौ सरकार !

## अङ्क २

### दृश्य १

**(मञ्च अँध्यारो छ । नेपथ्यमा युद्ध गरेको आवाज सुनिन्छ । कतै कोकोहोलो छ । कोही ऐया भनिरहेका छन् । यसैबीच नेपथ्यबाट जयप्रकाश मल्ल भागेर पाटन गए रे भन्ने बोलेको सुनिन्छ । बिस्तारै मञ्च उज्यालो हुन्छ । वसन्तपुरको डबली देखाइएको छ । नेवारी पहिरनमा सजिएका दुई जना युवक पचपन्नझ्याले दरबारको सत्तलमा बसेर कुराकानी गरिरहेका छन् ।)**

**युवक १:** अब त कान्तिपुरका राजा पनि फेरिए । गोरखाका राजा पृथ्वीनारायण शाहले जयप्रकाश मल्लले झैँ इन्द्रजात्रा मनाउने हुन् या होइनन् हेर्नुपर्ने भयो । साँच्चै के गर्लान् है ।

**युवक २:** राजा सबैका साझा भन्छन् । सिंहासन हो, जो बस्छन् उही नै हाम्रा राजा नि । पृथ्वीनारायण शाह निकै शूरवीर छन् रे । अङ्ग्रेज र देशी सेनालाई लखेटेर हातहतियारसमेत हात पारेर सैनिक शक्ति निकै बलियो बनाएका राजा हुन् भन्ने सुनेको छु । एक युगमा एक पटक जन्मिने राजा हामीले पाउनु त हाम्रो भाग्य हो नि ।

**युवक १:** बाइसेचौबिसे भन्दै सानो सानो राज्यमा बाँडिएपछि दक्षिणमा जस्तो हाम्रामा पनि फिरङ्गीले हालीमुहाली गर्न के बेर ? समयमै विष्णुका अवतारका रूपमा हाम्रो पुण्यभूमिले पाएका पृथ्वीलाई हामी कान्तिपुरबासीले साथ र समर्थन दिनुपर्ने हुन्छ । बरू पृथ्वीनारायण शाहको विशाल नेपाल बनाउने एकीकरणको अभियानलाई हामी कान्तिपुरबासी मात्रै होइन पाटन र भक्तपुरबासीले पनि मन, वचन र कर्मले साथ दिनुपर्ने हुन्छ ।

**युवक २:** पृथ्वीनारायण शाहले केही न केही पक्कै सोचेका छन् । तिनी त्यसै चुप बस्ने राजा होइनन् । चुप बस्ने थिए भने जयप्रकाश मल्ललाई पाटनको शरणमा जान दिने पनि थिएनन् । तिनले भित्रभित्रै गम्भीर योजना बनाएका होलान् ।

**युवक १:** हाम्रो भूमिलाई बलियो बनाउनु छ भने टुक्रे राज्यलाई एक ढिक्का बनाउनै पर्छ । साना साना राज्यका साना साना राजाको खिचातानीले नै यो माटो पराईको हातमा जान लागिसक्यो । अब हामी सबै एक भएर सबै पेसा, लिङ्ग, जात, धर्म, संस्कृतिका मानिसले विशाल नेपाल निर्माणमा समाहित हुनु आवश्यक छ ।

**युवक २:** हो नि पासा । यो कुरा हामीले टोलका सबैलाई बुझाउनुपर्छ र विशाल नेपाल बनाउन हामी पनि लाग्नुपर्छ । अब पृथ्वीनारायण शाहको जे गत हाम्रो पनि त्यही गत । गोरखकाली पनि हाम्रै, गोरखनाथ पनि हाम्रै, कुमारी पनि हाम्रै, इन्द्रजात्रा पनि हाम्रै । कि कसो पासा ?

**युवक १:** तिमीले ठिक भनेर ल्यायौ पासा ।

**दुवै :** (एकै पटक हाँस्दै) हा हा हा ।

## अङ्क २

### दृश्य २

**(मञ्चमा कुमारीको मन्दिरको दृश्य देखाइएको छ । एक जना महिला सुसारे कुमारीसँग कुरा गरिरहेकी छन् ।)**

**महिला सुसारेः** माता अब कान्तिपुरको सिंहासनमा जयप्रकाश मल्ल रहेनन् । तिनैले चलाएको थितिमा तिनै नभएपछि यो जात्रा र माताको के अर्थ रहने भयो र ? कान्तिपुरमा अब हाम्रो कुनै स्थान रहेन माता । हामी टुहुरा भयौँ ।

**कुमारीः** (मन्द मुस्कानले) तिमी, बसेको थितिमा सन्देह नगर । यो थिति जयप्रकाशले चलाए होला तर यसको निरन्तरता जो सिंहासनमा रहन्छ उसैले अघि बढाउँछ । गोरखाका राजा पृथ्वी जति युद्धकौशल र पराक्रमी छन् त्यति नै धार्मिक पनि छन् । जसरी तिनले गोरखनाथ र गोरखकालीमाथि असीम श्रद्धा राख्छन् त्यसरी नै कुमारीप्रति पनि श्रद्धा देखाउने छन् ।

**महिला सुसारेः** त्यसो भए त ठिकै हो माता तर त्यसरी कीर्तिपुरेको नाककान छिमलेका पृथ्वीले कान्तिपुरेका कुरा नसुन्लान् भन्ने मलाई शङ्का थियो । माताबाट नै यो आदेश भएपछि अब म पनि पृथ्वीनारायणमा पूरा विश्वस्त छु ।

## अङ्क ३

(कान्तिपुर दरबारको दृश्य देखाइएको छ । दृश्यमा पृथ्वीनारायण शाह भारदारहरूसँग कुराकानी गर्दै छन् ।)

**पृथ्वीनारायण शाहः** कान्तिपुरलाई हामीले सहज रूपमा आफ्नो बनाएका छौँ । गुरू गोरखनाथ र माता गोरखकालीको कृपाले हाम्रो विजयको यात्रा सुनिश्चित हुँदै छ । इन्द्रजात्राका दिन विजय प्राप्त गरेकाले कान्तिपुरको थिति बिगार्नु पनि हुन्न । कान्तिपुरलाई हामीले विजय प्राप्त गरेपछि कान्तिपुर हाम्रो हो । यहाँको धर्मसंस्कृति पनि हामी सबैको साझा हो । अब इन्द्रजात्रा र कुमारीको पूजा विधि के कसो हो, यसलाई कसरी मनाउने गरिन्छ, कान्तिपुरेले हामीलाई के कसरी स्वीकार वा अस्वीकार गर्छन्, यसबारे जानकारी लिने काम दलमर्दनले दिनू ।

**दलमर्दन शाहः** सरकार ! कान्तिपुरबासीले हजुर जस्तो शूरवीर राजा पाएकामा हर्षबढाइँ गरेका छन् । जीवित देवी कुमारीले पनि पृथ्वीनारायण शाह राजा भएकाले अब कुमारी पूजा र इन्द्रजात्राको दायित्व नयाँ राजाकै हो भनी विचार व्यक्त गर्नुभएको छ रे । अब सरकारकै प्रतीक्षामा कान्तिपुर रहेको भन्ने खबर आएको छ । सरकारले अनुमति दिनुपर्‍यो सरकार ।

**पृथ्वीनारायण शाहः** यसमा मेरो अनुमति कुरिरहनु पर्दैन । बरू पुजारीलाई दरबारमा तुरून्त झिकाएर पूजा र जात्राको साइत निकाल ।

**वंशराज पाण्डेः** सरकार ! म अहिले नै कुमारीघर जान्छु र पुजारीलाई लिएर आइहाल्छु (वंशराज निस्कन्छन् ) ।

**पृथ्वीनारायण शाहः** नेपाल चार जात छत्तिस वर्णको साझा फूलबारी हो । सबैलाई चेतना भया । कुमारी देवीको कृपा पाएर अब केही दिनमै हामी पाटनतिर विजय यात्रा गर्छौं । कि कसो अमरसिंहजी ?

**अमरसिंह थापाः** मनासिब कुरा बक्सियो । महाराजको दूरदर्शी चेतनाकै कारण आजको विशाल नेपाल निर्माणको यो यात्राले मूर्त रूप

लिन लागेको हो । वंशराजजी, रामकृष्णजीलगायत साथीको उच्च मनोबल हाम्रो ताकत हो । (यत्तिकैमा वंशराज पाण्डेले कुमारीघरको पुजारीलाई लिएर सभाकक्षमा प्रवेश गर्छन् ।) ल वंशराजजीको आयु त लामै रहेछ ।

**वंशराज पाण्डेः** (मन्द मुस्काउँदै) पृथ्वी सरकारको नेपाल एकीकरणको व्यग्र चाहना पूरा नगरी म कहाँ परलोक हुन्छु त, अमरसिंहजी ? बरू पुजारीज्यू सरकारले मर्जी भएको कुरा सुनिहाल्नुभयो । कुमारी पूजा र इन्द्रजात्राका सम्बन्धमा कान्तिपुरबासी र स्वयम् कुमारीदेवीको धारणा के छ ? जाहेरी होस् त ।

**पुजारीः** ज्यू, कुमारीबाट पूजाका निम्ति स्वीकृति आएको छ । देवीले कान्तिपुरको सिंहासनको हकदार विशाल नेपाल निर्माणका सूत्रपातकर्ता हुन् भन्ने जानेर (पृथ्वीनारायण शाहतिर हेरेर) सरकारलाई पूजाका निम्ति आह्वान गरिएको छ । बरू भोलिको साइत राम्रो भएकाले सोहीअनुसार महाराजले समय मिलाइबक्सिए बेस हुने थियो ।

**पृथ्वीनारायण शाहः** ल भोलिका निम्ति भव्य तयारी गर । इन्द्रजात्रालाई हामी अबका मितिदेखि विशेष महत्त्व दिएर मनाउने छौँ । सांस्कृतिक मिश्रण रहेको हाम्रो समाजमा हाम्रो यो यात्रा शताब्दिऔँसम्म रहिरहने छ । (बिस्तारै अँध्यारो हुन्छ ।)

**सूत्रधार**

नेपाल एकीकरणपश्चात् काठमाडौँले मनाउँदै आएको कुमारी प्रथा र इन्द्रजात्रा पर्व आजपर्यन्त मनाउँदै आएका छौँ । विशाल नेपालका रचनाकार पृथ्वीनारायण शाहका बारेमा विभिन्न विद्वान्का बीचमा विवादास्पद विचार रहिआएको भए पनि नेपाल एकीकरण र सांस्कृतिक अन्तरघुलनका हिसाबमा उनी निकै नै उदार थिए भन्ने कुरा 'नेपाल चार जात र छत्तिस जातको साझा फूलबारी हो' भन्ने उनको विचारबाट पनि बुझ्न सकिन्छ । आजको नेपाललाई हामीले हाम्रो पुर्खाको अमूल्य नासो ठानेर एक ढिक्का भएर विकास र समृद्धिको नयाँ उचाइमा पुऱ्याउनु अनिवार्य छ ।

# मलाई आज्ञा देऊ



आकाश अधिकारी

आमा !
भोलि बिहान झिसमिसेमा नै
म गन्तव्यमा निस्कनु छ ।
मलाई आज्ञा देऊ न ।
अनि !
आशीर्वाद देऊ न ।
बा, हजुरबाहरूले रचेको विरासत जोगाउन ।
इतिहासलाई साक्षी राखेर
मैले कसम खाइसकेको छु ।

सुन न आमा !
भोलि बिहानै !
झिसमिसेमा नै भन्ज्याङ काट्नु छ ।
"भुन्टे र भुन्टेकी आमा" ले
चाल नपाउने गरी
टाउकोमा कफन बाँधेर ।
कम्मरमा खुकुरी बोकेर !
अनि !
पिठ्युँमा झोला भिरेर ।

भोलिको साँझसम्म
म सिंहदरबार छिर्नु छ ।
आमा मलाई आशीर्वाद देऊ न !
मलाई आज्ञा देऊ न !
आँटीको पुरानो सन्दुसमा !
रातो रूमालमा बेरेर राखेको
एकथान ग्रीनेट देऊ न ।

पिठ्युँमा भिर्ने झोलामा
एक घान भुटेको मकै राखिदेऊ न !
आमा !
स्वाधीनता र स्वाभिमानका खातिर
बमसँगै पड्किन देऊ न ।
मलाई यही माटोमा रगत बगाउन देऊ न !
साम्राज्यवादको विरूद्ध बमसँगै पड्किन देऊ न !
बम र ग्रीनेट छातीमा बोकेर
सिंहदरबार छिर्नुपूर्व
मेरो टाउकोमा हात राखेर
आशीर्वाद देऊ न !
आमा ! मलाई बारूद बनेर पड्कन मन छ ।

दुनियाका असङ्ख्य आमाहरूको
सिन्दूर पुछिएको छ ।
चुरा फुटेको छ ।
तिमीजस्तै हजारौँले तस्बिर हेर्दै
आँसुसँगै सपना बगाएका छन् ।
त्यसैले त आमा !
मलाई आज्ञा र आशीर्वाद देऊ न ।
स्वतन्त्र युगको खातिर !
स्वाधीनता र सार्वभौमसत्ताका खातिर !
कम्मरमा ग्रीनेट बाँधेर सिंहदरबार छिर्दैछु ।
आमा !
उ हेर्नुस् त !
भित्ताको तस्वीरमा 'बा' मुस्कुराउनु भएको ।

# निषेधित फैसला



आविष्कार कला

देशका युटुबहरूमा अहिले चर्चा छ त केवल, कुमारी, बहादुर सिंह र हाँसमतीको ।

कन्यामाता खोला जिल्लाको सुदूरपूर्वबाट दक्षिणतिर बहन्छ । त्यही खोलाले परापूर्वदेखि बनाएको फाँटमा छ, सुन्दर गाउँ 'कन्यापुर' । गाउँ सदरमुकामदेखि निकै टाढा छ । सदरमुकाममा बसेकाहरू कन्यापुरलाई 'दुर्गम' भनेर चिन्छन् । यातायात र अन्य भौतिक पूर्वाधार नपुगे पनि चेतनाको हिसाबले दुर्गम थिएन कन्यापुर । स्वावलम्बी र मिहिनेतीहरूको गाउँ थियो । ठूलालाई सम्मान र सानालाई माया मात्रै होइन, अतिथि देवो भवःको मूलमन्त्रका हिसाबले सदरमुकाम दुर्गम थियो भने कन्यापुर निकै सुगम थियो ।

त्यसै गाउँमा रहेको कन्या माध्यमिक विद्यालयमा कक्षा दशमा अध्ययनरत छात्राहरू मध्ये अत्यन्तै आकर्षक जिउडाल र सुन्दर अनुहार भएकी छात्रा थिइन् कुमारी उपाध्याय । उनको अनुहार हेर्दा सदाबहार कुमारी नै देखिने झल्को दिन्थ्यो ।

छात्रहरूको समूह ठूलो थियो । नौ कक्षामा भर्ना भएका ३५ जना छात्रमध्ये प्रवेशिका परीक्षा दिने मात्र २२ जना थिए, छात्राहरू भने पुराकापुर थिए । विद्यालयमा नौ, दश कक्षामा पढ्दा खासखुस खासखुस आन्तरिक मायाप्रेमको हल्ला चलिरहन्थ्यो । छात्राहरूको सङ्ख्या थोरै भएको हुँदा प्रायः एक छात्राको हातमा धेरै छात्रहरूको प्रेमपत्र पुगिसकेको हुन्थ्यो । प्रवेशिका परीक्षा दिने समयसम्म सबैभन्दा बढी प्रेमपत्र हात परेकी छात्रा थिइन् कुमारी ।

प्रवेशिकाको नतिजापछि, धेरै छात्रछात्राहरू उच्च शिक्षा अध्ययनका लागि सदरमुकामतिर लागे । पारिवारिक रूपमा सबल भनी चिनिएकाहरूका सन्तानहरू राजधानीतर्फ लागे ।

कुमारीको नतिजा पनि प्रशंसनीय नै थियो । उच्च शिक्षाका लागि कुन ठाउँमा जाने भनेर केही अन्योलमा थियो, कुमारीको परिवार ।

काठमाडौँमा बसोबास गर्ने एक आफन्तकोमा घरायसी काममा सहयोग गर्ने मानिस

खोजिरहेका थिए चन्द्रमान पण्डित । संगोगले घरायसी काम गर्दै पढ्न चाहने दुईजना पण्डितका छोरीहरू कुमारी र सुमारी भेटे चन्द्रमानले ।

अन्ततः कुमारी र सुमारी दुईजना काठमाडौँ जाने भए ।

यता विद्यालयबाट सर्वाधिक उच्च अङ्क लिएर उत्तीर्ण भएको बहादुर सिंह भने बाउबाजेको आरने पेसालाई सघाउँदै आफू पनि त्यही पेसामा रम्ने निर्णय गऱ्यो ।

गुणस्तरीय शिक्षाका लागि विद्यालय व्यवस्थापन समितिको छलफलले विद्यालयमा निजी स्रोतमा शिक्षक राख्ने निर्णय गऱ्यो । लामो छलफलपछि दलितको छोरा टाठो छ भनेर बहादुर सिंहलाई शिक्षक नियुक्ति गर्ने निर्णय भयो । विद्यालयको जागिरे जीवनसँगै बहादुर सिंहले बुझ्दैछ, गाउँको राजनीति ।

उता कुमारी भने राजधानीको कलेजमा पढ्दै थिइन् । ग्रामीण परिवेशबाट आएकी हुन् भन्ने कुरा उनको हाउभाउ, व्यवहार तथा पहिरनबाट प्रस्ट हुन्थ्यो । सहरिया वातावरणमा उनी नयाँ थिइन् । उनलाई कलेजमा केटाहरूले– 'अर्गानिक ब्युटी' को उपमा दिएका थिए ।

स्नातक भर्ना हुदाँसम्म उनको अनुहारमा प्रस्टै देखिन्थ्यो, यौवनको रङ । त्यसमाथि गाउँको मधुर बोलीसँगै चाँदी स्वरूपको दन्ते लहर पनि ।

समय बढ्दै जाँदा कुमारीका साथीहरू पनि धेरै भएका थिए । कोही कलेज भित्रका थिए कोही कलेज बाहिरका । साथीमध्येको दलबहादुरले एक दिन एउटा काल्पनिक संस्थाको परिचय दिँदै संस्थाको काल्पनिक कामका बारेमा फूलबुट्टा भर्दै गरेको गफले कुमारीको मन तान्यो ।

संस्थाको परिचय दिने क्रममा दलबहादुरले भनेको थियो– "गाउँबाट सहरमा आएका आर्थिक कारणले घरेलु कामदार बनाएका महिलाको सीप तालिमका लागि सञ्चालित संस्था हो । हामी संस्थाको मार्फत ती असहायलाई देश, विदेशमा लगेर तालिम दिन्छौँ । महिलाले पनि यो समाजमा केही गर्न सक्छन् भनेर देखाउनु छ ।"

पछिल्लो समय कुमारीको दलबहादुरसँग अलि बढी नै हिमचिम बढेको थियो । पछिल्ला दिनहरूमा कुमारीको पहिरन र लवाइखवाइमा पनि सहरियापन बढ्दै गएको थियो ।

स्नातक तहको अन्तिम परीक्षा दिएपछि कुमारीलाई कसैले देखेनन् ।

त्यसभन्दा केही दिन अगाडि कुमारीले रविलाई भनेकी थिइन्– 'म त विदेश जाँदैछु तालिमको लागि ।'

रविले भन्यो– 'के को तालिम हो ?'

उनले भनिन्– 'हाम्रो महिला सशक्तीकरण सम्बन्धी तालिम, तिमीलाई के ल्याइदिने हो उपहार भन ।'

रविले भन्यो– 'टोलीको सबैभन्दा राम्री केटी ल्याइदिनू, सधैँभरिलाई ।'

कुमारीले भनिन्– 'मभन्दा राम्री कोही होला र यो संसारमा ?'

......................

यो बीस वर्षमा कन्यामाता खोलामा निकै पानी बग्यो । पहिला पहिला कुमारीको खबर केही थाहा थिएन । पछि बम्बईमा छे भन्ने हावा आयो । त्यति बाठीलाई पनि कसले पुर्‍यायो होला बम्बई । कति बाठो हुँदो हो त्यो मान्छे ।

अहिले कुमारीका धेरै साथीहरू नेपाल सरकारको अधिकृतदेखि सहसचिवसम्म भएका छन् । कहिलेकाहीँ भेटमा चिया पिउँदा होस् वा रमझममा चुस्की लगाउँदाको बेला कुमारीको कुरा गर्छन् । रवि भन्छ– 'तालिममा गएकी छे कहिले आउँछे खै !'

एउटा सामाजिक संस्थाको पहलमा भारतबाट धेरै नेपाली चेलीको उद्धार हुने भयो । नेपाल सरकारको तर्फबाट सहसचिव रवि शर्मा आफ्ना नागरिक बुझ्न जाने भए । सबै उद्धार हुनेको नाम ठेगाना रूजु गर्दै गर्दा अन्तिममा नाम आयो कुमारी उपाध्याय, कन्यापुर ।

रवि पहिला खुशी भयो, कुमारीले पनि मुक्ति पाई उसले मनमनै सोच्यो– 'उसको तालिम पनि बीस वर्षको भयो ।'

उसले फेरि सम्झियो 'कुमारी हराउँदा तालिममा भनेको दिन र उपहारको कुरो ।' उसको मनले फेरि सोच्यो "यसले त उपहारमा त एड्स पो ल्याएकी होली अब कहाँ कहाँ बिगार्ने हो ।"

सम्पूर्णलाई नेपाल सरकारको जिम्मा लिने कार्यक्रममा स्वागत गर्दै खादा र अबिर लगाउँदै गर्दा कुमारी र रविको देखादेख भयो । सबैले सहसचिवलाई नमस्कार गरे तर कुमारीले भने रविसँग हात मिलाइन् । त्यो दृश्य देखेका सबै अचम्मित भए ।

मन्तव्यको समयमा रविले नेपाल सरकारको तर्फबाट धेरै कुरा भने "कुमारी जस्तो पढेलेखेको र बाठो मान्छे पनि दलालको फन्दामा पर्नुभयो, हामीले दलाल चिन्नुपर्छ ।"

पीडितका तर्फबाट कुमारीले बोलिन्- "हामी गाउँले इमानदार चेलीहरू सबैको कुरा विनाशङ्का विश्वास गर्नाले दलाललाई चिन्न नसक्दा आज बीस वर्ष जेलको जीवन बाँच्न बाध्य भयौँ । सबै पुरूषहरूलाई आफ्नै दाजुभाइ मानेर विश्वास गरियो भने नारी जाति नारकीय जीवनमा पुग्ने रहेछन् भन्ने प्रमाण हामी भएका छौँ । अब नेपाल सरकारले हाम्रो उचित व्यवस्थापन गरोस् ।"

सरकारले सबै पीडित महिलालाई स्वरोजगारका लागि कृषिको तालिम दिने निर्णय गर्‍यो । तत्काल तालिम पनि सुरू भयो । "सबैको मनमा लागेको छ, यो तालिमको काम छैन, तर भन्ने कसरी ।" तालिमको समापनपछि सबैलाई घर जान र कृषिका कार्यका लागि सरकारले जनही एक लाखका दरले रकम उपलब्ध गरायो । घरमा कसरी जाने सबै चेलीहरू अन्योलमा थिए । कसैलाई पनि अन्तरमन र दिमागले घर जाने निर्णय दिएन । केही समयपछि प्रायजसो चेलीहरू राजधानीका होटल तथा बारमा कामको खोजीका लागि लागे ।

पढेलेखेकी कुमारीले भने फेसबुकबाट आफ्ना पुराना साथी खोज्न लागिन् । आफ्नो फेसबुक प्रोफाइलमा work at (वर्क एट) भनेर चर्चित संस्थाको नाम राखिन् । सबैले उनको अनुरोधलाई स्वीकारेका थिए । खै किन हो रविले स्वीकार गरेको थिएन । त्यसै क्रममा स्कुले जीवनको म्यासेन्जर ग्रुप कन्यामाता एसएलसी २०४८ मा बहादुर सिंहले कुमारीलाई जोडे ।

राजधानीको महिला गृहको एक महिने बसाइको क्रममा कुमारीले प्रायः चिनेजानेकालाई भेटघाट गरिन् । कोही कसैबाट पनि सहयोगको सकारात्मक सङ्केत देखिएन । रविले पनि सरकारी तवरबाट हुने सहयोगको प्रक्रियामा उचित ध्यान दिएनन् । रवि बाहिर भन्ने गर्छन् अरे "कतै रविले बोकेर हिँड्यो भन्छन् कि भन्नाको डर !"

ठूलो समूहमा नेपाली चेलीबेटीको उद्धार भएको समाचार एक दिन नेपालका सबै सञ्चार माध्यमले प्रकाशित र प्रसारित गरे । त्यसपछि सञ्चार माध्यमले खासै प्राथमिकता दिएका थिएनन् । दुई महिनापछि बम्बईको दैनिकी भनेर एक टेलिभिजन च्यानलले लियो कुमारीको सनसनीपूर्ण अन्तर्वार्ता । अन्तर्वार्ताले ठूलै हलचल मच्चायो । अर्न्तवार्तामा भएको वार्तालापबाट बनेका टिकटकले एक समय नेपाली टिकटक कुमारीमय नै बन्यो ।

बम्बईको दैनिकी नहेर्ने नेपाली कमै होलान् । बीस वर्षे बम्बईको बसाइमा पनि उसलाई एड्स नलागेको प्रसङ्ग र उसले त्यहाँभित्र गरेका सङ्घर्षका कथा व्यथा निकै पीडादायी र रोचक मात्र थिएनन्, कोही त कल्पनाभन्दा बाहिरका पनि थिए ।

कुमारीसँग स्नातकसम्म सँगै पढेकी सुमारी अहिले राष्ट्रिय सञ्चार गृहमा पत्रकारिता गर्छे । प्रायः असहाय महिला उसको क्षेत्रभित्र पर्दथ्यो । म्यासेन्जर ग्रुपमा कहिल्यै 'हेलो' नभन्ने सुमारीले एक दिन कुमारीलाई फोन गरेर भनिन् "मैले तिम्रो अन्तर्वार्ता लिऊँ भनेको, अर्को मिडियाले लिइहालेछ ।" कुमारी भन्छिन् "मेरा र नेपाली चेलीबेटीका बम्बईका पीडा त नेपाली सञ्चार माध्यममा एक पटक लिएर सकिँदैन साथी । लेख्ने मान्छे भए विश्वको सबैभन्दा ठूलो कृति बन्न सक्छ ।"

कुमारीलाई राजधानी बसाइ उति मन परेको थिएन, जाऊँ पनि कहाँ ? घरबाट कुनै सम्पर्क नै भएको थिएन ।

एकदिन म्यासेन्जर ग्रुपमा बहादुर सिंहले भन्यो– "तिमी काठमाडौँ मात्रै बस्ने हो कि के हो ?"

कुमारीले भनी– "काठमाडौँमा बस्न मन त छैन तर जाने कहाँ ?"

बहादुरसिंहले भन्यो– 'सबै साथीहरू त्यहीँ छौ केही व्यवस्था गर, नेपाल सरकार चलाउने मान्छे पनि त्यहीँ छौ के हो केटा हो, केही त सोच न हो कुमारीको बारेमा ।'

रविले भन्यो– "एक दुई महिना गाउँतिर जाने भेटघाट गर्ने पछि केही व्यवस्था गरौँला नि ।"

रविले तत्काललाई गाउँतिर गए अफिसमा यो आउने थिएन भनेर रचेको प्रपञ्च कुमारीले बुझेकी थिइन् । बहादुर सिंहले भन्यो– "अर्को हप्ता गाउँपालिकाको गाडी काठमाडौँ आउँदैछ त्यसैमा आऊ न त ।"

....................

देशमा ठूलो राजनैतिक परिवर्तनपछि, राज्य पुर्नसंरचना भएको छ । बहादुर सिंह शिक्षकको जागिर राजीनामा दिएर गाउँपालिकाको अध्यक्षमा निर्वाचित भएको छ । कन्यापुर गाउँपालिकाले नेपालको स्थानीय तहको काम र नाममा छुट्टै पहिचान मात्र बनाएको छैन, उत्कृष्ट स्थानीय तहको रूपमा पटक पटक पुरस्कृत पनि भएको छ ।

नेता जातले हुँदो रहेनछ, भन्ने बहादुर सिंहले देखाएको छ । छुवाछुतमुक्त गाउँपालिका, बालिघरे प्रथा मुक्त गाउँपालिका, अर्गानिक कृषिमा नेतृत्वकर्ता, गाउँपालिकामा आधुनिक पुस्तकालयसहितका विद्यालय, विपन्न वर्गका सबैलाई

निःशुल्क उच्च शिक्षा, भौतिक पूर्वाधारले सम्पन्नलगायत अन्य कति कति विकास सूचकमा गाउँपालिका निकै माथि छ ।

गाउँपालिकाको गाडीमा कुमारी कन्यापुर पुगिन् । गाउँपालिकामा कर्मचारीहरूले कुमारीलाई स्वागत गरे । कुमारीलाई घर जाने आँट भने आएको छैन । बहादुर सिंहले उनको मनसाय बुझ्यो । प्रशासकीय अधिकृतका साथ बहादुर सिंहले कुमारीलाई लिई उनको घरतर्फ लागे । बहादुर सिंहले भने– "पुराना कुरा बिर्सनु अङ्कल अन्टी ! कुमारी फेरि जन्मिई ठान्नू अरू छलफल पछि गरौंला ।"

कुमारीलाई आफ्ना वेदना कहाँ कति बेला पोखौँ पोखौँ भएको छ । घरपरिवारले कुमारीलाई सञ्चो बिसञ्चो सोध्ने सामान्य व्यवहार पनि गरेनन् ।

'उहीँ पुरानो गोठको कोठामा झोला राख्नी' –आमाको आवाज आयो ।

गाउँमा कुमारी आएको मात्रै हल्ला चलेन । ठूलो हल्ला त कुमारीको रगत चेक गर्नुपर्छ भन्ने चल्यो । कुमारीको पुरानो अन्तर्वार्ता हेरेकाहरू भन्छन् । उसले त्यहाँ महिला उद्धार मात्रै गरेको रे । बम्बई र काठमाडौँमा चेक गर्दा नेगेटिभ आएको रे ।

गाउँ शान्त नभएपछि, कुमारीलाई लिएर कन्यापुर महिला समूहका प्रतिनिधि स्वास्थ्य कार्यालय गए । स्वास्थ्य कार्यालयको ल्याब प्रमुख थिइन् हाँसमती वि.क, कुमारीको रगत झिकेपछि हाँसमतीले भनिन्– 'कुमारी दिदी हजुर नै हो, धेरै पटक नाम सुनेको थिएँ मैले, त्यस्तो बाठो र पढेलेखेको मान्छेलाई कसरी झुक्याए होला भनिरहनुहुन्थ्यो ।'

कुमारी अलमलमा परिन् र भनिन्– 'मैले चिनिनँ नि तपाईंलाई ।'

महिला समूहकी अध्यक्षले भनिन्– 'अध्यक्ष बहादुरे भाइकी बुढी ।'

कुमारीले भनिन्– 'बहादुर र हामी त सानैदेखिको साथी, अनि उहाँको छोरा रवि, उहाँकी छोरी सुमारी पनि, समयले के के गर्‍यो गर्‍यो । रिपोट कहिले आउँछ ?'

हाँसमतीले भनिन्– 'भोलि आउँछ, अब गाउँमा केही राम्रो काम गर्नुपर्छ दिदी, यत्रा दिदिबहिनी हुनुहुन्छ । तपाईं जस्तो पढेलेखेको मान्छे जहाँ पनि काम गरिहाल्नु छ नि ।'

हाँसमती बोलिरहँदा महिला समूहका प्रतिनिधिहरूले आपसमा आँखा जुधाएर

हेराहेर गरे, सरकारी कर्मचारी र अध्यक्षकी श्रीमती भएको हुँदा उनको कुरा ठाडै प्रतिवाद गर्न सकेनन् ।

रिपोट नेगेटिभ आयो । गाउँमा कुमारी हिँड्दा बोल्दा कुमारीलाई हेर्ने नजर पनि नेगेटिभ नै छ ।

अहिले आफ्नो गाउँमा पनि कुमारीलाई समय कटाउनु निकै गाह्रो छ । घुम्दै जाँदा कहिले अध्यक्ष बहादुर सिंहकोमा पुग्छे । हाँसमती र बहादुर सिंह उसलाई हौँसला दिन्छन् । त्यहाँ पुगेका गाउँले भन्छन, "अध्यक्षले भनेको कुरा ठीक हो, घर परिवार समाजले कुमारीलाई अगाडि बढ्न मद्दत गर्नु पर्छ ।" विडम्बना नै भन्नुपर्छ उनै गाउँलेको घरमा जाँदा ती कुरामा हो मा हो मिलाउनेहरू कुमारीसँग बोल्ने साहस पनि गर्दैनन् ।

अहिले कुमारीको दैनिकी दिउँसो नजिकै रहेको गाउँपालिकाको कार्यालय जाने भएको छ । एकदिन बहादुर सिंहले भने– "के रोजगारी गर्ने कुमारी भन त ? गाउँमा कुरा बढी भए ।" कुमारी भन्छे "के गर्ने शरीरमा बल नै छैन । कार्यालयमा सामान्य कामको व्यवस्था गरे केही गर्न सकिएला कि हेरौँ ।"

एकदिन गाउँपालिकाको उपाध्यक्ष निर्णायिका के.सी.लाई बहादुर सिंहले भने "तपाईंको स्वकीय सचिव भनेर कुमारीलाई राखौं, उसको बाँच्ने बाटो हुन्छ कि ।"

निर्णायिकाले ठाडै प्रतिवाद गरिन् र भनिन् "बम्बईबाट के सिकेर आएकी छे र मैले पिए राख्ने । जे-जेमा राख्ने हो तपाई नै राख्नोस् ।"

आजकल कुमारीको दैनिकी गाउँपालिकामा जनप्रतिनिधिको जस्तो भएको छ । कुमारी दैनिक रूपमा एकपटक गाउँपालिकाको कार्यालयका सबै शाखामा पुग्छिन्, उनले प्रत्येक शाखाका सबै कुरा बुझ्छिन् र अध्यक्षलाई भन्छिन् ।

एक दिन गम्भीर रूपले भनिन्– "यो त सुधार गर न हो बहादुर, साह्रै दुःख पाए जनताले । "

पछिल्लो समय अध्यक्षले धेरै कर्मचारीलाई स्पष्टीकरण सोधेका छन् । स्पष्टीकरण लिने लगाउने कुमारीले नै हो भन्ने धेरै कर्मचारीलाई परेको छ । अझ बढी त, ती सेवाको नाममा खुद्रा व्यापार गर्ने कर्मचारीलाई परेको छ । अहिले गाउँका बासिन्दाहरू भने धेरै खुशी छन् । गाउँमा हल्ला छ– 'बहादुरेको पिए जस्तो भएर त कुमारीले कर्मचारीको सातो पो खाई रे । ठिकै गरिछे, ती कर्मचारीहरूले कम्ता दुःख दिएका थिएनन् ।'

कुमारीको दुःख सुन्ने गाउँमा केवल बहादुर सिंहका दम्पती मात्रै छन् । कुमारीका घरका भने खाना खाने समयमा घरमा भए खान दिनेबाहेक अरू समय देखे नदेखेको गर्छन् । सानो सानो स्वरमा परिवारको एउटै स्वर आउछ 'मर्न नसकेकी ।'

गाउँमा डरलाग्दो हल्ला छ अहिले । अध्यक्ष बिग्रियो बम्बईबाट आएकीलाई लिएर हिँड्ने । गाउँमा हुने पार्टी पार्टीको राजनीतिले पनि कुमारी र बहादुर सिंहको प्रसङ्ग उचालिरहेका छन् ।

जेठको समय थियो आगामी वर्षको योजनाका लागि । बैठक दिउँसो ३ः३० मा गाउँपालिका कार्यालयमा डाकिएको थियो । नेपाली समय भनेर समयमा कोही पनि उपस्थिति भएका थिएनन् । अध्यक्षको कार्यकक्षमा कुमारी र बहादुर सिंह थिए । कुमारीले बम्बईका कहानी भन्ने बहादुर सिंह सुन्ने क्रम चलेको थियो । शुक्रबारको दिन भएको हुँदा प्रायः कर्मचारी बाहिर निस्किसकेका थिए ।

एक्कासि प्रतिपक्ष दलका एक हुल युवा आए । कार्यालयमा दिउँसै अनैतिक क्रियाकलाप भनेर होहल्ला गर्न थाले । उनीहरू आश्चर्यमा परे, बहादुर सिंहले बुझ्यो । यहाँ राजनीति हुदैँछ । ठूलै होहल्ला भयो, बैठकका लागि बोलाएका मानिस लगायत ठूलो संख्यामा जनताहरू उपस्थिति भए । हुँदाहुँदा त्यहाँ नारा चर्काउन लागे ।

जहाँ ठूलो स्वरमा चर्किएको नारा थियो ।

'कि कुमारी आफ्नो बना,कि अध्यक्षबाट राजीनामा दे' ।

कुमारीका घरकाले पनि नियोजित आन्दोलनमा हो मा हो थपे । बहादुर सिंह ठूलो अन्योलमा पर्‍यो । कोही कसैसँग सरसल्लाह लिने वातावरण नै बनेन । चारैतिरबाट ठूलो सङ्ख्याले घेरेका छन् । सँगै रहेकी कुमारीलाई सोध्यो– "के निर्णय गरौँ ?" "राजीनामा नदेऊ तिमीले गाउँमा धेरै गर्नु छ" –कुमारीले भनिन् । बहादुर सिंहले आन्दोलन शान्त पार्दै भन्यो– "कुमारी अब सधैँ मसँग हुनेछिन् ।"

शुक्रबारदेखि गाउँ र जिल्लास्तरका नेताहरू मात्रै होइन, केन्द्रीयस्तरका नेताहरू पनि कन्यापुरमा खिचडी पकाउन भूमिगत तरिकाले लागिपरेका छन् । योजना बन्यो अदालत जाने । आइतबार अदालतमा कन्यापुर गाउँपालिका अध्यक्षलाई बहुविवाहमा कार्वाही गरि पाऊँ भनी, प्रतिपक्षका नेताले मुद्दा दायर गरे ।

महिला वकिलहरू दुई भागमा विभक्त भए ।

एक थरी भन्छन्– 'बम्बईबाट आएकी एक पीडित महिलाले साथ पाई, कानूनले के भन्छ होइन सामाजिक न्यायले यो न्यायोचित ठान्छ ।'

अर्काथरी भन्छन्– 'स्थानीय सरकार भएर कानूनको धज्जी उडाउन पाइन्छ ?'

नेपालको कानूनी इतिहासमा बहुविवाहको मुद्दामा सबैभन्दा धेरै वकिल र सबैभन्दा धेरै दिन बहस भएको मुद्दा सायद यही बन्यो । अदालतमा उनीहरूले दिएको प्रत्युत्तरले सबै न्यायाधीशहरू मात्र होइन पक्ष विपक्षका वकिलहरू सोच्न बाध्य छन् ।

गाउँले पनि दुई भागमा विभाजन भएका छन् । एक थरी गाउँलेहरू भन्छन् "आजीवन कारावास हुनपर्छ ।" अर्कोतिर बाट भन्छन्– "कन्यापुरको विकास भएको देख्न नचाहनेहरू बाट यो सब भएको छ ।"

दलित अधिकारकर्मीहरू भन्छन् "दलितको छोराले समाजमा परिवर्तन गर्न खोज्दा जातीवादीहरूबाट भएको हमला हो यो ।"

आगोमा घ्यू थप्नका लागि यो बीचमा धेरै अधिकारकर्मीले हाँसमतीलाई भेटे । केही समयपछि हाँसमतीले सार्वजनिक वक्तव्य जारी गरिन् । जुन वक्तव्यको मूल आशय थियो– 'बम्बईबाट आएको एक पीडित नारीलाई उहाँ जन्मेको गाउँ, उहाँको समाज, उहाँका आफन्तजनले हौसलाका साथ अगाडि बढाउन छाडेर जुन तवरले तल्लो अमानवीय व्यवहार देखाउनुभएको छ; त्यो अत्यन्तै निन्दनीय छ । सम्मानित अदालतले बहादुर सिंहले कुमारीलाई सँगै राख्नुपर्छ भने म उहाँलाई बहिनीको व्यवहारले होइन दिदीको रूपमा सम्मान गरेर समाजका लागि काम गर्नुस् भनेर साथ र सहयोग गर्न तयार छु ।'

लामो समयपछि प्रमुख न्यायाधीशको एकल इजलाशबाट फैसला भयो । जुन फैसलामा भनिएको थियो– "बालापनदेखि पलाएको मायालाई परिपक्व उमेरमा साथ दिन खोज्नु बहुविवाहभित्र पर्दैन । सँगै बस्नु तर भोलिका दिनमा कोही कसै नेपाली नागरिकको नागरिकतामा आमाको नाम कुमारी उपाध्याय र बाबुको नाम बहादुर सिंह आउनु कानूनद्वारा निषेधित छ ।"

फैसलाको पूर्णपाठ पढिसकेपछि महिला अधिकारकर्मीहरू अन्योलमा छन् । अब के वक्तव्य जारी गर्ने । फैसलाको समर्थन गरौँ वा विरोध । महिला अधिकारकर्मीबीच निकै लामो छलफल भयो । समर्थन गरौँ राजनैतिक आस्थाका आधारमा फसाइएको मुद्दा हो, विरोध गरौँ 'घर न घाट भएकी कुमारीले साथ पाएकी छे ।

त्यही क्रममा न्यायका लागि महिला अभियानकी अध्यक्षले भनिन्– "रिपोट नेगेटिभ

हुँदा पनि कुमारीलाई किन आमा हुने अधिकारबाट बञ्चित गऱ्यो अदालतले । यसलाई हामीले गम्भिर रूपमा लिनु पर्छ । अब भन्नुस् विद्धान मित्रहरू फैसलाको सर्मथन गरौँ वा विरोध ।"

*मल्लरानी प्युठान*

***हाल:* नेपाल विद्युत प्राधिकरण**

*गीत*



# जिन्दगी

**दीपक गौतम**

अरूलाई धेरै कुरा भन्नु हुँदैन
कुराले नि जिन्दगीको शिखर छुँदैन ।

आफूलाई धेरै कुरा भन्न बाँकी छ
जिन्दगीका हजार सिँढी चढ्न बाँकी छ ।

डर र त्राशमा नाच्छ जिन्दगी
आफ्नोभन्दा अर्कैलाई बाँच्छ जिन्दगी ।

जिन्दगीको अस्तित्त्वमा प्रश्नचिह्न छ
त्यही प्रश्नको समाधान जीवन चाह छ ।

**नेपाल विद्युत प्राधिकरण**

# पाँच मुक्तक



अतृप्ताचार्य

१.

मीठो मुस्कुराउने कला, टक्करबाट सिकेको हुँ
मैदानको महिमा मैले, अक्करबाट सिकेको हुँ
बुटा-बगरमा भेटिने गर्छन्, सिकाउने गुरू तर
होश सम्हाली हिँड्नचाहिँ, ठक्करबाट सिकेको हुँ ।

२.

पऱ्यो टऱ्यो,पऱ्यो टऱ्यो, यस्तै हुँदै जान्छ
फल्यो झऱ्यो, फल्यो झऱ्यो, यस्तै हुँदै जान्छ
प्रकृतिको नियम यही, चक्र घुम्छ यस्तै सधैँ
टिप्यो छऱ्यो, टिप्यो छऱ्यो यस्तै हुँदै जान्छ ।

३.

ताना एक बोकिँदैन, अनेक बोकिन्छ के गर्नु
कहाँकहाँबाट आएर के-के ठोकिन्छ के गर्नु
छरलबरल पारेर बोकिने यो खुद्रे जिम्मेवारीले
मासु टोक्न खोज्दा जिब्रो मात्र टोकिन्छ के गर्नु !


४.

माटामुनि सडाउन खोज्नेको कमी थिएन
छिर्के हानी लडाउन खोज्नेको कमी थिएन
उम्रेँ,उठेँ विश्वास जगाएँ र त आज यहाँ छु
होमको चरूझैँ डढाउन खोज्नेको कमी थिएन ।

५.

आँखैले देखेको कैयौँ कुरा झुटो हुन्छ
हरियो वृक्ष पनि शिशिर हुँदा ठुटो हुन्छ
यति बुझ्नू,जगतमा चोखो वस्तु केही छैन
धँगेराको रस पनि त माहुरीको जुठो हुन्छ !

विदुर-५, नुवाकोट
हाल : नेपाल विद्युत प्राधिकरण



# जरिवानाको लेठो

**मोदनाथ मरहट्टा**

आफ्नै गतिमा सोझो बाटो हिँड्दा पनि भड्खारोमा परिन्छ । सामाजिक मर्यादा नाघेर अहिलेसम्म चोरी–डकैती गरिएन त्यसैले वैधानिक वा कानूनले तोकेबमोजिम दण्ड जरिवाना तिरिएन । यहाँ कानूनी वा वैधानिक भनेको अदालतले तोके वा अह्राएको भनेर बुझ्नुपर्छ । कुनै गैह्रकानूनी कार्य गरे गराएमा राज्यले निर्देशन गरेको अदालतले तात्कालिक कानून मिचेको पुष्टि भयो भने दण्ड र जरिवाना ठेकाउँछ । त्यस्तो फैसलाले जेल बस्नुपर्ने र नगदको धनराशि तिर्नुपर्ने पनि हुन्छ । त्यस्तो निर्णय आफ्नो जीवनमा आइलागेन । भन्नुहोला तँ जेल बसेको त होस् नि । त्यो त बसेर आएकै हो । त्यो बसाइ जिल्लाका ठूला बडाहाकिमको निर्णय थियो । जेल बस्दा जरिवाना त तिरिएन तर हिरासतको भातको मोल भने जिप्रकाको मेस हवल्दारले असुल गरेरै छाडे । त्यहाँ न्यूनतम मानवाधिकार पनि थिएन । हामी आस्थाका साथीहरू जो जो जेल बस्यौँ, हामी श्रमिकवर्गको मुक्तिको पक्षधर थियौँ । हामीलाई थुन्नेहरू सामन्त र पुँजीपति वर्गका प्रतिनिधि थिए । त्यसैले त्यहाँ मानवाधिकार वर्गीय थियो । तपाईं भन्नुहोला मानवाधिकार त सर्वमान्य हुनुपर्दछ । हामीले पनि पढेको र बुझेको त त्यही हो तर त्यस्तो मान्यता लागू हुने कुरा भएन । "बोलबोल मछली मुखभरि पानी !"

कहिलेकाहीँ समाचारहरू सुनिन्छ, पढिन्छ, अख्तियारले डामेका साँढेहरू सिङ तिखारेर जुरो ढल्काउँदै लाल दरबार, शितल दरबार, घाम दरबार पुगेर आफ्नो सान देखाउँछन् र सय खत माफीको पगरी गुथेर डुक्रिन्छन् । त्यो तपाईं हामी सबैले देखेसुनेकै छौँ । अख्तियारले कैद र जरिवाना तोकेका अभियुक्तहरू जेल भुक्तान र दण्ड चुक्तान गरेर निस्कँदा उनका प्रशंसकहरूले गुथाइ दिएको माला र खादाको तौल कति क्विन्टल थियो कसैले नापतौल गरेन । यो पनि हाम्रै समाजको वास्तविक चित्र हो ।

हामी सानो छँदा हाम्रा बाले भन्नुहुन्थ्यो डाँड तिर्नुपर्ने कुनै पनि काम नगर है ! त्यसैको प्रभावले होला तन्देरी बेलमा त्यस्तो बिठ्याइँ सायदै गरिएन र दण्ड जरिवानामा परिएन । कुनै कुनै जिज्ञासा वा कुतूहलले असमञ्जस्यमा पार्ने रहेछ ।

एक पटक म केटौले उमेरमै थिएँ एकदिन एउटा परीक्षण गर्न खोज्दा एकजना गुरूले पाँच सुका जरिवानाको उर्दी सुनाए । भएको के थियो भने हामी कक्षा पाँचमा पढ्दै थियौँ । भदौको कुनै रात विद्यालयको प्राङ्गणमा लाखे नाच देखाइएको थियो । भोलिपल्ट सदाभैँ विद्यालय खुल्यो । दोस्रो घण्टीमा एक जना गुरूले राति उज्यालो दिएको मैन्टोल ल्याएर हाम्रो कक्षा कोठाको झ्यालमा राख्नुभयो । दोस्रो घण्टिपछि लघुशङ्काको फुर्सद भयो । मलाई त्यो जिनिसमा झुन्डिएको सेतो जालीले निकै कुतूहल बनायो र मैले त्यो जालीलाई हातका औँलाले छोएँ । ला ! जाली त खरानी भएको रहेछ । मेरा औँलामा खरानी पो आयो । मन ढक्क फुल्यो । त्यही बेला आफ्नै कक्षाका एक जना साथीले हल्ला मच्चाए "मोदेले मैन्टोलको जाली फुटायो !" सबै गुरूरूरू हेर्न आए । म कालो निलो भएँ । हल्ला मैन्टोल धनी गुरूकोमा पुगेछ उहाँ पनि आउनुभयो र मलाई पाँच सुका जरिवाना तोक्नु भयो । म कायल हुँदै भोलि ल्याउँछु भनेर उम्किएँ । म त्यो जरिवाना बुझाउन सक्ने अवस्थामा थिइनँ । गुरूको ताकेतालाई भोलि भोलि भनेर टार्दै गएँ । मसित गुरूको पैसा तिर्ने उपाय थिएन । घरमा बाआमालाई पनि भन्न सक्दिनथेँ । धेरैचोटि ती गुरूको ताकेता सहन गाह्रो परेपछि मैले आफ्नै दाइसित रूँदै भनेँ । दाइ आठ कक्षामा पढ्दै हुनुहुन्थ्यो । दाइले आफ्ना साथीसित कुरा गर्नु भएछ र साथीहरूसहित ती गुरूकहाँ पुगेर जलेको जालीको जरिवाना लिन पाइन्न भन्नुभएछ । त्यो दिनदेखि गुरूले पैसा त माग्नु भएन तर राता राता आँखाले हेरेर आतङ्कित पार्नु भयो । जलेको जालीको जरिवाना माग्ने ती गुरूप्रति मेरो मनमा विद्रोह जाग्यो । मभित्र बदलाको भावना बढ्दै गयो र दसैँको बिदा हुने दिन सरसफाइ सिध्याएर सबै साथी घर गए । म भने ती गुरूको घर जाने बाटोमा लुकेर बसेँ । मेरो हातमा एउटा ढुङ्गो थियो जब गुरू ओरालो झरे अनि मैले ढुङ्गाले उनलाई ताकेर हानेँ अनि भागेँ । गुरूले के सोच्नुभयो कुन्नि दसैँ पछि केही कुरा भएन । अस्तिताका त्यही जाली फुटाएको सुराक दिने साथीसित भेट्दा मरी मरी हाँसियो ।

उमेरले बुढ्यौलितिर लाग्दै गर्दा भुलवश केही घटनामा जरिवानामा परेको छु । २०७२ को भदौमा अखिल क्रान्तिकारीको एउटा टोलीसँग मिसिएर म पनि दार्चुलासम्म गएको थिएँ । डँडेलधुराको सदरमुकाममा पुगेर बस रोकियो । पछाडिका बसहरू आइ नपुगेको र म चुरोटको अम्मली भएकोले बसको छेल पारेर चुरोट पिउन सुरू गरेँ । चुरोटको धुवाँमा लठ्ठिरहेको म एक प्रहरी भाइ आएर 'बुवा त्यो चुरोट फ्याँक्नुस्' भन्दा खङ्ग्रङ्ग भएँ । त्यहाँ सार्वजनिकस्थलमा धुम्रपान निषेध रहेछ । मैले 'सरी' भन्दै कान समातेँ । ती प्रहरीले भने– "तपाईं पहिलो पटक भएकाले चेतावनीमा पर्नुभयो । यहाँका महिलाले सार्वजनिक स्थलमा

धुम्रपान निषेध गराएका छन् ।" महिलाहरूको त्यो निर्णयलाई मैले सम्मान गरेँ । उतिखेरै एकजना मजदुर भाइले चेप्टेको मदिरा खुलमखुल्ला पिए । मैले तिनै प्रहरीलाई सोधेँ- "धुम्रपान निषेध क्षेत्रमा मद्यपानचाहिँ खुला रहेछ नि" उनले लाचार हुँदै भने "रक्सी रोक्ने हामीलाई अर्डर छैन बा !" भोलिपल्ट टोलीसँगै म दार्चुला पुगेँ । केही युवा विद्यार्थीहरू लिपुतिर पठाएर बाँकी साथीहरू फर्कियौँ । बेलुका डँडेलधुरामा बास पर्‍यो । बिहान त्यहाँबाट हिँडेर केही तल भीमदत्तको सालिक नजिक गाडी रोकियो । मलाई लघुशङ्काले च्यापेकोले हतार हतार शौचालय पसेँ जब म निवृत्त भएर बाहिर निस्किएँ म त महिला शौचालयमा पो पसेको रहेछु । म बाहिर निस्कँदा चार-पाँच महिलाको घेरामा परिहालेँ । मैले कायलनामा भएर माफी मागेँ तर ती दिदीबहिनीहरूले मलाई पाँचसय जरिबाना माग्नुभयो । मैले खुरूक्क पाँचसय बुझाएँ र लज्जाबोध हुँदै बसभित्र कुचुक्क बसेँ ।

लघुशङ्काकै कारण मैले बबई बजारमा पनि जरिबानाको नगद बुझाएको छु । इच्छुक प्रतिष्ठानको एउटा विचार गोष्ठीमा हामी सुर्खेत बजारमा थियौँ । कार्यक्रम सकेर फर्कँदा दिन गइसकेको थियो । त्यसदिन आफ्नो समस्याको ख्याल नगरी बढ्तै पानी पिइएछ बाटाभरि समस्या बनाइरह्यो । आफ्नै टीमको गाडी भएर पनि बाटोमा नरभक्षी बाघको हल्लाले गाडी रोकिएन । बबई बजार आइपुग्दा झमक्क अँध्यारो भयो । म प्रोस्टेटको समस्याको मनुवा बाटोभरि सकस कटाउँदै खुम्चिएर बसभित्र बसेको थिएँ । जब गाडी रोकियो म दौडिएर पाखातिर लागेँ । आफू निवृत्त भएर फर्कँदै गर्दा त म गिरफ्तारीमा पो परेँ । त्यो स्थलमा स्थानीय बजारियाहरूको समूहले खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरेको रहेछ । घुर्मैलो घुर्मैलो अँध्यारोमा मलाई पाखुरामा समातेर उनीहरूको कार्यालयमा उभ्याइयो र केरकार गर्न थालियो । उता गाडी छुट्ला भन्ने डर यता जरिबानाको डर । मेरो ओठतालु सुक्यो । मैले आफू अपरिचित भएकोमा र स्थानीय नियम नबुझेकोमा गल्ती स्वीकारेँ । उनीहरूले मसित रू पाँचसय जरिवाना मागे मैले त्यति रूपियाँ नभएको भनेर रू. २०० / तिरेर उम्किएँ ।

कानूनी रूपमा फैसलाले जरिवाना नतिराए पनि जनअदालतले मागेबमोजिम तिरेर आफूलाई बचाउ गरेको छु । हालैको एकदिन नेपालकै जेठो अस्पतालले पनि जरिबाना तिरायो । जीवनसाथीको चेकअपको लागि अस्पताल पुगेका थियौँ । क्यान्टिनमा खाना खान गयौँ । भुक्तानी गरेर आ-आफ्नो प्लेटमा खाना लियौँ । मेरो बिरामीले प्लेटमा राखेको खाना खान सकिनन् । त्यत्तिकै टेबुलमा छोडेर हामी बाहिर आयौँ तर क्यान्टिनको बेरा आएर हामीलाई भित्र डाके । के रहेछ भनेर हामी काउन्टरमा गयौँ त्यहाँको साहुले खाना फालेबापत रू. ५०० तिर्नुस् भनेर

कडिकडाउ गरे । एकातिर बेस्वादिलो खाना अर्कोतिर जरिबाना मूर्दामाथि कात्रो भन्दै जरिबाना बुझाएर हिँडियो । ती साहूले त्यो रूपैयाँ आफ्नै गोजीमा हाले । जरिवानाको लेठोले लखेटेको लखेट्यै छ ।

दण्ड जरिवाना वा सजाय निर्धाहरूका लागि हो । मुलुकका मन्दिरहरूबाट कति मूर्ति हराए खोजी हुँदैनन् । कति सुन भित्रिए अपराधलाई ढाकछोप गरिएको छ । चोरहरू साधुको दर्जा पाएर उम्किएका छन् भने साधुहरू चोरीको दोषमा सजायको भागिदार बनेका छन् । यस्तो परिपाटीको भुक्तभोगी अरू को को हुनुहुन्छ हँ ?

गीत

# वृद्धावस्थाको अनुभूति



**अनिल पौडेल**

दुई आँखा चार भए तर दृष्टि धमिलो भो
छाम्दै हिँड्नुपर्दा यो मन पीडाले अमिलो भो
मान्छे चिन्न मुस्किल भयो केही प्रस्ट देखिन्नँ
दुई खुट्टा तीन भए तैपनि ठाउँमा टेकिन्नँ ।

जवानीको याद आउँछ लेकबेँसी दौडिएको
डाँडा डुल्दै काफल खाको खोला, नदी पौडिएको
भारी मकै बोक्ने ढाड, अहिले आफैँ खोज्छ आड
मकैजस्ता लहरे दाँत छैनन् पिउनु पर्छ माड ।

गोठभरि लैना भैँसी खोलै बग्थ्यो दूध घिउ
बिहानदेखि साँझ खटिन्थ्यो उस्तै ताजा हुन्थ्यो जिउ
घाँटी सुक्छ मोही भेटिन्नँ, मीठो बोल्ने कोही भेटिन्नँ
बूढो भनी हेप्छन् अहिले कम्ती मात्र मुटु रेटिन्नँ ।

छोरा नाति सहर पसे अहिले कहाँ भर भयो र !
वृद्धाश्रम जस्तो भयो घर कहाँ घर रह्यो र !
तन टाढा माया गाढा घाँटी खसखस गर्दा सम्झिनू
जीवन हुँदा नसम्झे नि गाउँमा हामी मर्दा सम्झिनू ।

**नेपाल विद्युत प्राधिकरण**



# माघेसङ्क्रान्तिको महत्त्व

त्रिचन्द्र प्रतीक्षा

कुनै पनि किसिमको चाडपर्वका परम्परामा धर्म र संस्कृतिको विविध पक्ष अन्तर्निहित रहेको हुन्छ नेपाली समाजमा । भौगोलिक, जातीय र सांस्कृतिक विविधता रहेको नेपालमा एकैदिन पर्ने र एउटै नामको पर्वलाई पनि भिन्नभिन्न भेग र समुदायमा भिन्नभिन्न ढंगले मनाउने प्रचलन छ । माघ महिनाको सुरूवातको दिन अर्थात् माघ १ गते मनाइने 'माघे सङ्क्रान्ति' पर्व 'मकर सङ्क्रान्ति' को नामले पनि प्रचलित छ ।

नेपालको किराँती संस्कृतिबाट प्रतिपादन गरिएको संस्कार हो, मकर सङ्क्रान्ति । यसमा किराँती राजा शक्को हाङ्गको नाम जोडिएको पाइन्छ । राजा शक्को हाङ्गको नामबाटै शङ्खमूल नदीको नामकरण भएको प्राचीन कथन छ । मकर सङ्क्रान्तिमा शङ्खमूलमा ठूलो मेला लाग्छ ।

ज्योतिषीय दृष्टिकोणमा सूर्यले धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने र यसै दिनदेखि सूर्यको उदय विन्दु दक्षिणतर्फबाट उत्तरतर्फ प्रवेश गर्ने क्रम आरम्भ हुने गर्दछ । उत्तरायणको अवधिमा तुलनात्मक रूपमा दिन लामो हुने र तापक्रममा समेत वृद्धि भई गर्मी मौसमको प्रारम्भ हुने गर्छ ।

नेपालको समस्त भूभाग हिमाल पहाड र तराईमा बसोबास गर्ने क्षेत्री, बाहुन, राई, लिम्बू, नेवार, गुरूङ, मगर आदि सबै जनजातिले माघे सङ्क्रान्तिलाई आ–आफ्नो परम्परा, भिन्नभिन्न विशेषता र प्रकृतिले मनाउने गरेको पाइन्छ ।

घिउ, चाकु, तरूल, तिलको लड्डु जस्ता पौष्टिक खाद्य पदार्थ खाएर मुलुकभर माघे सङ्क्रान्ति पर्व मनाइन्छ भने नेवार समुदायमा भने ती खाद्य वस्तुका साथै समयबजी (चिउरा, पोलेको मासु, साँधेको भटमास, अदुवा र रक्सी वा जाँड) का साथै सिद्रा माछा खाने प्रचलन छ । विशेष गरी घिउ र चाकु खाने भएकाले नेपाल भाषामा 'घ्यो चाकु सँल्हु' भनिने यस पर्वमा उपत्यकाका तीन शहरमा खिचडीका साथै 'यलय् पलः' (पाटने पालुङ्ग) खाने चलन रहिआएको छ । यस दिन जीउभरि तेल घसेर घाम ताप्ने पनि चलनका साथै यस पर्वमा परिवारमा मूली वा आमाले छोराछोरीलाई तालुमा तेल हालिदिने पनि गर्छन् ।

यसै दिन भक्तपुरको टौमढी टोलमा तिलमाधव नारायणको मन्दिरमा मेला लाग्ने र दीपङ्कर बुद्धको पूजा हुने गर्छ । तिलमाधव नारायणको मन्दिरमा चढाइएको घिउ सन्तान नभएका महिलाले नुहाइधुवाइ गरी शुद्ध भई खाएमा सन्तान प्राप्ति हुने विश्वास गरिन्छ । त्यस्तै उपत्यका नजिकैको पनौतीमा पनि माघ महिनाभरि मकर मेला लाग्ने गर्छ ।

माघे सङ्क्रान्तिको दिन नेपालको पूर्वदेखि पश्चिमसम्मको विभिन्न नदी, घाटका किनार एवं दोभान र त्रिवेणीहरूमा स्नान गर्नेहरूको भीड हुने गर्दछ । यस दिन इलाम जिल्लाको माईबेनीमा ठूलो मेला लाग्छ । माईखोला र जोगमाई खोलाको दोभानमा लाग्ने उक्त मेलामा हजारौं भक्तजनको घुइँचो लाग्ने गर्दछ, सो मेलामा धाननाच, चण्डीनाच, बालन, संगिनी, मारूनी नाचजस्ता परम्परागत नृत्य समेत हेर्न पाइन्छ ।

यसै गरी यस दिन झापाको प्रसिद्ध धार्मिक नदी कन्काईमा हिन्दू धर्मावलम्बीले मकर स्नान गर्छन् । सङ्क्रान्तिदेखि पाँचदिनसम्म कन्काई नदीको वरिपरि रमाइलो मेला लाग्ने र किराँत परम्परा एवं संस्कृतिअनुरूप धान नाच देखाइने प्रचलन छ । उता सुनसरी जिल्लाको प्रसिद्ध धार्मिक तीर्थस्थल बराहक्षेत्रमा माघे सङ्क्रान्तिका दिन हजारौं हिन्दू धर्मावलम्बीको भगवान् विष्णुको पूजा आराधना गर्छन् । हिन्दू धार्मिक विश्वासका आधारमा उक्त स्थानमा त्यसदिन मकर नुहाई शरीर स्वच्छ बनाएर मोक्ष पाउने विश्वास गरिन्छ ।

तराई जिल्लाका मैथिली समूदायले यस पर्वलाई 'तिला सङ्क्रान्ति' पर्वको रूपमा भव्य मनाउँछन् । उनीहरू यस पर्वलाई वाचाबन्धनको रूपमा समेत मनाउने गरेको पाइन्छ, यसदिन परिवारका अग्रज र आमा–बाबुले आफ्ना सन्तानहरूलाई सख्खर र तिल खुवाई उनीहरूबाट बुढेसकालमा सेवा गर्नुपर्ने वचन, वाचा लिन लगाउने गर्छन् ।

खास गरी मैथिली महिलाका लागि 'तिला सङ्क्रान्ति' पर्वको अझ बढी महत्त्व छ । यसैदिनदेखि कन्याहरू सुयोग्य वर प्राप्तिको कामनाले तुसारी पर्व मनाउन थाल्छन् भने विवाहित महिला पृथ्वी पर्व मनाउने गर्छन् । यस पर्वमा नवविवाहित दुलहाको घरबाट दुलहीको माइतमा तिल र चिउराको कोसेली र जाडोमा लगाउने लुगा पठाई दिने परम्परा पनि छ । धेरैजसो मिथिलाबासी यसै दिनदेखि माघ स्नान सुरू गर्छन्, अर्थात् माघ महिनाभर एकाबिहानै नुहाएर घिउ, खिचडी खाने गर्छन् ।

मगर जातिहरूले माघे सङ्क्रान्ति पर्वलाई तीन दिनसम्म धुमधामका साथ मनाइने यस पर्वलाई माघ्या खपनी भनिन्छ । पहिलो दिन कुलपूजा गर्ने र दिदीबहिनीहरूको पूजा गर्ने चलन रहेको पाइन्छ भने दोस्रो र तेस्रो दिन माघी खान वनभोज जाने र गाउँले जम्मा भएर धनुषवाण तारो हान्ने चलन रहेको पाइन्छ ।

यस्तै, तराईमा बसोबास गर्ने अर्का जाति थारू समुदायले माघी भनेर मनाउँछन् र नयाँ वर्ष मान्ने गर्छन् । माघी मौलिक संस्कृतिले भरिएको सबभन्दा ठूलो पर्वको रूपमा लिइन्छ । यो पर्व माघी पर्वको रूपमा बडो उत्साहका साथ मनाइन्छ । यस दिन मासको दाल र चामल मिसाइएको खिचडी (माघी) खाने चलन छ । उनीहरू माघे सङ्क्रान्तिका अघिल्लो दिन सुँगुर काट्ने चलन छ जसलाई 'जिता मरना दिन' भनिन्छ भने सङ्क्रान्तिको रातभर गाउने गीतलाई 'धमार' भनिन्छ । माघको दोस्रो दिन खिचडी बनाई खाने गरिन्छ यसलाई उनीहरू 'खिचरहवा' भनिन्छ ।

पश्चिममा चर्चित माघे सङ्क्रान्ति मेला रिडीको रूरू क्षेत्रमा तीन दिनसम्म भव्य मेला लाग्ने गर्दछ । हजारौं संख्यामा भक्तजनको भेला हुने उक्त मेला जेठी, माइली र कान्छी सङ्क्रान्तिको रूपमा तीन दिन लाग्ने गरेको छ ।

ऐतिहासिक एवं धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण तानसेनदेखि ३६ किलोमिटर दक्षिण पश्चिम पर्ने गुल्मी, पाल्पा र स्याङ्जा जिल्लाको संगमस्थलबाट बग्ने पवित्र काली गण्डकी नदी र गण्डकीको तिरमा अवस्थित पुरानो हृषीकेश मन्दिरमा मेला लाग्ने गर्छ । यता देवघाटमा हरेक वर्ष माघ १ गते लाग्ने मकर सङ्क्रान्ति मेला बाँसको लिंगो गाडेर शुभारम्भ गरिन्छ । भारतको हरिद्वार हृषीकेशको तुलनामा निकै मनोरम र ठूलो महत्त्व बोकेको देवघाटको माघे सङ्क्रान्तिमा स्नान गर्न स्वर्गबाट देवताहरू आउने जनविश्वास छ । धार्मिक र पर्यटकीय महत्त्व बोकेको देवघाटमा तीन दिन मेला लाग्छ भने मेलासँगै गलेश्वर आश्रममा लक्ष्यहवन समेत गरिन्छ ।

माघी पर्वलाई नयाँ वर्षको रूपमा पनि लिने गरिन्छ । पुस मसान्तमा आ–आफ्नो लेनदेन, हर-हिसाब चुक्ता गर्ने र माघ १ गतेदेखि नयाँ हिसाब किताब सुरू गर्ने प्रचलन छ । यसैबेला घरपरिवारभित्र होस् वा गाउँ समुदायमा आगामी वर्षको लागि खेतीपातीलगायत यावत् अन्य व्यवहारहरूको नवीकरण गरिन्छ । उता थारू समुदायमा भाइ भाइमा मन नमिले माघीमा नै अंशबन्डा गर्ने गरिन्छ । यसलाई घर फुटाई भनिन्छ । अंशबन्डामा कुनै भाइलाई मर्का नपरोस् भन्ने उद्देश्यले गाउँका पञ्च भलादमीको मध्यस्थकर्ताको रूपमा माघको पहिलो हप्ता भित्रै बैठक बसेर सामूहिक रूपमा गत वर्षको कामकारबाहीबारे छलफल गरिन्छ । आगामी वर्षको लागि उही बरघरलाई निरन्तरता दिने या नयाँ चुन्ने विषयमा छलफल हुन्छ । नियम उलङ्घन गर्नेलाई बरघरको अध्यक्षतामा बसेको बैठकले जरिवाना तोक्छ । बरघरको महत्त्वलाई दृष्टिगत गर्दै विगत केही वर्षयता जिल्ला बरघर समिति पनि गठन हुन थालेको छ । यसरी लोकतान्त्रिक ढङ्गले थारू समुदायमा अगुवा चुन्ने काम माघीमा नै गरिन्छ ।

# मेरो डम्फु



**कविराज तामाङ**

**(नेपाली भाषामा अनूदित तामाङ भाषाको कविता)**

हो,
मैले बजाइरहेको डम्फु
आकारमा सानो
प्रकारमा चेप्टो
पेङदोर्जेले बनाएको
यो डम्फुमा
कहिल्यै नमर्ने
मेरो वंशको इतिहास
ताम्बाको काइरन
गान्बाको सेर
मिलाई-मिलाई
सुनाएको मीठो कथा
यो सानो डम्फुमा
जिउँदो इतिहास
अझै ताजै छ ।

त्यसैले
मैले बजाएको
यो डम्फुको शिरमा
फिरफिर हरियो चरी
खुशीले नाँच्दै-नाँच्दै
अरूलाई नचाउँछन्
मेरो भाषाको गीत गाउँछन्
आमाको गीत गाउँछन्
आपाको गीत गाउँछन्
जन्मदेखि मृत्युसम्मको
गीत गाउँछन्
प्रीतको गीत गाउँछन्
त्यही भएर
म
मेरो डम्फुप्रति
गर्वले छाती फुलाउँछु ।

बत्तीस किला ठोकेर
घोरालको छालाले मोरेर
सजाएको यो डम्फु
बजाउँदा ताकधुइ-ताकधुइ गुन्जिने
धर्ती उत्पत्तिको इतिहास सुनाउँदै
आगो र पानीको इतिहास सुनाउँदै
ताम्बालाई नि नचाउँदै
गान्बालाई नि नचाउँदै
दुःखको गीत पनि सुनाउँदै
सुःखको गीत पनि सुनाउँदै
मीत र प्रीतको गीत पनि सुनाउँदै
कहिल्यै नहराउने
हिमालजस्तै अटल र अग्लो
सिङ्गो देशजस्तै सग्लो
यो मेरो डम्फु
भावी सन्ततिलाई
सुनाउनु छ इतिहास
बुझाउनु छ काइरन
देखाउनु छ चिनारी
त्यही भएर
बचाउनु छ
जोगाउनु छ
उच्च राख्नु छ
यो मेरो डम्फु !

**(अनु. ईश्वर थोकर)**



# एकादेशको कथा–१२

रत्न प्रजापति

सरकारका शिक्षामन्त्री एक शैक्षिक कार्यक्रम उद्घाटन गर्न पुगे । उद्घाटनपछि मन्तव्य व्यक्त गर्ने क्रममा शिक्षामन्त्रीले देश विकासमा शिक्षाको महत्त्वका बारेमा निकै लामो व्याख्या गरे । शैक्षिक विकासको आवश्यकताका बारेमा पनि निकै लामो चर्चा गरे ।

पछिल्लो समय शिक्षा क्षेत्रमा देखापरेका समस्याहरूका बारेमा पनि मन्त्रीले धेरै बेर बोले । शिक्षा क्षेत्रमा देखापरेका अनेकथरी विकृति-विसङ्गतिका बारेमा पनि लामै भाषण ठोके ।

मन्त्रीको भाषणले उत्साहित दर्शकहरूले उस्तै उत्साहित हुँदै निकै जोडले ताली ठोके । मन्त्री आफ्नो भाषणले उपस्थित दर्शक खुशी भएकोमा दङ्ग परे ।

कार्यक्रममा नेता, पत्रकार, शिक्षाविद्, विद्यार्थी, अभिभावक र अन्य सर्वसाधारण पनि उपस्थित थिए । अरू सबै खुशी नै थिए, तर शिक्षाविद्, अभिभावक र विद्यार्थी भने त्यति खुशी थिएनन् । शिक्षाविद्, अभिभावक र विद्यार्थीको अपेक्षा थियो कि शिक्षामन्त्रीले शिक्षाको मात्रै होइन, शिक्षा आर्जन गरिसकेपछि नभइ नहुने रोजगारी अथवा केही गर्ने र केही बन्ने अवसरका बारेमा पनि बोल्ने छन् । किनभने मुलुकमा जनशक्ति उत्पादनको तुलनामा रोजगारी सिर्जना नभएर बेरोजगारहरूको संख्या दिनानुदिन बढिरहेको थियो ।

प्रश्नोत्तर सेसनमा शिक्षाविद्, विद्यार्थी र अभिभावकले आआफ्ना मनमा उठेका प्रश्नहरू मन्त्रीसमक्ष राखे । मन्त्रीले कति प्रश्नका सटिक जवाफ दिए । कति प्रश्नका गोलमटोल जवाफ दिए । प्रश्नकर्ताहरू चित्त नबुझे पनि चुप लाग्न विवश थिए । मन्त्रीसँग बढी सवालजवाफ गरिरहने आँट सबै जनामा थिएन । मन्त्रीमा पनि धेरै प्रश्नहरू सुनिरहने धैर्य थिएन ।

अन्तिममा एउटा विद्यार्थीले आँट गरेर हात उठायो र मन्त्रीसित एउटा प्रश्न

सोध्ने अनुमति माग्यो । कार्यक्रम सञ्चालकले अनुमति दिएपछि उक्त विद्यार्थीले मन्त्रीसमक्ष प्रश्न राख्यो, "मैले भर्खर १२ कक्षा उत्तीर्ण गरेँ । अब म कलेज पढ्न जाऊँ कि कोरियन भाषा सिक्न जाऊँ ?"

मन्त्रीले प्रश्नको आशय बुझे, तर उनीसँग सही उत्तर थिएन । त्यसकारण मन्त्री चुप लागे ।

त्यसपछि उपस्थिति सबैले अघिको भन्दा जोडले ताली ठोके ।

लाजले मन्त्रीको शिर निहुरियो ।

कविता

# उपहार जिन्दगीको



**समर्पण कल्पना**

सोचेको थिएँ !
मेरो जिन्दगीको
सबैभन्दा अमूल्य
उपहार भनेकै
तिम्रो साथ हो ..............

अमूल्य !
यो साथलाई
न त किनेर पाइन्छ
न त खोजेर
केवल !
किस्मतले पाइन्छ .........

तर !
दुःखको साथ
भन्नुपर्छ
किन्नलाई
धनको साधन
केही भएन
खोज्नलाई
भाग्यले साथ दिएन.........

**नेपाल विद्युत प्राधिकरण**
**बुटवल वितरण केन्द्र**



# यन्त्राधीन जिन्दगी

देवराज सिंखडा

उसकै शब्दमा मानिस विवेकशील प्राणी । त्यो पनि एक्काइसौँ शताब्दी, वैज्ञानिक युगको । उसैको ज्ञान, बुद्धि र सामर्थ्यबाट अनेकौँ उपकरणहरूको सिर्जना भएको छ । विज्ञान समग्रतामा मानवजातिको लागि वरदान हो भने अपवादमा पर्ला–बर्बाद । एउटा उखान धेरै सुनेका छौँ 'चाल पाउनेको लागि श्रीखण्ड, चाल नपाउनेको लागि खुर्पाको बिँड' । यो भनाइ पुराना मानिसहरूले धरतीका हामी सबै मानिसको लागि बनाइदिएका होलान् । यो उखान यस युगका कथित प्रविधिमैत्री किशोर र युवाको व्यवहारमा मेल खान्छ । यतिबेला त्यही प्रविधिभित्रको अत्यन्त लोकप्रिय वस्तु भएको छ गोजीफोन अर्थात मोबाइल फोन । म पनि यसैको चक्रव्यूहमा चक्कर मार्दै छु ।

आज एकाबिहानै "टिनिनिन्न टिनिनिन्न टिनिनिन्न" मोबाइल फोनमा घण्टी बज्यो । कुरा गरेँ । सौरभ बोल्यो "ए कौरव, तिमी अहिले कहाँ छौ ?" मैले सोझै भनिदिएँ "घरमै बसिराख्याछु । किन सोधेको ?" "आज हाम्रो घरमा आऊ न है । बिहानको खाना सँगसँगै खाऔँला, बरू आइहाल ।" सौरभबाट निम्तो पाएँ । मैले नअकमकाई "हुन्छ म आउँछु" भनिदिएँ ।

त्यसपछि अनुमति पाउँन आमालाई भेट्न गएँ । उहाँ मोबाइलमा लोकदोहोरी हेर्दै साग केलाउँदै हुनुहुँदोरहेछ । "आमा, आमा !" यति के भन्न भ्याएको थिएँ आमा जङ्गिनु भो "चुपलाग् । मलाई बाधा दिन्छस् ?" "म सौरभकोमा गएँ, है, साँझ आउँछु ।" यति कुरा सुनाएँ । उहाँले सुन्नु भयो कि भएन उहाँलाई नै थाहा होला । आमाको रिसको आगोमा घिउ थपिनँ । घरबाट सरक्क निस्कँे ।

धेरै दिन भएको थियो घुम्न भनेर ननिस्केको । साइकल चलाउन जाँगर लागेन । बिहान हिँडेकै राम्रो ठानेँ । पाइलाहरू फटाफट अगाडि बढाएँ । आँखाका गेडीहरू फ्वाँफ्वाँ नाच्न लागे । मन छचल्किन थाल्यो । एक जना गुरूले भन्नुभएको कुरा सम्झेँ । "म अहिले पनि बाटो हिँड्दा धेरै नयाँ कुरा सिक्ने गर्छु । मेरो लागि त

बाटो विद्यालय हो भने सडक महाविद्यालय ।" अनि धकेलेँ आफूलाई सडकमा, त्यहाँका अवस्था, व्यवस्था र तमासा देख्न, हेर्न र बुझ्न, सिक्न र गर्न ।

सडक गतिमय थियो । त्यहाँ कोही धकेलगाडामा तरकारी बेच्दै गोजीफोनमा आफ्नै अनुहार खोज्दै थिए । कोही थिचेर पैसा लेनदेन गर्दै थिए । अलि पर एउटी तरूनी आइमाई दुध बेच्न बसेकी देखेँ । ऊ गोजीफोनसित मस्त थिई । क्रेटमा राखेको दुध चुहिएर सडकसडकै भाग्दै थियो । नजिकै गएर भनेँ "दिदीको दुध गयो ।" उसले वास्तै गरिनँ । फेरि चिच्याएँ "दुध चुहियो भनेको ।" ऊ झसङ्ग भई । छातीतिर हात लगी र पुलुक्क मतिर हेरी । चिनेकोझैँ मुसुक्क मुस्कुराई । मलाई यो चाला मन परेन र भन्दिएँ "यो सानो भाइसित पनि के जिस्किरहेको, दुध चुहिराखेको छ, अझै मतलब छैन !"

म त्यहाँबाट फटाफट अघि बढेँ । एक युवक मेरै अघिल्तिरबाट गोजीफोन हेर्दै छिटोछिटो हिँडिरहेको थियो । एउटी अधबैँसे महिला विपरीत दिशाबाट हतार हतार आउँदै थिई । उसको मन कहाँ थियो त्यो त थाह भएन, आँखा भने गोजीफोनमा टाँसिएका थिए । अचानक उनीहरू दुवैको पुर्पुरो, नाक, छाती एकैचोटि झड्याम्म ठोक्कियो । केटाको चस्मा चकनाचुर भयो भने महिलाको गाला लालम्य । पाकेको आरूबखडाजत्रो निधारमा टुटिलो ठडिइसकेको थियो । यो दृश्य देखेर किन हो कुन्नि सहनैनसकिने हाँसोको मुस्लो निस्कियो । रोक्न आफूलाई दबाब दिएँ तर सक्दैसकिनँ । अर्कोतिर फर्केर अट्टहास गर्नथालेँ । ठोकाइपान गर्नेहरू एकले अर्कोलाई के के भने कुन्नि, धारेहात लगाए । अ–आफ्नो पुर्पुरो सुम्सुम्याउँदै र गन्गनाउँदै भोकाएको जुकोझैँ गन्तव्यतिर तन्किए ।

अलि पर दश, बाह्र वर्षको केटोसँग भेट भयो । ऊ एक्लै थियो । अनुहारमा धेरै निराशा र दिक्दारी सल्बलाइरहेको पढेँ । मन शङ्कै शङ्काको आहालमा चुर्लुम्म डुब्यो । नजिकै गएर सोधिहालेँ "कहाँ हिँडेको भाइ ?"

"बाबाले मोबाइलसित खेल्न दिँदैदिनुभएन, अनि बस्नै मन लागेन । बाँच्न पनि मन लाग्न छोड्यो ।" उसको रून्चे दुखेसोले च्वास्स घोच्यो । उसको अनुहार केलाएँ । प्रश्न गरेँ "ए, मोबाइल पाइनँ भनेर संसारै छोड्ने ? जिन्दगी हुऱ्याएर के पाउँछौ नि, मोबाइल हो ? यस्ता कुरा छोड भाइ । बरू आऊ मसँग ।"

ऊ सरक्कै आयो । मैले जिस्किँदे सोधेँ "किन आको मसँग ?" "मोबाइल दिनुहुन्छ कि भनेर ।" उसले छोटोमिठो जवाफ फर्कायो । मनमनै सोच्नथालेँ, 'यसलाई मैले कसरी बुझाउने होला ?' औडाहा भयो मलाई ।

ऊसित ठट्यौली कुरा गर्दै हिँड्दै थिएँ । यसो आँखा नचाएको त अर्को अनौठो दृश्य अगाडि आयो । सडकको पेटीसँग जोडिएको घरमा एक जना केटो मान्छे, उसका हातहरू थिएनन् । खुट्टा एउटा मात्र थियो । ऊ फुर्तिसित गीत गाउँदै नाचिरहेको थियो । नाच र गीत हेरिरहूँ, सुनिरहूँ लाग्ने थिए ।

"भाइ, ऊ त्यहाँ हेर त । त्यो मान्छेको हातखुट्टा खोइ ? तैपनि ऊ कति खुशी छ । मज्जासित नाचिरहेको छ । तिमीचाहिँ बाबाले मोबाइल दिएनन् भनेर घर छोड्ने ? बाबाको कत्ति ज्ञानी छोरो हगि ?"

उसले मुख खोलेन । अनुहारको बादल हटेर छ्याङ्ग भएको देखेँ । नाच हेर्दै मेरो कुरा सुनिरह्यो । एकैछिनमा ऊ घर फर्किन राजी भयो । मैले सोधेँ "फेरि बाबासित मोबाइल माग्छौ कि ?" उसले सजिलै जवाफ दियो "अब माग्दिनँ ।" मलाई फेरि सोध्न मन लाग्यो "अब घर जान्छौ कि मसँग ?"

हातले घर जाने इशारा गर्‍यो र फरक्क फर्क्यो । ऊ सरासर गइरह्यो । कालोपत्रे सडकको छेउमा ठिङ्ग उभिएर उसैलाई हेरिरहेँ । हिँडाइमा स्फुर्ति थियो । त्यहीबेला अचानक कुनै चिजले गोडामा पछाडिबाट जोडले बजायो । तोरीको फूल देखेँ र त्यहीँ ढलेँ ।

स्कुले दुई जना किशोरहरूले मेरो उद्धार गरेछन् र उठ्न सकेँछु । उनीहरूलाई सोधेँ "मलाई कसले लडाएको हँ ?" मसँगै एकजना २५/२६ वर्षकी महिला नजिकै लडिरहेकी देखेँ । एकजना किशोर मेरो प्रश्नलाई जवाफ दिन पर्खिँदै रहेछ । उसले खुलस्त पार्‍यो "यो दिदी मोबाइलमा फोटो हेर्दै गफको तालमा हिँडिरहनुभएको थियो, केराको बोक्रामा चिप्लिएर ब्ल्याङ्डै लड्नुभयो र तपाईँमाथि ठोक्किन पुग्नुभयो । त्यसैले तपाईँ डङ्रङ्ङ ढल्नुभयो ।"

ती महिला आफूलाई सम्हाल्दै उठिन् । "मेरो मोबाइल ! खै मेरो मोबाइल ?" चिच्याउन थालिन् । मोबाइल उछिट्टिएर सडकको छेउमा पुगेको थियो । ती किशोरहरूलाई धन्यवाद दिएँ, हिँडेँ ।

सडकपेटीबाट छिटो छिटो हिँड्दै थिएँ । अचानक अलि फरक दृश्य देखेँ । माइक्रोबस सडकको नालीमा फसेको देखियो । बसका यात्रुहरू आक्रोशित थिए । त्यस घटनाको बारेमा एक यात्रुसँग जिज्ञासा राखेँ । उनले आक्रोश पोखे "यो ड्राइभरले गर्दा हो नि ! भनेको मानेन । मोबाइल हेर्दै बस चलाइरहेको थियो । यस्तो गराउनु रहेछ के थाहा ।" ड्राइभर आफ्नै सिटमा च्यापिरहेको रहेछ । केहीबेरको अत्यास र दौडादौड पछि सिसा फुटाएर बाहिर ल्यायौँ । अवस्था सामान्य रहेछ ।

साथीको घरमा जान लागेको, कपाल मिलाउँदा राम्रो हुने ठानेँ । सैलुनमा पसेँ । "कपाल कटाने हो ?" कैँचीको च्याइँच्याइँसँगै ठाकुरले मलाई प्रश्न तेर्स्यायो । टाउको हल्लाएर भनेँ "हो" । पालो पर्खिनु पर्‍यो । ठाकुरदाइ युटुबमा हिन्दी फिल्म हेर्दै दाह्री काट्दै थियो, चिउँडोबाट साने चौटा चटक्क निकाल्यो । त्यसपछि त्यहाँ के भयो होला, एकछिन सोच्नुहोस् ।

घाइतेलाई ट्याक्सीमा राखेर छिटो छिटो अस्पताल पुर्‍याइयो । अस्पतालका पालेदाइ गोजीफोनमा कार्ड खेलिरहेका रहेछन् । हाम्रो कुरालाई ध्यानै दिएनन् । अलि चर्को बोलेपछि बल्ल भित्र छिर्न पायौँ । नाम दर्ता गर्न पनि सकसै भयो । त्यहाँ डाक्टर बिरामी हेर्दै थिए । उनी कहिले कुर्सीमा बसेका बिरामीलाई त कहिले टेबुलमा रहेको गोजीफोनमा आँखा दौडाउँथे । अर्कातिर नर्सहरू पनि गोजीफोनमै मस्त थिए ।

बिरामीलाई भर्ना गरियो । बिरामी बिहेअघिदेखिको बल प्रयोग गरेर चिच्यायो "मेरो मोबाइल खोइ ?" ज्यानभन्दा मोबाइल प्यारो ? आफैँलाई सोधेँ । कपाल मिलाउने रहर त्यतिबेला हिउँझैँ बिलायो । खुरूक्क खुट्टो उचालेँ ।

मेरो घरबाट सौरभको घर बढीमा एक घण्टाको दूरीमा भए तापनि आज तीनघण्टा तेत्तीस मिनेट लाग्यो । त्यहाँ पुग्दा सौरभको तीन वर्षे भतिजो आमा पार्वतीसँग मोबाइल माग्दै भुइँमा लडिबुडी र रूवाबासी गर्दै थियो । भाउजू पार्वती भान्छामा गोजीफोनभित्र चुर्लुम्म डुबिरहेकी थिइन् । चुलोबाट तरकारी डढेको नमिठो गन्ध आइरहेको थियो । भित्रबाट एउटा ध्वाँसे बिरालो लुसुक्क निस्क्यो, पल्याकपुलुक हेर्‍यो र कुलेलम ठोक्यो ।

सौरभ पनि गोजीफोनमा नै लट्ठिँदै थियो । तर ऊ गुगलमा सौर्य परिवारको बारेमा सामग्री खोज्दै र लेख्दै रहेछ । ऊ गोजीफोनमा संसार पढ्दै रहेछ । मनमनै उसलाई 'स्याबास् सौरभ' भनेँ ।

"सौरभ ! तिमी त ब्रह्माण्डको भ्रमणमा रहेछौ त !"

मेरो आवाजले ऊ झस्कियो । "ओहो, म त कस्तो ! कौरव, यता हेर त, मैले सौर्यपरिवारको बारेमा गरेको खोजीकार्य ।"

"आहा ! कत्ति राम्रो अन्वेषण !" सौरभले रोइरहेको भतिजोलाई उठायो, फकायो र सँगै बसायो । फुच्चेले गोजीफोनमा हात लम्काउँदै र लाडिँदै भन्यो "सानुबुवा, मोबाइलमा म कार्टुन हेर्छु नि, ल सानुबुवा ? हुन्छ है ?"

सौरभले भतिजोलाई पाँच मिनेट मात्र हेर्न अनुमति दियो र मलाई भित्र लिएर गयो । भाउजू पार्वतीले खाना पस्किन् । थालमा डढेको बास्नादार तरकारी र भात थियो । दुध दिन गिलास झिकिन् तर दुधको कुँडे रित्तै देखेर छक्क परिन् । हाम्रो अगाडि खाना राखिदिन मात्र के भ्याएकी थिइन्, म्यासेन्जरमा भ्वाइस कलको घण्टी बज्यो । मोबाइल टपक्क टिपेर फुत्त बाहिर निस्किन् । हामी डढेको खाना सबै बुत्याएर निक्ल्यौँ ।

त्यसपछि नजिकै रहेको पार्कमा पुग्यौँ । बिदाको दिन, पार्क भरिभराउ थियो । के बालबालिका के तन्नेरी के बुढाबुढी धेरैजसो मोबाइलसितै कुप्रिँदै थिए । उनीहरू तस्बिर खिच्न र गफमा व्यस्त थिए । हामीसित त गोजीफोन थिएन त्यसैले ढुक्क थियौँ । त्यहाँ हाम्रो स्कुलका विद्यार्थीहरूलाई पनि देख्यौँ । उनीहहरूका आँखा पनि गोजीफोनमा नै लिप्त थिए । हामी उनीहरूको अगाडिबाट हिँड्दा पनि देख्न भ्याएनछन् क्यारे, कोही बोलेनन् । हामीले पनि उनीहरूको ध्यान भङ्ग गरेनौँ ।

त्यहाँबाट मन्दिर गयौँ । त्यहाँ पुग्दा युवाजोडीहरू आफ्नै संसारमा रमाइरहेका थिए । मन्दिरभित्र मोबाइल लैजान निषेध थियो तर पुजारीबा मन्दिरभित्रै मोबाइल चलाइरहेका थिए । भक्तजन एउटा हातमा पूजासामग्री र अर्को हातमा मोबाइल लिएर आउने र जाने गरिरहेका थिए । बाँदरहरू खानेकुराको खोजीमा यताउता गर्दै थिए । एउटा बाँदर पीपलको रूखमुनि बसेर गोजीफोनजस्तै देखिने वस्तु हातमा लिएर हेरिरहेको थियो ।

आज कहाँ कतिबेर बस्ने भन्ने निर्णय गर्न हामी स्वतन्त्र थियौँ । हामी एउटा राम्रै भोजनगृहमा पस्यौँ र थपक्क बस्यौँ । मेन्यु हेर्दै थियौँ, वेटरले गोजीफोनमा माग टिपोट गरेर गए ।

हाम्रो ध्यान खानेकुरा खाइरहेका मानिसहरूमाथि पऱ्यो । अधिकांशले माकुरोले शिकार पकडेझैँ गोजीफोन अँठ्याउँदै थिए । कोही मोबाइल टेबुलमा ठड्याएर टिकटक, रिल, युटुब, फेसबुक आदि हेर्दै खाइपिइ गर्दै थिए । एउटी किशोरी फोनमा बोल्न थाली "हँ ? अँ । अहँ । अँ, अँ । हँ ? अहँ अहँ ।" यति बोलेर कुराकानी टुङ्ग्याई । त्यतिबेला स्वास्थ्य विषयका शिक्षक मञ्जुले भन्ने गर्नुभएको 'खानेपिउने बेलामा आँखा र मन खानेपिउने कुरामा नै लगाउनुपर्छ' भनाइ सम्झेँ ।

मलाई हिजोको एउटा कुरा याद आयो । जीवनसरलाई भेट्न शिक्षककक्षमा फुत्त छिरेको थिएँ । घण्टी खाली भएर होला, नौजनामध्ये सातजना शिक्षकहरू गोजीफोनमा तनमनधन, लगन र वजन खर्च गरिरहेका थिए । सरले गोजीफोनमा आँखा टाँस्दै सोध्नुभयो "ए कौरव ! के भन्न आइस् ?" एकैछिनमा त्यहाँ जानुको

उद्देश्य हाँसिल गरी बाहिरिएँ । अस्तिको कुरा, एउटा कक्षामा यसो चियाएको थिएँ, त्यहाँ अञ्जली मिसले विद्यार्थीलाई कक्षाकार्य दिइन् र कक्षाकोठाको कुनामा अढेस् लाग्दै म्यासेन्जरमा मच्चीमच्ची घरायसी गफ गर्न थालिन् । म हेरेको हेर्‍यै भएँ ।

हामी कुरा गर्दै हिँड्दै थियौँ, सडकपेटीको रूखको फेदमा बसेर अरूको भाग्य बताउँदै आएका ज्योतिष भाग्यप्रसाद भेटवाललाई देख्यौँ । उनी पनि मोबाइलमा निमग्न थिए । अचानक एउटा केटो फोनजडित साइकल चढेर गोजीफोनमा एकोरिँदै सरासर आयो र नाटकीय रूपमा ऊ ज्योतिषबाको काखमा बज्रिन पुग्यो । भाग्यप्रसादको वर्तमान ध्वस्त भयो । अकल्पनीय दुर्घटनामा परे । दुवै जनाको मोबाइल भऱ्यामभुरूम भयो । साइकल कच्याककुचुक । "अर्काको पुर्पुरो हेर्नजान्नेले आफ्नो दशा हेर्नुपर्दैन ?" केटोले ज्योतिषलाई हप्कायो अनि भुत्भुताउँदै बाटो ततायो । यो देखेर छक्क पऱ्यौँ र हेरेको हेर्‍यै भयौँ ।

त्यहाँबाट सरासर बुढामावली गयौँ । मामा र माइजू विदेशमा हुनुहुन्छ । घरमा उमेरले असी नाघेका हजुरबा र हजुरआमा मात्र घरमा । हामी त्यहाँ पुग्दा हजुरबा र हजुरआमा सँगै सबेर मोबाइलमा मामासित भिडियोकल गरिरहनुभएको रहेछ । मेरो मनले भन्यो 'यहाँचाहिँ मोबाइलको सही प्रयोग हुँनेगर्दो रहेछ ।' सौरभलाई पनि मन परेछ "कौरव, तिम्रा हजुरबा र हजुरआमा सूचना प्रविधिको सही प्रयोग गर्ने युवाजस्ता पो हुनुहुँदो रहेछ !"

आजकल कक्षामा सपना देख्ने विद्यार्थी र राति ओछ्यानमा सिरक ओढेर गुट्टुमुट्टु पर्ने तर ननिदाउने छोराछोरीको सङ्ख्या साउनको भेलजस्तै भएको छ । गोजीफोनले मनलाई त बन्दी बनायो बनायो, धनलाई पनि सत्यनास नै गरायो । आफन्तसँगको सम्बन्ध विच्छेद त गरायो गरायो कपी, पेस्ट, डाउनलोड र सेयरले मौलिकता र सँस्कृति नै दाउमा राखिसक्यो । एउटा प्रश्न सधैँ खडा छ, 'आजका किशोरकिशोरीको दिमाग गोजीफोनले भुटेको भुट्यै छ, शरीरका अङ्गप्रत्यङ्ग पत्रुखानाले डसेको डस्यै छ, उनीहरूको जीवन कस्तो होला ? यसको उत्तर भविष्यसँग मात्र होला' भन्ने लाग्छ । आँखा प्रकृति र संस्कृतितिर जाँदै नजाने, घरको खाना निलिँदै ननिलिने, अब, के चाहियो र ?



# छोरी

मिमन पुलामी

मैले जन्म लिए यो सत्य हो,
तर एक छोरी भएर,
यस धर्तीमा केही गर्न खोजे,
तर समस्या बन्यो छोरी भएर ।

सम्मान र सहयोगको साटोमा,
पाए पनि विपरीत व्यवहार,
सधैँ म चुपचाप सही रहेँ,
कारण छोरी हुँ भनेर ।

छोरी माथिको अन्याय, अत्याचार
अब म बस्न सक्दिनँ हेरेर,
छोरीले नि केही गर्न सक्छे,
देखाउनेछु म नमुना बनेर ।

**नेपाल विधुत प्राधिकरण,**
**केन्द्रीय कार्यालय, दरबारमार्ग, काठमाडौँ ।**

# गन्तव्यतिर मन डुलाउँदा



अरूणबहादुर खत्री 'नदी'

राजु शर्माको 'गन्तव्यतिर' नामक यात्रा संस्मरण पुस्तक २०८० सालमा प्रकाशित भएको छ । यस पुस्तकभित्र 'न्यास्रो मेट्ने उत्सुकता', 'सिमानामा कचकच', 'पुन पुनको दुर्गन्धी', 'बोध गयाको चमक', 'अजात शत्रु र बिम्बिसार कारागार' लगायत विभिन्न शीर्षकका सतचालिस वटा यात्रा संस्मरणहरू राखिएका छन् । 'न्यास्रो मेट्ने उत्सुकता' शीर्षकको पहिलो यात्रा संस्मरणभित्र गोटा नौ वटा त साना ठूला गरेर लगेजहरू नै भएछन् । ती लगेजहरूले पुलु पुलु हामीलाई नै हेरेर बसिरहेको जस्तो भान पऱ्यो । यी सामानको व्यवस्थापन कहाँ गर्ने ? कसरी गर्ने भनेर राजुले लेखेका छन् । 'सिमानामा कच कच' शीर्षकको संस्मरणमा केही समयपश्चात् हामी हरिहर क्षेत्र (बिहार) तर्फ बढ्यौँ । व्यस्त तराईको भीडलाई छिचोल्दै बस अगाडि बढ्न थाल्यो । अस्तव्यस्त राजमार्गमा साइकल, रिक्सा, अटोरिक्साका अनगिन्ती सवारीसाधनहरूका ताँती लागेका थिए, लाग्थ्यो मानव सागर राजमार्गमा उर्लिएको छ भनेर उनले लेखेका छन् ।

राजुको दोस्रो कृति 'गन्तव्यतिर' धार्मिक यात्रा गर्दाको यात्रा संस्मरणको रूपमा प्रकाशित भएको हो । भारतमा रहेको चार धाम मध्येको तीन धाम र बाह्र ज्योतिर्लिङ्ग मध्येको एघार ज्योतिर्लिङ्ग दर्शन सहित अन्य धार्मिक मठ मन्दिर, ऐतिहासिक स्मारकहरू, पर्यटकीयस्थलको अवलोकन भ्रमण गर्दै समुद्रमा डुबुल्की मार्दा उनले भोगेको तिता मिठा सम्झनाको सङ्गालोको रूपमा यो पुस्तक तयार गरेका हुन् । नियात्राकारहरू स्वभावैले घुमन्ते हुन्छन् । घुम्दाघुम्दै राजुले यो नियात्रा संस्मरण लेखेका छन् । मस्तिष्कमा आफूले देखेका पर्यटकीय स्थलहरू भरिभराउ पार्छन् ।

'अजात शत्रु र बिम्बिसार कारागार' शीर्षकको संस्मरणमा बुद्धले यस पहाडमा रहेर धेरै महत्त्वपूर्ण उपदेश दिएका थिए भन्ने मान्यता रहिआएको हुनाले यस स्थानसँग गौतम बुद्धको अगाध सम्बन्ध रहेको अनुमान लगाउन लगाउन सकिन्छ । जापानको बुद्ध संघले अनेकौं पहाडका थुम्काहरू मध्येको एउटा थुम्कोमा अर्थात्


टुप्पोमा विशाल शान्ति स्तूप बनाएका रहेछन् । यो स्तूपसम्म पुग्न केबुलकारको प्रबन्ध पनि गरेको देखियो भनेर उनले लेखेका छन् । ईश्वर मन्दिर र तीर्थहरूमा मात्र बस्दैनन् । प्रस्तुत नियात्राका भित्री भागहरू हेर्ने हो भने लेखक राजुले मान्छेभित्र ईश्वरको खोजी गरेका छन् । पितृको रूपमा पूर्वजको सम्मान गरेका छन् । उनको यो कृति निकै पठनीय छ ।

'बाबाधामको ठेलमठेल' शीर्षकभित्र भारतका अनेकौँ धार्मिक स्थलहरूमा जस्तै यहाँ पनि लालमोहरिया नेपाली झन्डा रहेछन् । जब हामी मन्दिर प्राङ्गणमा प्रवेश गऱ्यौँ, हामीलाई नेपाली लालमोहरिया पण्डाले पच्छ्याइहाले । मन्दिर प्राङ्गणमा खचाखच भीड जम्मा भइसकेको थियो भनेर उनले लेखेका छन् । 'समुद्रको पहिलो स्पर्श' शीर्षकभित्र बिहान झिसमिसेमै गंगासागर स्नान गर्ने गंगासागरको तटतर्फ सोझियौँ । तटमा अनगिन्ती तिर्थालुहरूको जमघट भैसकेको रहेछ । तीर्थयात्रीहरूको लामै लाइनको पुच्छरको खोजीमा अगाडि बढ्दै बढ्दै नियात्राकार जान थालेका रहेछन् । 'भगवान् ब्रम्हाको दर्शन' शीर्षकभित्र पुष्कर भारतको सबैभन्दा पुरानो शहर रहेछ । अजमेरको उत्तरपश्चिममा अवस्थित यो शहर राजस्थानमा आउने भक्तजनहरूलाई मात्र नभै पर्यटकहरूलाई समेत मनपर्ने गन्तव्य भएको जानकारी पाइयो भनेर लेखिएको छ ।

'चुरोटको लतले निम्त्याएको परिवेश' शीर्षकभित्र कन्याकुमारीबाट मिनाक्षी देवीको मन्दिर रहेको स्थान मदुरै पुग्न ३५ किलोमिटरको यात्रा गर्नुपर्ने देखियो । रामेश्वरबाट कन्याकुमारी गएकै राजमार्ग हुँदै हामी फर्किँदै थियौँ । करिब आधा घण्टापश्चात् बसले मदुरैको बाटो समायो यो राजमार्ग नौलो थियो भनेर राजुले लेखेका छन् । 'आरामदायी बास/मन्त्रमुग्ध कन्याकुमारी' शीर्षकभित्र कन्याकुमारी जाने अनगिन्ती राजमार्गहरू मध्येको कुनै एक राजमार्ग हामीले पच्छ्यायौँ । हामीले पच्छ्याएको राजमार्गको दूरी ३०९ किलोमिटर भएको गुगलले देखायो भनेर राजुले लेखेका छन् ।

नियात्रा साहित्य पछिल्लो समय नेपाली साहित्यमा धेरै लेखिने विधामध्ये पर्छ । नियात्रा कृतिको चाङमा अर्को नियात्रा कृति थपिनु साहित्यमा दृष्टिले त्यति महत्त्वपूर्ण होइन तर त्यो नियात्रा कृतिले ल्याएको पृथकता र स्तरियताले भने समग्र नेपाली साहित्यकै लागि महत्त्वपूर्ण स्थान राख्छ । नियात्राकार राजुको यस नियात्राकृतिले पनि परम्परित नियात्रा लेखनभन्दा पृथक् रहेर केही नवीन प्रयोगहरूलाई आत्मसात् गरेको छ । नियात्राकार स्वयम् नियात्राको नायक हुने हुनाले नियात्राकारको वैयक्तिक स्वभाव र रूचिको प्रभाव नियात्रामा पर्नु स्वाभाविक नै हो । आजको समयमा यात्रा वृत्तान्तका लेखहरू निकै देखिन थालेका छन् कतै निबन्धको रूपमा

भेटिन्छन् भने कतै घुमन्ते कथाको रूपमा । पाठक आफूले नटेकेको ठाउँ, आफ्नो आँखाले नदेखेको दृष्य लेखकको वर्णनबाट त्यहाँ पुग्न सक्ने र देख्न सक्ने रहेछ । सबैले सबै ठाउँ घुम्ने र देख्ने कुरा पनि सम्भव हुँदैन । त्यसैले यात्रा वृत्तान्त पढ्दा आफैँ त्यो ठाउँ पुगेजस्तो लाग्नु स्वाभाविकै हो ।




यात्राले पाठकलाई त्यहीँ पुऱ्याउन सकिने गर्विलो भावना उमार्दो रहेछ । नेपाली साहित्यको निबन्ध विधामा पर्ने यो यात्रा वृत्तान्त सबै पाठकले पढ्नै पर्छ । यसमा लेखकको आफ्नै अनुभूति स्वाद छ । उनको निजी भावना जताततै छरिएको छ । लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् । यात्राहरू पेचिला र पुष्टकारी प्रतीत हुन्छन् । अन्त्यमा समग्र रूपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ । यस्तै अन्य कृतिहरू पढ्न पाइरहने अपेक्षा गर्दछु ।

| | | |
|---|---|---|
| लेखक | : | **राजु शर्मा** |
| कृति | : | **'गन्तव्यतिर' (यात्रा संस्मरण)** |
| प्रकाशन | : | **विद्युतकर्मी साहित्यिक समाज** |
| मूल्य | : | रू. ३०० ।– |
| पहिलो संस्करण | : | **वि.सं. २०८० फाल्गुण** |
| पृष्ठ | : | **१०२** |

# विद्युतकर्मी साहित्यिक समाजको 'स्रष्टासँग परिसंवाद' कार्यक्रम सम्पन्न

नेपाल विद्युत प्राधिकरण, विद्युतकर्मी साहित्यिक समाजले मिति २०८१/०५/०२ गते आइतबार 'स्रष्टासँग साहित्यिक परिसंवाद' कार्यक्रम सम्पन्न गरेको छ ।

क्यानडाबाट जन्मभूमि नेपाल आएका साहित्यकार कुसुम ज्ञवाली (नेपाल विद्युत प्राधिकरणका पूर्वइन्जिनियर एवम् विद्युतकर्मी साहित्यिक समाजका प्रथम निर्वाचित कार्यसमितिका सहसचिव) र विद्युतकर्मी साहित्यिक समाज परिवार बीच बागबजारस्थित युनिटी फुड क्याफेमा साहित्यिक साक्षात्कार भएको हो ।

अनौपचारिक र अन्तरक्रियात्मक शैलीमा करिब दुई घन्टासम्म सञ्चालन भएको सो कार्यक्रममा अतिथि स्रष्टा कुसुम ज्ञवालीका साथै भाषा आयोगका माननीय सदस्य एवम् विद्युतकर्मी साहित्यिक समाजका सल्लाहकार मातृका पोखरेल, विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू –कुलप्रसाद पराजुली, केशवप्रसाद रूपाखेती, विष्णुबहादुर सिंह, वीरेन्द्रकुमार पाठक, पुण्यप्रसाद घिमिरे र रामेश्वर राउत 'मातृदास', सोही संस्थाका पूर्वउपाध्यक्ष राजु शर्मा, पूर्वसचिव मन्जुलाल श्रेष्ठलगायतका महानुभावहरूको सक्रिय सहभागिता रहेको थियो ।

त्यसै गरी विद्युतकर्मी साहित्यिक समाज सातौं कार्यसमितिका पदाधिकारीहरू–कृष्णदेव रिमाल 'शब्दसेना', शारदादेवी भट्टराई पोखरेल, विष्णु आचार्य 'अतृप्त', शारदा पराजुली, मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी पौडेल, बलराम पुडासैनी, रीता चालिसे खनाल, भोला शर्मा, रामराजा ओझालगायतको समेत उक्त कार्यक्रममा उपस्थिति रहेको थियो ।

सो अवसरमा भेला भएका सहभागीहरूले नेपाली साहित्यको स्तरीकरण र अन्तर्राष्ट्रियकरणका साथै नेपाली भाषाको मानकीकरण र आधुनिकीकरणमा सम्बद्ध पक्षहरूले खेल्नुपर्ने र खेल्न सक्ने भूमिकाका बारेमा छलफल र अन्तरक्रिया गरेका थिए ।

कार्यक्रमका विशेष वक्ता कुसुम ज्ञवालीले आस्तिक षड्दर्शन (महर्षि पतञ्जली प्रणित योगदर्शन, महर्षि कपिल प्रणित सांख्यदर्शन, महर्षि गौतम प्रणित न्यायदर्शन, महर्षि कणाद प्रणित वैशेषिकदर्शन र महर्षि व्यास प्रणित वेदान्तदर्शन) र बौद्ध चार्वाकादि नास्तिक दर्शनको महत्त्वमाथि प्रकाश पार्दै विदेशमा पुगेपछि पूर्वीय दर्शनको आवश्यकता



आफूलाई अझै खड्किएको बताए । उनले नयाँ पुस्ताले पनि विश्व साहित्यमा देखिएका पात्रहरूमध्ये महाभारतका मुख्य पात्र कृष्णको चरित्रलाई अतुलनीय ठान्ने गरेको दृष्टान्त सो समारोहमा प्रस्तुत गरेका थिए । जीवन्त साहित्य रचना गर्न आञ्चलिक भन्दा विश्वजनीन सारवस्तुलाई कलामय ढङ्गले साहित्यमा समेट्न सक्नु पर्ने धारणा समेत उनले सो कार्यक्रममा राखेका थिए ।

सो समारोहमा मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना'ले नेपाली र नेपालमा बोलिने अन्य विभिन्न भाषाका साहित्यिक रचनालाई विश्वका प्रतिष्ठित भाषामा अनुवाद गर्ने संस्थागत प्रयासको अपरिहार्यता औंल्याए । उनले यसप्रकारको अन्तरक्रिया, भेटघाट र छलफलले विश्वसाहित्य र नेपाली साहित्यलाई जोड्ने सेतुको कार्य गर्न सक्नेमा आफू विश्वस्त रहेको धारणा समेत व्यक्त गरेका थिए ।

सो अवसरमा अतिथि स्रस्टा कुसुम ज्ञवाली, साहित्यकार मातृका पोखरेल, विद्युतकर्मी साहित्यिक समाजका पूर्वपदाधिकारी तथा वर्तमान सातौं कार्यसमितिका पदाधिकारीबीच विश्व साहित्यको स्तर, नेपाली साहित्यको अवस्था, नेपाली साहित्यको स्तरवृद्धि गर्न अवलम्बन गर्नुपर्ने उपाय, नेपालमा देखिएको युवा पलायनको समस्या, आदिका बारेमा परिसंवाद भएको थियो ।

सो अवसरमा विद्युतकर्मी साहित्यिक समाजको साहित्यिक प्रकाशन 'अमरज्योति', चेरव स्मृति प्रतिष्ठानको साहित्यिक प्रकाशन 'हिमाद्रि, पुण्यप्रसाद घिमिरेकृत नियात्रा सङ्ग्रह 'पछाडि फर्केर हेर्दा', विष्णु आचार्य 'अतृप्त'को कवितासङ्ग्रह 'घर फर्कने तिर्खा' लगायतका पुस्तकहरू अतिथि सर्जक कुसुम ज्ञवालीलाई हस्तान्तरण गरिएको थियो ।

गुल्मीमा जन्मिएका फणिन्द्र ज्ञवालीको साहित्यिक उपनाम कुसुम ज्ञवाली हो । उनी दक्ष इन्जिनियर त हुँदै हुन्, यसका साथै साहित्य लेखन र सम्पादनका साथै सञ्चारकर्ममा पनि त्यत्तिकै सक्रिय व्यक्ति हुन् । उनले साहित्य सन्ध्या, जनसाहित्यिक मञ्च, विद्युतकर्मी साहित्यिक समाजलगायतका संघ संस्थाहरूमा आबद्ध भएर काम गरिसकेका छन् ।

# नेपाल विद्युत प्राधिकरणमा कविता प्रतियोगिता सम्पन्न

नेपाल विद्युत प्राधिकरणले आफ्नो ३९औँ वार्षिकोत्सव मनाउने सिलसिलामा मिति २०८१/०४/२५ गते शुक्रबार प्राधिकरण स्तरीय खुला कविता प्रतियोगिताको आयोजना गरेको छ ।

३९ औँ वार्षिकोत्सव अतिरिक्त क्रियाकलाप उपसमिति अन्तर्गतको कविता प्रतियोगिता संचालन उपसमितिले संयोजन गरेको सो कार्यक्रम नेपाल विद्युत प्राधिकरण, प्रधान कार्यालयस्थित रूफटप हलमा संचालन भएको हो ।

कवि एवम् हास्यव्यङ्ग्यकार चट्याङ मास्टरको प्रमुख आतिथ्य तथा विद्युतकर्मी साहित्यिक समाजका उपाध्यक्ष एवम् कविता प्रतियोगिता सञ्चालन उपसमितिका संयोजक शारदादेवी भट्टराई पोखरेलको अध्यक्षतामा सञ्चालित सो प्रतियोगितात्मक कार्यक्रममा विभिन्न भावभूमिका चालीस वटा कविताहरू प्राप्त भएका थिए ।

प्रतियोगी कविका कवितालाई कवित्रय– ठाकुर बेलवासे, बलराम दाहाल र बिना थिङको निर्णायक मण्डलले मूल्याङ्कन गरी नतिजा सार्वजनिक गरेको थियो।

सो प्रतियोगितामा अनिल पौडेलको 'आजित उद्घोष' कविताले प्रथम स्थान हासिल गरेको थियो भने सागर ज्ञवालीको 'मूल्य', विमला खडका बि.सी.को 'मेरो देश रोइरहेछ', मेघमणि गौतमको 'कविताको पुकार' र दिनेश शर्माको 'नोलाइट इन्चार्ज' शीर्षकका कविताहरूले क्रमशः द्वितीय, तृतीय, चतुर्थ र सान्त्वना स्थान हासिल गर्न सफल भएका थिए ।

कविता प्रतियोगिताको कार्यक्रमका बीच विद्युतकर्मी साहित्यिक समाजको नियमित प्रकाशन "अमरज्योति साहित्यिक त्रैमासिक" को ६३ औँ अङ्क (वार्षिकोत्सव कविता विशेषाङ्क) समेत लोकार्पण गरिएको थियो । कार्यक्रममा मन्तव्य राख्दै प्रमुख अतिथि कृष्ण मुरारी गौतम (चट्याङ मास्टर) ले प्राधिकरणका कर्मचारीहरूले इन्जिनियरिङ दक्षतासँगै साहित्य लेखन कौशलको समेत समानान्तर अभ्यास गरेकोमा खुशी व्यक्त गरेका थिए ।

उनले बुढ्यौली जीवनका भोगाइजन्य व्यथाहरूलाई समेटेर तयार पारिएको हास्य–व्यङ्ग्यात्मक रचना प्रस्तुत गरेर मञ्चासीन तथा मञ्चाभिमुख सबैलाई भरपुर मनोरञ्जन प्रदान गरेका थिए । सो समारोहमा स्वागत मन्तव्य राख्दै विद्युतकर्मी साहित्यिक समाजका अध्यक्ष कृष्णदेव रिमाल 'शब्दसेना' ले प्राधिकरणको मूल उद्देश्य परिपूर्तिका लागि कर्मचारीमा नवीन सोच र सिर्जनात्मक ऊर्जा थप्न यस्ता कार्यक्रमहरू फलदायी हुनेमा आफू विश्वस्त रहेको धारणा राखेका थिए ।

त्यसै गरी कार्यक्रमकी सभाध्यक्ष एवम् विद्युतकर्मी साहित्यिक समाजकी उपाध्यक्ष शारदादेवी भट्टराई पोखरेलले भौतिकका साथै भावात्मक ऊर्जा उत्पादनमा समेत नेपाल विद्युत प्राधिकरणले जागरूकता देखाएकोमा खुशी प्रकट गर्दै उपस्थित सबैलाई धन्यवाद ज्ञापन गरेकी थिइन् ।




उक्त कार्यक्रममा नेपाल विद्युत प्राधिकरणका उच्च पदस्थ अधिकृत र अन्य साहित्य अनुरागी कर्मचारीहरू, प्रतियोगी कविहरू, आधिकारिक र क्रियाशील ट्रेड युनियनका पदाधिकारीहरू, विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्ष, पदाधिकारी र आजीवन सदस्यहरू, ने.वि.प्रा. का पूर्वकर्मचारीहरू लगायत करिब एक सय पचास जनाभन्दा बढीको उपस्थिति रहेको थियो ।

सो कार्यक्रममा विशेष अतिथि एवम् निर्णायक मण्डलका सदस्यहरू– ठाकुर बेलवासे, बलराम दाहाल र बिना थिङ, ने.वि.प्रा. का निर्देशक थर्कबहादुर थापा, विद्युतकर्मी साहित्यिक समाजका पूर्वअध्यक्षहरू– कुलप्रसाद पराजुली, केशवप्रसाद रूपाखेती, पुण्य घिमिरे तथा रामेश्वर राउत 'मातृदास' ले अप्रतियोगी रचना वाचन गरेका थिए ।

त्यसै गरी ने.वि.प्रा. विद्युतकर्मी साहित्यिक समाज सातौं कार्यसमितिका पदाधिकारीहरू– कृष्णदेव रिमाल 'शब्दसेना', विष्णु आचार्य 'अतृप्त' र बलराम पुडासैनी, अतिरिक्त कृयाकलाप उपसमितिका सदस्य चतुर्भुज गौतमलगायतका स्रष्टाहरूले समेत सो समारोहमा अप्रतियोगी रचना वाचन गरेका थिए ।

उक्त कार्यक्रमका प्रमुख अतिथि एवं निर्णायक मण्डलका सदस्यहरूलाई कार्यक्रमको अन्त्यमा ने.वि.प्रा.का निर्देशक थर्कबहादुर थापा (शिशिर थापा) ले मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रम पूर्वनिर्धारित समयभन्दा केही ढिलो सुरू भएर करिब तीन घन्टासम्म सञ्चालन भएको थियो । सो कार्यक्रमलाई विद्युतकर्मी साहित्यिक समाजका सचिव एवम् कविता प्रतियोगिता सञ्चालन उपसमितिका सहसंयोजक विष्णु आचार्य "अतृप्त" ले सहजीकरण गरेका थिए ।

•

# विद्युतकर्मी साहित्यिक समाज

## संस्थापक कार्यसमिति - २०५६

अध्यक्ष- कुलप्रसाद पराजुली
उपाध्यक्ष- केशवप्रसाद रूपाखेती
सचिव- कृष्णमोहन जोशी
सहसचिव- पुण्यप्रसाद घिमिरे
कोषाध्यक्ष- कमला श्रेष्ठ
सदस्यहरू- गङ्गा अधिकारी,
भगवती प्रसाईं, मातृका पोखरेल,
रमेशप्रसाद तिमल्सिना,
रमेशप्रसाद न्यौपाने,
रामेश्वर राउत 'मातृदास'

## प्रथम कार्यसमिति-२०६२

अध्यक्ष- केशवप्रसाद रूपाखेती
उपाध्यक्ष- मातृका पोखरेल
सचिव- कृष्णमोहन जोशी
सहसचिव - कुसुम ज्ञवाली
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
चण्डिका रायमाझी, दण्डपाणि बस्याल, मञ्जुलाल श्रेष्ठ, मोहनकृष्ण उप्रेती, सरिता शर्मा

## दोस्रो कार्यसमिति २०६४

अध्यक्ष- विष्णुबहादुर सिंह
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - कृष्णदेव रिमाल,
कुसुम ज्ञवाली, भगवती प्रसाईं,
मातृका पोखरेल, विन्दु शर्मा,
यादवराज घले

## तेस्रो कार्यसमिति २०६७

अध्यक्ष- वीरेन्द्रकुमार पाठक
उपाध्यक्ष- गोसाई के.सी.
सचिव- पुण्यप्रसाद घिमिरे
सहसचिव- कृष्णदेव रिमाल
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - मातृका पोखरेल, भगवती प्रसाई, विन्दु शर्मा मञ्जुलाल श्रेष्ठ, दीपक दहाल कौशल भट्टराई, ओमप्रकाश घिमिरे

## चौथो कार्यसमिति २०७०

अध्यक्ष- पुण्यप्रसाद घिमिरे
उपाध्यक्ष- रामेश्वर राउत 'मातृदास'
सचिव- कृष्णदेव रिमाल
सहसचिव- मञ्जुलाल श्रेष्ठ
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू- मातृका पोखरेल, विन्दु शर्मा,
कौशल भट्टराई, यादवराज घले
चण्डिका रायमाझी, शिशिर थापा
कोमलनाथ आत्रेय, शारदा पराजुली

## पाँचौं निर्वाचित कार्यसमिति २०७३

अध्यक्ष- रामेश्वर राउत मातृदास
उपाध्यक्ष- कृष्णदेव रिमाल
सचिव- मञ्जुलाल श्रेष्ठ
सहसचिव- प्रकाश आचार्य
कोषाध्यक्ष- राजु शर्मा
सदस्यहरू - शिशिर थापा, कोमल कौशिक,
मुकुन्दप्रसाद प्रसाईं, सङ्गीता अधिकारी, शारदादेवी भट्टराई,
माधव अधिकारी प्रसून, शारदा पराजुली, दीपा खकुरेल

## छैटौं कार्यसमिति २०७६

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - राजु शर्मा ९८४१४२६४६२
सचिव - प्रकाश आचार्य ९८४१३५४९७२
सहसचिव - यादवराज घले ९८४१३६१६९६
कोषाध्यक्ष - शारदा पराजुली ९८४१३६३३२५
सदस्यहरू:
सङ्गीता अधिकारी ९८४१८२७८३६, विष्णुप्रसाद आचार्य ९८४१५४८४२५, आविष्कार कला ९८५७०३७५८३, बलराम पुडासैनी ९८४१४०५००७, रीता खनाल ९८४१६०२१७२, शारदादेवी भट्टराई ९८४४४७८८३२

## सातौं एवं वर्तमान कार्यसमिति २०७९

अध्यक्ष - कृष्णदेव रिमाल ९८४११९६८८८
उपाध्यक्ष - शारदा भट्टराई पोखरेल ९८४४४७८८३२
सचिव - विष्णुप्रसाद आचार्य ९८४१५४८४२५
सहसचिव - शारदा पराजुली ९८४१३६३३२५
कोषाध्यक्ष - मुकुन्दप्रसाद प्रसाईं ९८४३०५१४५०
**सदस्यहरू:**
सङ्गीता अधिकारी ९८४१८२७८३६
आविष्कार कला ९८५७०३७५८३
बलराम पुडासैनी ९८४१४०५००७
रीता चालिसे खनाल ९८४१६०२१७२
भोला शर्मा ९८४१३३७७७२,
मिमन पुलामी ९८४५९५८४५३

## विद्युतकर्मी साहित्यिक समाज
## आजीवन सदस्यहरूको नामावली

**संरक्षक :**

कुलमान घिसिङ
(कार्यकारी निर्देशक, नेविप्रा)

**सहसंरक्षक:**

मोहनबहादुर कायस्थ ९८५१०१५०३५
विष्णुबहादुर सिंह ९८५१०२१८०९
डम्बरबहादुर नेपाली ९८५१०३५०९४
गोविन्दकुमार के.सी.
बद्रीविनोद ढुङ्गाना
रत्नकाजी तुलाधर
डा. लक्ष्मीभक्त शिल्पकार
लोकमान मास्के
शम्भुप्रसाद उपाध्याय
रामचन्द्र पाण्डेय ९८५१०७२०४८
शेरसिंह भाट ९८५१०३८५४०

**संस्थापक आजीवन सदस्यहरू:**

कुलप्रसाद पराजुली ९८४१६९५०१८
केशवप्रसाद रूपाखेती ९८४१५०३४९७
कृष्णमोहन जोशी ९८४१७१९१४९
पुण्य घिमिरे ९८४१३९०३३३
कमला श्रेष्ठ ९८४१२८९९९८
गङ्गा अधिकारी ९८४६१९९०७
भगवती प्रसाईं
मातृका पोखरेल ९८४१२८१७०५
रमेशप्रसाद तिमिल्सिना ९८४१३९६६६१
रमेशप्रसाद न्यौपाने ९८५१०७२०४८
रामेश्वर राउत 'मातृदास' ९८४१५३८०८०

**आजीवन सदस्यहरू**

१. विष्णुप्रसाद उपाध्याय–
२. रमा पोखरेल–
३. रम्भा शर्मा अधिकारी – ९८४१६८१४७५
४. शान्ता सुवेदी – ०२१-४६०६८८
५. कुमारप्रसाद ओझा – ९८५१०९५३६५
६. चक्रवर्ती गड्तौला– ९८५१९६८७६१
७. चिरन्तनविक्रम राणा – ९८५१०१८८४४
८. देवराज प्रसाईं – ९८५१०८५६५१
९. मोहनकृष्ण उप्रेती – ९८५१०००७२२
१०. उत्तमकुमार घिमिरे – ९८४१२८६२६७
११. भुवनचन्द ठकुरी – ९८०१००२००२
१२. रामप्रसाद अधिकारी–
१३. अच्युत नेपाल – ९८४१३४४३२०
१४. अर्जुनकुमार चौहान – ९८५११०६१०७
१५. कौशल भट्टराई – ९८४१४४७१९०
१६. दण्डपाणि बस्याल – ९८५१०१८२४३
१७. डिल्लीरमण दाहाल– ९८४१३४९८५४
१८. गौरीमान कडरिया–
१९. बद्रीनाथ रोक्का–
२०. बेलप्रसाद शर्मा – ९८४१४११६४४
२१. मातृका बजिमय – ९८४३६६९०५१
२२. सरिता शर्मा–
२३. काशिराम शर्मा – ९८५१०६१३२७
२४. नगेन्द्रमणि ढकाल–
२५. विष्णुप्रसाद आचार्य – ९८४१५४८४२५
२६. कुसुम ज्ञवाली –
२७. केशवराज पन्त –
२८. चिरञ्जीवी शर्मा–
२९. टङ्क श्रेष्ठ– ९८५११२३३९३
३०. ध्रुवराज भट्टराई–
३१. रमापति पराजुली – ९८४२०२७७५६
३२. विन्दु शर्मा – ९८४१८८०२२३
३३. शान्तिलक्ष्मी शाक्य – ९८५१०५४३६०
३४. हरिहरमान पालिखे–
३५. प्रकाशजङ्ग राणा–
३६. राष्ट्रभूषण प्रधान – ९८५१०८५१६४
३७. कृष्णदेव रिमाल – ९८४११९६८८८
३८. कौशिला देवान– ९८४१७९१०७९
३९. वीरेन्द्र पाठक – ९८४१२७८६५८
४०. सरोज अर्याल – ९८४६०८८२३१
४१. यादवराज घले – ९८४१३६१६९६
४२. उषा सिंह – ९८४१३४२७७७
४३. मञ्जुलाल श्रेष्ठ– ९८०३०३०३८६
४४. देवेन्द्रकुमार अधिकारी– ९८४६११९१७४
४५. कृष्णप्रसाद पौडेल – ९८४१८३५६८५
४६. राजु शर्मा – ९८४१४२६४६२
४७. रीता खनाल – ९८४१६०२१७२

४८. भानुभक्त भट्टराई - ९८४९३६५९९७
४९. सुभाष दाहाल - ९७५१००८२२६
५०. सिन्धु यादव-
५१. नवराज भट्ट-
५२. रङ्गराज सिंखडा-
५३. भोजराज पौडेल-
५४. अनिरूद्रप्रसाद यादव - ९८४१५०२३५८
५५. हरिकृष्ण शाह - ९८४१३०३४२२
५६. कोमलनाथ आत्रेय - ९८४१३९०१९३
५७. दीपक दाहाल - ९८४९१७४७९९
५८. आर. आर. चौलागाई - ९८४५३५१०००
५९. कृष्णहरि दाहाल - ९८५११९९००२
६०. गोसाईं के.सी. - ९८५१०१२२५३
६१. मधुकर थापा -
६२. ओमप्रकाश घिमिरे - ९८४१६३५९१९
६३. सुजाता थापा - ९८४१३८९४३१
६४. दीपकराज आचार्य -
६५. गङ्गालाल श्रेष्ठ-
६६. राजकुमार रमण - ९८४१२३४३५३
६७. उमा घिमिरे - ९८४१९३२५४२
६८. महामनचन्द्र खनाल ९८४१५९८३३१
६९. समीरा नेपाल-
७०. दीपक ढकाल - ९८४३८४८८९५
७१. शङ्कर खड्का- ९८४१४४९८५३
७२. कालिकाप्रसाद पनेरू ९८४१८१८२५७
७३. प्यारू राणा - ९८४१२१६५४९
७४. बद्री प्र. न्यौपाने ९८४२०३३५८६
७५. वसन्तप्रसाद पन्थी ९८४९१०५३३३
७६. वसन्तकुमार द्विवेदी - ९८४१३१५४५३
७७. मञ्जिलमान श्रेष्ठ- ९८०८३४९४६४
७८. गोविन्दप्रसाद पौडेल - ९८५११९०६७५
७९. कोमल कौशिक - ९८४१४८९०५५
८०. इन्द्रप्रसाद न्यौपाने - ९७५१००२४१६
८१. विश्वम्भर भण्डारी - ९८४१५३५५१२
८२. दुर्गा प्रसाद पोखरेल - ९८४१४०६४६७
८३. जुजुकाजी रञ्जित - ९८५११०४५६७
८४. केशवराज वाग्ले-
८५. राजु के.सी. - ९८४१४०२७३५
८६. चण्डिका रायमाझी - ९७४१०१८८३४
८७. मनोरञ्जन मल्ल ठकुरी - ९८४१४०२८३६
८८. तारादत्त भट्ट - ९८५११२८६९८
८९. शारदा पराजुली - ९८४१३६३३२५
९०. ओमप्रकाश भट्ट - ९८४८०२४९६५
९१. कपिलदेव महतो - ९८४१२७२७६६
९२. थर्कबहादुर थापा - ९८४१२२४९३९
९३. इन्दिरा पौडेल -
९४. शारदादेवी भट्टराई - ९८४४४७८८३२
९५. तुलसीमेहर श्रेष्ठ- ९८१०३६३९३०
९६. टीकाराज कार्की- ९८५१०६९५६८
९७. प्रकाश आचार्य - ९८४१३५४९७२
९८. पूर्ण कुमार चौहान - ९८४१७३७००४
९९. पुष्प ढुङ्गाना- ९८४१४२४३७०
१००. उत्तमप्रसाद रिमाल - ९८४१५४८३९३
१०१. शिव राई - ९८५१२३१३८१
१०२. सङ्गीता अधिकारी- ९८४१८२७८३६
१०३. सुदर्शन भट्टराई - ९८४१२२८४५९
१०४. सुशीला लामा - ९८४१४२५७३४
१०५. रीता श्रेष्ठ- ९८१८२५६८४६
१०६. ध्रुवकुमार उप्रेती - ९८५१०३६७७६
१०७. चूडामणि आचार्य - ९८४१६०२४९६
१०८. चतुर्भुज गौतम - ९८४८६१३८८९
१०९. इन्दिरादेवी दाहाल - ९८४१४०४७४७
११०. अङ्ग खड्का 'अनुप' - ९८४९४४७४८९
१११. बलराम पुडासैनी - ९८४१४०५००७
११२. केदारराज सिलवाल - ९८५१०९४४५९
११३. भरतकुमार खड्का - ९८५१०३४६७५
११४. भोला शर्मा - ९८४१३३७७७२
११५. उर्मिला शर्मा - ९८४१०५५९५८
११६. चेवन काफ्ले-
११७. मुकुन्दप्रसाद प्रसाई - ९८४३०५१४५०
११८. बलराम चौलागाई - ९८४९२३५४९६
११९. मनोज सिंह - ९८०३७६७०१३
१२०. सम्पूर्णा खनाल - ९८४९९२८४१७
१२१. कैलाशमान श्रेष्ठ-

१२२. कृष्णकान्त पण्डित - ९८४१७६२९४०
१२३. देवीमाया दाहाल - ९८४१३३३७९४
१२४. निर्मला सुवेदी - ९८४१५८२८५८
१२५. ध्रुवराज न्यौपाने - ९८४६०६५२०६
१२६. लक्ष्मण रेग्मी - ९८५११८८२५४
१२७. देवराज घिमिरे-
१२८. बोधनाथ रिमाल - ९७६१००२५५७
१२९. गोविन्दप्रसाद अर्याल - ९८४१५४८३७८
१३०. कल्पना कोइराला - ९८४१८०३२००
१३१. थीरकुमार खत्री - ९८४१५७०९२२
१३२. सोमराज शाह - ९८४१०२७९२७
१३३. सङ्गीता कार्की - ९८४१७४९३४९
१३४. शोभा थापा- ९८४१८६५९०४
१३५. रामशरण उप्रेती - ९८४१३०६६७८
१३६. प्रदीपकुमार कटुवाल- ९८४१२९९५७१
१३७. उमेशकुमार पुडासैनी- ९८५११३०४२१
१३८. दुर्गा काफ्ले - ९८४१५१०५४७
१३९. प्रशून अधिकारी - ९८५११६६८१०
१४०. रामहरि गौतम - ९८५११०९६६३
१४१. भूमिनन्द अर्याल - ९८४५४६०५२
१४२. मदन तिम्सिना - ९८५११९८३४५
१४३. हरराज न्यौपाने - ९८४१२९२२५०
१४४. राजेन्द्र मिश्र - ९८४३०५२९४५
१४५. तोमलाल सुवेदी - ९८४१४७५२८७
१४६. मनोज सिलवाल - ९८६८४१२३८८
१४७. कृष्णकुमारी बस्याल - ९८४१७३२२७१
१४८. रमेश पौडेल- ९८४१२५३१८६
१४९. जयराज भण्डारी - ९८४१२४२६५५
१५०. शम्भु बस्नेत - ९८५१०७४००४
१५१. हरिहर बराल - ९८४१३०५२४२
१५२. केदार प्र. धिताल - ९८५११५६०६२
१५३. शिव अधिकारी- ९८५१०४५८३६
१५४. राजेन्द्र मानन्धर - ९८४१२५९९५७
१५५. अजय दाहाल- ९८५११७८२३२
१५६. सुरेन्द्र सिंखडा - ९८४१३१९५२६
१५७. रघुनाथ अधिकारी - ९८४१०६५२४३
१५८. वीरेन्द्र कँडेल - ९८५११८६०४७
१५९. यमुनाप्रसाद भट्टराई - ९८४१७३४१४३
१६०. नरेन्द्रप्रकाश श्रेष्ठ- ९८५५०७२१००
१६१. रविप्रसाद गुरागाई - ९८४१३२०३१०
१६२. मणिराज नेपाल - ९८५१०४००५६
१६३. दीपा खकुरेल - ९८४१४४८५३०
१६४. मैया थापा - ९८४११८४४०३
१६५. सागर ज्ञवाली - ९८५११४०२३०
१६६. शम्भु बस्नेत - ९८५१०७४००४
१६७. राजेशकुमार राजथला - ९८५११५९६५९
१६८. देवेन्द्र अधिकारी - ९८४६११९१७४
१६९. ममता वली खरेल - ९८४१३४४७२७
१७०. देवकी उप्रेती त्रिपाठी- ९८४१८७८७९८
१७१. टेकनाथ तिवारी - ९८५११७२२२२
१७२. राजेन्द्रकुमार आचार्य - ९८४१४१८४७६
१७३. सुनीलकुमार महतो - ९८५४०३०७३३
१७४. हरिवीर सिलवाल - ९८५१०७१६७७
१७५. सुरेन्द्रबहादुर पाण्डे - ९८५१०९८५६३
१७६. प्रेमराज कोइराला - ९७४५००७६६६
१७७. नरेश मैनाली - ९८४१४४९०१५
१७८. विकास चित्रकार - ९८४१३६११८९
१७९. सृजना ख्याजु- ९८४१९२३५३३
१८०. विजयप्रसाद दास- ९८६०८०७३८१
१८१. कपिल मिश्र - ९८४११२८०९३
१८२. नलिनी ज्ञवाली - ९८४१६८५९८२
१८३. रीता बस्नेत - ९८६००१३५६१
१८४. सरस्वती अर्याल - ९८४१०००५३१
१८५. दण्डपाणि गौडेल- ९८४१२६१६६६
१८६. दीपक भण्डारी - ९८५११२४४८६
१८७. प्रमिला चौधरी - ९८४११९४७०७
१८८. वसन्तराज नेपाल - ९८५११५०७२२
१८९. विष्णुप्रसाद आचार्य - ९८६०११९७११
१९०. चन्द्रकला निरौला - ९८४१९२६०८१
१९१. आनन्द सुवेदी- ९८४१९७४४५५
१९२. जगदीश शर्मा लामिछाने - ९८४१५०१६०९
१९३. अम्बिका खत्री - ९८४१५६२६९७
१९४. प्रकाश पराजुली - ९८४३७२२०९५
१९५. सुभाष पाण्डे - ९८४९०३३७६२

१९६. विकास पुडासैनी - ९८५१०३१०९६
१९७. मातृकाप्रसाद सँग्रौला - ९८४२६३३४६६
१९८. सरोज श्रेष्ठ- ९८५१२०२५२५
१९९. यादवप्रसाद न्यौपाने - ९८५११२३२४५
२००. अम्बिका घिमिरे - ९८४१५१६०७१
२०१. जमुनाकुमारी खड्का - ९८४१६६४९१८
२०२. ऋतु श्रेष्ठ - ९८५११७४०६८
२०३. लक्ष्मीप्रसाद मिश्र - ९८५११४७४१७
२०४. प्रोमिशा मिश्र - ९८४९८२९६९९
२०५. जनक महत - ९८४१४६३८१३/५५७४४४३
२०६. रमेश खड्का - ९८५१०७२२२२
२०७. लक्ष्मण घिमिरे - ९८५११८६९७३
२०८. केदारप्रसाद पाण्डे - ९८४१३६५४९०
२०९. आविष्कार कला - ९८५७०३७५८३
२१०. सुभद्रा कोइराला - ९८४९७५३२३२
२११. विमला खड्का - ९८४६०९६७५७
२१२. पङ्कज राना - ९८४७१९४६०
२१३. जमुना पोखरेल - ९८४१८४७२१३
२१४. रीता खत्री - ९८४९१०३९९४
२१५. लोकहरि लुइँटेल - ९८९११०५४६६
२१६. गङ्गा सापकोटा - ९८४७५५४१०८
२१७. प्रकाश कुँवर - ९८४१२६१८२४
२१८. रामप्रसाद पोखरेल - ९८४१९५४८६६
२१९. तीर्थराज न्यौपाने - ९८४३१५०४९०
२२०. समीरप्रसाद पोखरेल - ९८५११६८२१४
२२१. लोकेन्द्र बहादुर साउद - ९८५१०९९१३३
२२२. अञ्जु कटुवाल - ९८४१२५०७६६
२२३. सरिता डङ्गोल - ९८४१५०२९१२
२२४. खेमराज भण्डारी - ९८५१२४००७७
२२५. सरोज घिमिरे - ९८४१५४८०७२
२२६. हरिप्रसाद अधिकारी- ९८५२०२८४५२
२२७. वीरेन्द्र कुमार झा - ९८५२०२४९४०
२२८. सरोज कुमार श्रेष्ठ- ९८४२०९८६९२
२२९. आनन्द नेपाल - ९८५२०२४६४५
२३०. उज्ज्वलराज नेपाल- ९८५२०३२६१८
२३१. विनोद सुवेदी - ९८४१३०८३९६
२३२. रमेशप्रसाद घिमिरे - ९८५२०३१०७९
२३३. निर्मला शर्मा - ९८४१५४८७२५
२३४. हरिप्रसाद घिमिरे - ९८४१८२१४९२
२३५. राजेन्द्र कोइराला - ९८४१२९२०६०
२३६. शेरजङ्ग कार्की- ९८५११८८८५८
२३७. सुरेन्द्रजङ्ग थापा - ९८५१०४११८८
२३८. राजनप्रसाद प्याकुरेल - ९८४१७००७७०
२३९. तुलाराम गिरी - ९८५११६८२१९
२४०. राजनऋषि कँडेल - ९८४१३४५४२३
२४१. महेश्वर सत्याल - ९८५१०९३१७०
२४२. अनिता बजगाईं - ९८४१६८६३४८
२४३. नागेन्द्रकुमार यादव - ९८५२०३९७०१
२४४. हरिबोल हुमागाई - ९८४११७४८७१
२४५. चाँदनी बि.क. - ९८४७१०७२१४
२४६. राजन पालुङ्गा - ९८४१३७३७७६
२४७. दिनेश शिवाकोटी - ९८४५०१२४६७
२४८. नारायण रेग्मी - ९८५११४७४५४
२४९. सागर शिवाकोटी ९८४१७८१२६४
२५०. उमा न्यौपाने - ९८१३६३६७९०
२५१. मिमन पुलामी ९८४४५९४२३६
२५२. राजन फुयाँल -
२५३. शमशेरबहादुर न्हुच्छे प्रधान
२५४ निरबहादुर भण्डारी - ९८४१३२७४७२
२५५. राजु भण्डारी -९८४६०१०४५५
२५६. जयराम आचार्य - ९८५११३१६९३
२५७. मान्चु कुमारी श्रेष्ठ ९८४१८६५०१५
२५८. ध्रुवराज प्रसाई - ९८४१६०२९२६
२५९ मिलन मनुवा दाहाल - ९८५१०१७३९०
२६०. नारायणप्रसाद रिजाल - ९८५६०४९४६१
२६१. सुरेन्द्र पोखरेल - ९८४१०६१७५४
२६२ नारायणप्रसाद आचार्य - ९८४१७२७३९३
२६३. मधुकर बस्नेत - ९८४१७९०७४८
२६४. रवीन्द्रजङ्ग पाण्डे - ९८५१०३४६४२
२६५. हरिबहादुर थापा ९८४९००२१२३
२६६. सुमनराज मानन्धर ९८४९३९३१६९
२६७. तेजकान्त उपाध्याय - ९८५५०३१९६४
२६८. रञ्जित शाह ९८४९१२४५९०
२६९. विवेक तिम्सिना - ९८५११९९२७३
२७०. सरस्वती केसी - ९८४१८२७७५१
२७१. दीपकराज श्रेष्ठ, ९८४१०९५८७९

२७२. दीपक चौधरी, ९८५११-६२६५०
२७३. गजेन्द्रप्रसाद श्रेष्ठ, ९८४१-३६८५९९
२७४. सरोज श्रेष्ठ, ९८४५०२९६३
२७५. विश्वनाथ लामिछाने, ९८४९५८३३०१
२७६. मीना श्रेष्ठ, ९८४४०६२१४३
२७७. श्रीलाल सुवाल, ९८४१६०४९७७
२७८. सुनिता खड्का, ९८४५०३०९९९
२७९. उपेन्द्र सिंह, ९८४१३०००२६
२८०. प्रेमचन्द्र ठाकुर, ९८४१४५८०१३
२८१. आशिषरत्न शाक्य, ९८४९६२४९८५
२८२. सुलोचना आचार्य, ९८४१८६१८१९
२८३. एलिना कार्की, ९८४३४७३६५९
२८४. अम्बरबहादुर राई, ९८४६७४५४७२
२८५. मधुराम व्यञ्जनकार, ९८५११६६६३४
२८६. इन्दिरा शिवाकोटी, ९८४१५६३३२२
२८७. सोबित थपलिया, ९८४१८९८७२३
२८८. अनिल पुडासैनी, ९८४१४४६५६५
२७९. शोभा दर्लामी, ९८४९१२८४५७
२९०. शिवप्रसाद रिमाल, ९८४१३६७७५८
२९१. विष्णुप्रसाद देवकोटा, ९८५१३२०८३७
२९२. सुनिलकुमार पूर्वे, ९८४४५२६९१६
२९३. रामप्रवेश कुशवाहा, ९८४५१८६३०६
२९४. भक्ती चौलागाईं, ९८६५१५४३९८
२९५. छविलाल अधिकारी, ९८५६०४१९९९
२९६. बबिता पौडेल, ९८४६१३४६०२
२९७. सूर्यप्रसाद पौडेल, ९८४६०७८२२४
२९८. राजु बराल, ९८५६०४६४०८
२९९. लक्ष्मी आचार्य, ९८४६२४७९२१
३००. कृष्णप्रसाद ढकाल, ९८४६३६५१५९
३०१. निरोज पौडेल, ९८५११९१९२६
३०२. कवीन्द्रकुमार झा, ०९६८२१४६४२
३०३. सन्तबहादुर कुँवर, ९८५६९६१८०
३०४. परितोशकुमार चौधरी, ९८४११३३०४५
३०५. राजेन्द्रनाथ पौडेल, ९८४६०३७५०५
३०६. दिलकुमारी श्रीस, ९८४६२०१९२५
३०७. भीमकुमारी श्रीस, ९८४७६१३३३३
३०८. अर्जुन तिवारी, ९८४६०९७६४२
३०९. रामचन्द्र अधिकारी, ९८५६०३२४७२
३१०. अनिल अर्याल, ९८४६१२२६०२
३११. किशोर घिमिरे, ९८५७०६६६८१
३१२. कृष्ण घर्ती (कृष्णा), ९८४७६२३३८७
३१३. सुदिप पौडेल, ९८४६१९९१०४
३१४. गङ्गाप्रसाद शाह, ९८४४०९७५३४
३१५. सुशीला श्रेष्ठ, ९८४६०६१४६०
३१६. शिवेन्द्र यादव, ९८४६८६४१२३
३१७. नमराज रिमाल, ९८४०७३९१७५
३१८. विकास चौधरी, ९८५६०३११९१
३१९. किरण चौधरी, ९८४६९४०५०३
३२०. कृष्णप्रसाद पौडेल, ९८४१३७३५८१
३२१. कृष्णप्रसाद पोखरेल, ९८४७९२९३०७
३२२. सन्तोष गौतम, ९८४१३७८९५१
३२३. शारदाप्रसाद भट्टराई (वशिष्ठ बन्धु), ९८४९९३८१८६
३२४. लीलाकुमारी अर्याल, ९८५१२३२१९६
३२५. सुरेन्द्रकुमार के.सी., ९८५१२०५६२९
३२६. लीलाराज भट्टराई, ९८४२२८०१५२
३२७. युवराज न्यौपाने, ९८५११५२३५४
३२८. पेमा डुम्रे, ९८४६५४६०२९
३२९. खगेन्द्र अधिकारी, ९८४२३१६४७६
३३० कविता पोखरेल सुवेदी, ९८४९६७८४४७
३३१. राजु भट्टराई, ९८४१०३७६२०
३३२. तारादेवी धमला, ९८४१०२५४६५
३३३. लोकेन्द्रबहादुर चन्द, ९८५११८२७५६
३३४. दामोदर काफ्ले, ९८४२३४१२२२
३३५. निलम मरासिनी, ९८४९०७९८५३
३३६. कृष्णकुमार श्रेष्ठ, ९८४९०२१६७०
३३७. सञ्जीव रेग्मी, ९८४१९९१९९२
३३८. अनिल पौडेल, ९८५१०३७०५७
३३९. राजुबाबु पाण्डे, ९८०८९४५६५७
३४०. देवीमाया कोइराला, ९८४३३९९१७३
३४१. राजुप्रसाद तिमल्सिना, ९८४६४९०६७५
३४१. कमलराज ओझा, ९८४८४३९१८१
३४२. रामराजा ओझा, ९८४१९१५७०५
३४३. सुरज रेग्मी, ९८५११३५०७७
३४४. रवीन्द्र शाह, ९८४५२९७०२८
३४५. सुजित घिमिरे, ९८५६०४८५२०
३४६. टीकाराम पौडेल, ९८५१३१५९२१
३४७. खिलराज राई, ९८४२८४७१८६
३४८. सूर्यराज ढुङ्गाना, ९८४१५४९५९८

## विमोचित एवम् प्रकाशित कृतिहरू

| | | | | |
|---|---|---|---|---|
| १. | बूढो साउन र खडेरी | २०६७ | केशव रूपाखेती | विमोचन/प्रकाशन |
| २. | गर्भे सुवेदार | २०६८ | पुष्पनाथ शर्मा | विमोचन/प्रकाशन |
| ३. | दृष्टिविहीन सत्ता | २०६९ | पुण्य घिमिरे | विमोचन/प्रकाशन |
| ४. | यथार्थ प्रतिविम्ब | २०७० | मञ्जुलाल श्रेष्ठ | प्रकाशन |
| ५. | हस्ताक्षर विश्लेषण | २०७१ | मोहनकृष्ण उप्रेती | विमोचन |
| ६. | परदेशतिर | २०७२ | मोहनकृष्ण उप्रेती | विमोचन/प्रकाशन |
| ७. | अतीतको पोको | २०७२ | भुवनचन्द ठकुरी | प्रकाशन |
| ८. | सम्झनाका झिल्काहरू | २०७३ | विष्णुबहादुर सिंह | विमोचन/प्रकाशन |
| ९. | आखरको आरन | २०७३ | कृष्णदेव रिमाल | विमोचन/प्रकाशन |
| १०. | बेथिति बिस्कुन | २०७४ | मञ्जुलाल श्रेष्ठ | विमोचन/प्रकाशन |
| ११. | ऊर्मिलाको व्यथा | २०७४ | हरिप्रसाद अधिकारी | विमोचन/प्रकाशन |
| १२. | नागरिकता | २०७४ | राजु शर्मा | विमोचन/प्रकाशन |
| १३. | प्रकाशगृहका स्रष्टा | २०७४ | कुलप्रसाद पराजुली | विमोचन/प्रकाशन |
| १४. | अनुग्रह | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १५. | अनुकम्पा | २०७४ | वीरेन्द्र पाठक | विमोचन |
| १६. | अथक साहित्यसाधक मोहनबहादुर कायस्थ | २०७६ | वाई. आर. घले | विमोचन/प्रकाशन |
| १७. | 'घर फर्कने तिर्खा' | २०७९ | विष्णु आचार्य 'अतृप्त' | विमोचन/प्रकाशन |
| १८. | पछाडि फर्किएर हेर्दा | २०७९ | पुण्यप्रसाद घिमिरे | प्रकाशन |
| १९. | सागरदेखि सागरसम्म | २०७९ | हरिप्रसाद अधिकारी | प्रकाशन |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित व्यक्तित्वहरू

| | |
|---|---|
| १. कुलप्रसाद पराजुली | २०६७ |
| २. मोहनबहादुर कायस्थ | २०६८ |
| ३. पुष्पनाथ शर्मा | २०६९ |
| ४. विष्णुबहादुर सिंह | २०७० |
| ५. कृष्णमोहन जोशी | २०७१ |
| ६. केशव रूपाखेती | २०७२ |
| ७. वीरेन्द्र पाठक | २०७३ |
| ८. पुण्य घिमिरे | २०७४ |
| ९. मोहनकृष्ण उप्रेती | २०७५ |
| १०. भुवनचन्द ठकुरी | २०७५ |
| ११. मातृकाप्रसाद सङ्ग्रौला | २०७५ |
| १२. पुष्कर पुरी | २०७५ |
| १३. जुजुकाजी रञ्जित | २०७६ |
| १४. देवेन्द्र अधिकारी (दुःखी माइला) | २०७६ |
| १५. कमला श्रेष्ठ | २०७७ |
| १६. आर.आर. चौलागाईं | २०७८ |
| १७. मातृका पोखरेल | २०७९ |
| १८. रमेशप्रसाद न्यौपाने | २०७९ |
| १९. मञ्जुलाल श्रेष्ठ | २०८० |
| २०. गङ्गा अधिकारी | २०८० |
| २१. राजु शर्मा | २०८१ |
| २२. शान्ता भट्टराई सुवेदी | २०८१ |
| २३. उपेन्द्र शिवाकोटी (कला सम्मान) | २०८१ |
| २४. रूद्र ब.पालुङ्वा (सङ्गीत सम्मान) | २०८१ |

## 'अमरज्योति साहित्य सम्मान' बाट सम्मानित संस्थाहरू

१. शारदा साहित्यिक मासिक, काठमाडौँ २०८०

२. साहित्य सन्ध्या, काठमाडौँ, २०८०

३. साहित्य सङ्गम, मकवानपुर, २०८०

४. दायित्व वाङ्मय प्रतिष्ठान, काठमाडौँ, २०८०

५. प्युठान साहित्य परिषद्, प्युठान, २०८०

६. नुवाकोट साहित्य प्रतिष्ठान, नुवाकोट, २०८०


सस्तोमा विजुली दिँदै नेपाल विद्युत प्राधिकरण ।
उच्च उत्पादकत्वका लागि कृषिमा आधुनिकीकरण ।।
नेपाल विद्युत प्राधिकरण
स्थापित-२०४२
NEPAL ELECTRICITY AUTHORITY
ESTD. 1985
नेपाल विद्युत प्राधिकरण
'उज्यालो नेपालको संवाहक'

मेरो धर्ती, मेरो मात्रै आकाश भन्यो भने
प्रकृतिको दोहनलाई विकास भन्यो भने
साझा घर हो, सहँदैन प्रकृतिले पनि
आफ्नो मात्रै समस्याको निकास भन्यो भने ।

–डा. ऋषि बस्ताकोटी

